
साउन १८, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

नयाँ अन्दाजमा नवीन



# छाडा संसद्

मूल्य रु. २५



भास्वर ओझा

समय

राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक ११७,साउन १२–१८, २०६३

**आवरण :** प्रधानमन्त्री कोइरालाले माओवादीसँग उचित समयमा वैकल्पिक व्यवस्थाका साथ संसद् भंग गरिने आश्वासन दिएका छन् । तर, संसद् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विषयमा उदासीन रहँदा त्यसको निरन्तरताको औचित्य सावित गर्न प्रधानमन्त्रीलाई कठिन भएको छ । २६




आवरण : प्रतिनिधिसभा भवन

*तस्वीर: भस्वर ओझा*

## विशेष रिपोर्ट

अब मेलम्ची फेरि सुचारु होला ? ३२

## रिपोर्ट

कमैया आन्दोलनको गति र अवस्था १५
विश्व हिन्दु महासंघको विवाद १६
टेलिफोन तार चोरीको बिगबिगी १८
चिनियाँ विमान आउला कि नआउला ? ४४
भुटानी शरणार्थी समस्या अझै जटिलतातिर ? ४०

## फोटो फिचर

माओवादीको प्रचार अभियान : जनमुक्ति सेना आधार शिविर २०

## शिक्षा

प्रौढको आधुनिक शिक्षा अभियान ४१

## सवस्थ्य

एचआइभी संक्रमित अझै अपहेलित ४२



भास्वर ओझा

**रंग :** नयाँ एल्बमका साथ आए पपगायक नवीन के भट्टराई ५४

सम्पादकीय ........ ५
डाँक ........ ८
समय र नारी ........ ९
टिपोट ........ १०
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८




## समय साता

**साउन ४**

- इजरायल र प्यालेस्टाइनको युद्ध चर्क्यो । त्यहाँ रहेका केही नेपाली सहयोगको प्रतीक्षामा, इजरायली आक्रमणमा ३ सयभन्दा बढी लेवनानीको मृत्यु ।
- भारतद्वारा सिरहा सीमावर्ती क्षेत्रमा बनाइँदै गरेको सीमा बाँध तत्काल रोक्न नेपाल सरकारद्वारा भारतलाई आग्रह ।

**साउन ५**

- सशस्त्र लुटेराहरूद्वारा राजधानीको एक वित्तीय संस्थामा २२ लाख बराबरको धनमाल लुट, लुटेराहरू फरार ।
- भाडादरमा सहुलियतको माग राख्दै पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पस धरानमा विद्यार्थी र यातायात कर्मचारीहरूबीच भएको झडपमा २० घाइते, आठवटा सवारीसाधन ध्वस्त ।

**साउन ६**

- लेवनानबाट दिल्ली हुँदै पाँच नेपाली काठमाडौं आइपुगे ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा शाही सरकारको पालामा हन्डी खाने पत्रकारहरूविरुद्ध छानबिन सुरु ।
- इन्डोनेसियामा आएको सुनामीमा मृत्यु हुनेको संख्या साढे ६ सय ।

**साउन ७ गते**

- काठमाडौंबाट जलवीरेतर्फ गइरहेको बस अरनिको राजमार्गको चनौटेमा दुर्घटनाग्रस्त, २३ को मृत्यु, ३१ घाइते ।
- लेवनानबाट भारतीय सहयोगमा २६ नेपाली स्वदेश फर्के ।
- पूर्वमन्त्रीहरू टंक ढकाल र श्रीसशम्शेर राणाद्वारा पत्रकारहरूलाई पैसा बाँडेको स्वीकार ।

**साउन ८ गते**

- दरवार र सेनाबीच समन्वय गर्दै आएको प्रमुख सैनिक सचिवालय मन्त्रिपरिषद्द्वारा खारेज ।
- सरकारले संयुक्त राष्ट्रसंघलाई पठाएको पत्र एकपक्षीय र गोप्य भएको ठहर गर्दै माओवादीद्वारा राष्ट्रसंघका महासचिवलाई असहमति पत्र प्रषित ।
- पूर्वाञ्चल विश्वविद्यालयका विद्यार्थीहरूद्वारा उपकुलपतिको राजीनामा माग गर्दै शिक्षा मन्त्रालयको मूलगेटमा तालाबन्दी ।

**साउन ९ गते**

- प्रतिनिधिसभाद्वारा सरकारलाई मानवताविरोधी काम गर्नेलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उभ्याउन मिल्ने रोम विधान अनुमोदन गर्न निर्देशन ।
- प्रचण्डले राष्ट्रसंघलाई पठाएको असन्तुष्टि पत्रले शान्तिको बाटो नबिगार्ने इयान मार्टिनको कथन ।

**साउन १० गते**

- नेपालको शान्ति बाहालीमा सहयोगी बन्न नेपाल सरकारले आव्हान गरे अनुसार संयुक्त राष्ट्रसंघको तीन सदस्य टोली काठमाडौंमा ।
- सरकारद्वारा लेवनान र इजरायलमा कामदार पठाउन प्रतिबन्ध ।



पुरस्कृत–

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
फोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# आयोगको नियत र क्षमतामा प्रश्न

## सम्पादकीय

**रायमाझी आयोगको** कार्यकाल धमाधम थपिँदै छ। र, आयोगले कार्यसञ्चालनको जुन शैली अपनाइरहेको छ, त्यसबाट के देखिन्छ भने उसका लागि अझ ७-८ महिनाको कार्यावधि आवश्यक पर्न सक्छ। तर, आश्चर्यको कुरा, उसको स्पष्ट हैसियत खुल्न सकेको छैन- ऊ न्यायिक आयोग या राजनीतिक आयोग के हो भन्नेबारे। यद्यपि, जनआन्दोलनताका सत्ता, शक्ति र राज्यकोषको दुरुपयोगबारे छानबिन गरी कारबाहीका लागि सिफारिस गर्न सरकारले उक्त आयोग गठन गरेको तथ्य प्रतिनिधिसभामार्फत सार्वजनिक भएको छ।

सर्वोच्चका पूर्व न्यायाधीश हरिप्रसाद शर्मादेखि पूर्व सभामुख तारानाथ रानाभाट अनि १९ दिनको जनआन्दोलनपूर्व नै पद गुमाएका कयौं शाही मन्त्रीहरूलाई समेत आयोगले बोलाएर बयान लिएको छ। एकातिर आयोगलाई हाउगुजी बनाएर सुरक्षानिकायहरूमा अपारदर्शी शैलीमा निलम्बन र बढुवाजस्ता सरकारद्वारा गरिएका कामहरूलाई समेत सुधार गर्न आयोग उदासीन तथा असमर्थ देखिएको छ भने अर्कोतिर अनावश्यक र असान्दर्भिक व्यक्तिहरूलाई वयानका लागि बोलाएर ऊ उपहासको पात्र बनिरहेको जनअनुभूति हुन थालेको छ। यसैबीच आयोगका एकजना सदस्यले सरकारबाट अपारदर्शी शैलीमा अनुदान हासिल गरेको तथ्य सार्वजनिक भएको छ। आयोग या उसका कुनै सदस्यले शंकाको घेराभित्र र हेर काम गर्नु उचित हुँदैन। हो, आयोगका सदस्यहरूको छनोटमा अध्यक्षको कुनै भूमिका थिएन। तर, अहिले यो विवाद उत्पन्न भएपछि आयोगले निष्पक्ष रुपमा काम गर्न नसक्ने थप वातावरण सिर्जना भएको छ। त्यसबारे आयोगका अध्यक्षको मौनता सम्पूर्ण आयोगको र विशेषगरी अध्यक्षको लाचारी मानिनेछ। लाचार आयोगबाट न्याय अपेक्षा गर्न सकिँदैन।


कृष्णजंग रायमाझी
समय

यस्ता किसिमका आयोगहरूलाई अन्तर्राष्ट्रियजगत्ले पनि सूक्ष्म रुपमा अवलोकन गरिरहेको हुन्छ। शाही शासनमा गठित भक्तबहादुर कोइराला आयोगले बाह्य मान्यता नपाएको तथ्यलाई वर्तमान सरकार र रायमाझी आयोगले बिर्सनु हुँदैन।

खासगरी सत्ता र शक्तिको दुरुपयोग तथा भ्रष्टाचारजस्ता विषयमा छानबिन गर्न गठित आयोग निष्पक्ष, कार्यकारिणीबाट स्वतन्त्र र न्यायोचित हुनाका साथै पारदर्शी प्रक्रिया र व्यवसायिक धर्मप्रतिको प्रतिबद्धता सर्वसाधारणलाई आश्वस्त गर्न सक्ने हुनुपर्छ। त्यसका साथै आरोपित या वयानका लागि बोलाइएका व्यक्तिहरूबाट पनि आयोगको नियत जाँचिने गर्छ।

यस सन्दर्भमा आयोगले कर्फ्यु उल्लंघनका लागि गोली चलाउने केही प्रहरी अधिकृत र दमनको आदेश दिने र सरकारी ढुकुटीबाट 'पत्रकार' तथा अन्यलाई आन्दोलन दबाउन पैसा बाँडेको आरोपमा केही मन्त्रीहरूसँग वयान लिएको छ। यस सन्दर्भमा आयोगले राज्यसञ्चालनमा कर्फ्युको आवश्यकता पर्छ पर्दैन ?, त्यसको उल्लंघन भएमा के गरिनुपर्छ ? र, राज्य ढुकुटीको खर्चमा त्यसको तजबिजी उपयोगसम्बन्धी अधिकारबारे वर्तमान सरकारसँग पनि सोधपुछ गर्नु वाञ्छनीय हुनेछ। किनकि नीतिगतरूपमा 'कर्फ्यु' पद्धतिलाई स्वीकार गर्ने कुनै पनि सरकारले त्यसको उल्लंघन भएमा 'गोली' हान्ने सिद्धान्तलाई अमल गरी नै रहनेछ। रायमाझी आयोगले अत्यन्तै संवेदनशील र जटिल विषयमा हात हालिसकेको छ। र, त्यो चुनौतीलाई उसले कत्तिको पूरा गर्न सक्छ ? यो एउटा महत्त्वपूर्ण पक्ष हो। तर, उसको विचलनले आयोगको क्षमता र नियतलाई सार्वजनिक वहसको विषय बनाएको छ। ■




## समय साता

**साउन ४**

- इजरायल र प्यालेस्टाइनको युद्ध चर्क्यो । त्यहाँ रहेका केही नेपाली सहयोगको प्रतीक्षामा, इजरायली आक्रमणमा ३ सयभन्दा बढी लेवनानीको मृत्यु ।
- भारतद्वारा सिरहा सीमावर्ती क्षेत्रमा बनाइँदै गरेको सीमा बाँध तत्काल रोक्न नेपाल सरकारद्वारा भारतलाई आग्रह ।

**साउन ५**

- सशस्त्र लुटेराहरूद्वारा राजधानीको एक वित्तीय संस्थामा २२ लाख बराबरको धनमाल लुट, लुटेराहरू फरार ।
- भाडादरमा सहुलियतको माग राख्दै पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पस धरानमा विद्यार्थी र यातायात कर्मचारीहरूबीच भएको झडपमा २० घाइते, आठवटा सवारीसाधन ध्वस्त ।

**साउन ६**

- लेवनानबाट दिल्ली हुँदै पाँच नेपाली काठमाडौं आइपुगे ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा शाही सरकारको पालामा हन्डी खाने पत्रकारहरूविरुद्ध छानबिन सुरु ।
- इन्डोनेसियामा आएको सुनामीमा मृत्यु हुनेको संख्या साढे ६ सय ।

**साउन ७ गते**

- काठमाडौंबाट जलवीरेतर्फ गइरहेको बस अरनिको राजमार्गको चनौटेमा दुर्घटनाग्रस्त, २३ को मृत्यु, ३१ घाइते ।
- लेवनानबाट भारतीय सहयोगमा २६ नेपाली स्वदेश फर्के ।
- पूर्वमन्त्रीहरू टंक ढकाल र श्रीसशम्शेर राणाद्वारा पत्रकारहरूलाई पैसा बाँडेको स्वीकार ।

**साउन ८ गते**

- दरवार र सेनाबीच समन्वय गर्दै आएको प्रमुख सैनिक सचिवालय मन्त्रिपरिषद्द्वारा खारेज ।
- सरकारले संयुक्त राष्ट्रसंघलाई पठाएको पत्र एकपक्षीय र गोप्य भएको ठहर गर्दै माओवादीद्वारा राष्ट्रसंघका महासचिवलाई असहमति पत्र प्रषित ।
- पूर्वाञ्चल विश्वविद्यालयका विद्यार्थीहरूद्वारा उपकुलपतिको राजीनामा माग गर्दै शिक्षा मन्त्रालयको मूलगेटमा तालाबन्दी ।

**साउन ९ गते**

- प्रतिनिधिसभाद्वारा सरकारलाई मानवताविरोधी काम गर्नेलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उभ्याउन मिल्ने रोम विधान अनुमोदन गर्न निर्देशन ।
- प्रचण्डले राष्ट्रसंघलाई पठाएको असन्तुष्टि पत्रले शान्तिको बाटो नबिगार्ने इयान मार्टिनको कथन ।

**साउन १० गते**

- नेपालको शान्ति बाहालीमा सहयोगी बन्न नेपाल सरकारले आव्हान गरे अनुसार संयुक्त राष्ट्रसंघको तीन सदस्य टोली काठमाडौंमा ।
- सरकारद्वारा लेवनान र इजरायलमा कामदार पठाउन प्रतिबन्ध ।



पुरस्कृत–




## अर्थमन्त्रीको नियत उदाङ्ग

'विष भित्र्याउन सहुलियत' (*समय* वर्ष ३, अंक ११६) समाचार पढेपछि अर्थमन्त्री डा. रामशरण महतको नियत स्पष्ट भएको छ । आम जनताको स्वास्थ्यजस्तो गम्भीर विषयमा पनि खेलवाड गर्ने अर्थमन्त्रीबाट देशले कस्तो अपेक्षा गर्ने ? खतरनाक किसिमका रासायनिक पदार्थको प्रयोगले वातावरणमा मात्र होइन, जनताको स्वास्थ्यमा पनि गम्भीर प्रभाव पार्ने गर्छ । त्यतिमात्र होइन मेरो विचारमा वातावरणमा प्रभाव पर्नाले विश्वसम्पदा सूचीमा परेका सम्पदाहरूलाई समेत प्रभाव पार्ने हुन्छ ।

जनताले ज्यानको बाजी राखेर बनाइदिएको अर्थमन्त्रीले जनताको स्वास्थ्यलाई कुनै ख्याल नगरी विष भित्र्याउन सहुलियत दिएर आफ्नो पुरानै प्रवृत्ति देखाएका छन् । अर्थमन्त्रीले आर्थिक पक्षमात्र हेर्ने होइन, हरेक पक्षमा ध्यान दिन जरुरी छ । विष भित्र्याउनका लागि पूर्ण प्रतिबन्ध लगाउने हिक्मत देखाउन नसके पनि भन्सार करमा वृद्धि गरिदिएको भए कमसेकम राजस्व त वृद्धि हुने थियो ।

■ **सञ्जीव बगाले**
कलंकी-१४, काठमाडौं

## समाधान हुनैपर्छ



श्यामसुन्दर यादव

देशको जल्दोबल्दो समस्या नागरिकताका बारेमा वकालत गरेकोमा धन्यवाद छ (*समय* वर्ष ३, अंक ११६) । मुलुकमा लोकतन्त्र ल्याउन नागरिकता पाएकाको मात्र भूमिका रहेको छैन । नागरिकता पाउन नसकेकाको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । लोकतन्त्रका लागि उनीहरूको पनि ठूलो योगदान छ । यसमा कसैको दुईमत छैन । तर, जब अधिकारको कुरा आउँछ अनि नागरिकता नपाएकाहरूको बारेमा वकालत गर्न अधिकारवालाहरू सधैं हिचकिचाउँछन् ।

मुलुक अहिले संविधानसभा निर्वाचनका लागि पाइला अगाडि बढाइरहेको अवस्था छ । तर, एकातर्फ हजारौं नागरिकहरू नागरिकता नपाएर अनागरिक भएर बसिराखेका छन्, उनीहरूका लागि योभन्दा ठूलो समस्या अरू के हुन सक्छ ? राज्य व्यवस्थाले पहिले आफ्ना सबै नागरिकहरूलाई कसरी नागरिकता बाँड्ने भन्ने कुरा छिनोफिनो गर्न सक्नुपर्छ । अन्यथा नेपाली हुँदाहुँदै पनि नागरिकताबाट वञ्चित रहन पुगेकाहरू आन्दोलनमा होमिन बाध्य हुनेछन् ।

■ **राजेश्वरी शर्मा**
पुल्चोक इन्जिनियरिङ क्याम्पस, काठमाडौं
श्रीमन्नारायण यादव, सर्लाही
हाल : काठमाडौं

## मागीखाने भाँडो नबनुन् कमैया

समयमा छापिएको मुक्त कमैयाको बारेको रिपोर्टले ध्यानाकर्षण गऱ्यो (*समय* वर्ष ३, अंक ११६)। यिनै कमैयाका बारेमा भन्दै अहिलेसम्म मुलुकमा करोडौं पैसा भित्रिसकेको छ । तैपनि, यो समस्याले बिट मार्ने छाँट देखिएको छैन ।

सरकारले समेत बाँडेका आश्वासन त्यसै खेर गएको देख्दा कति वर्षौंसम्म पनि हामीले यिनै कमैयाकै बारेमा लेखिरहनु पर्ने र बोलिरहनु पर्ने त होइन भन्ने शंका उत्पन्न भएको छ । यही अवस्था कमैयाहरूले भोगिरहनु पर्ने हो भने उनीहरूलाई मुक्ति दिलाउनुको के औचित्य रह्यो र ? यसतर्फ सरकारले ध्यान दिएर सोच्न जरुरी भइसकेको छ ।

■ **विनोदकुमार झा**
सानोठिमी, भक्तपुर

समय वर्ष ३, अंक ११६ मा प्रकाशित कमैयासम्बन्धी समाचार पढ्दा साह्रै खल्लो लाग्यो । ६ वर्षअघि उनीहरूलाई मुक्त घोषणा गरिए पनि अहिलेसम्म तिनीहरूलाई सरकारले कबोल गरेअनुसारको कुनै चिज उपलब्ध गराउन सकेको छैन । कुनै गृहकार्य नगरी त्यत्तिकै घोषणा गर्दैमा त्यसको अर्थ रहँदैन भन्ने कुरा कमैयाको घटनाले प्रस्ट हुन्छ । न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति हुने जोहो गरिदिएर यस्तो घोषणा गरेको भए यो समस्या पुनः देखा पर्दैनथ्यो ।

मुक्त कमैयाहरूलाई त घर न घाटको बनाएर छोडियो । मुक्ति त दिइयो, तर गरी खाने उपाय केही सुझाइएन । यस्तो अवस्थामा उनीहरूका अगाडि केही विकल्प रहेन । उनीहरूले यस्तो अवस्थामा आफ्ना माग लिएर काठमाडौं आएका मुक्त कमैयाहरूबाट थाहा हुन्छ कि उनीहरू थुप्रै पीडा र वेदनाका साथ राजधानी आएका छन्, उनीहरूको समस्या समाधान गर्नेतर्फ सम्बन्धित सबै पक्षको ध्यान जानु जरुरी छ ।

■ **शंकर चौधरी**
पाताभार, बर्दिया

## गजल

मस्त लुट निद्राबाट जागिसक्यो राजतन्त्र
जनमनबाटै छेउ लागिसक्यो राजतन्त्र

परम्परा धान्नै पऱ्यो, रक्तपात, लुटपाट
अत्याचारका सबै सीमा नाघिसक्यो राजतन्त्र

बन्दुकले नि छेकेन खै आक्रोशका ज्वालाहरू
छिः छिः दुरदुर घृणा गाली चाखिसक्यो राजतन्त्र

एकै चोटि बज्रेपछि लाखौंलाख मुट्ठीहरू
अस्तित्वका लागि भीख मागिसक्यो राजतन्त्र

बादशाहका संगीन आखिर झुके जनतासामु
ठाडो पुच्छर लगाउँदै भागिसक्यो राजतन्त्र

■ **मोहन पाण्डेय**
बीरघा, स्याङ्जा

## लाजमर्दो राजनीति

'पुरानै माफिया सक्रिय' (समय वर्ष ३, अंक ११६) भन्ने खेलकुदको समाचार पढ्दा अचम्म लागेर आयो । यसमा कसैको दुईमत हुन सक्दैन कि खेलकुद जगत्लाइ राजनीतिभन्दा टाढा राख्नु पर्छ भन्ने कुरामा । तैपनि, नेपाली खेलकुदमा सधैं राजनीतिक आक्रमण हुने गरेको छ ।

जनताको योगदानबाट बनेको सरकारले समेत खेलकुदभित्र रहेको माफियालाई थचार्न नसकेको देख्दा भने अचम्म लागेर आयो । अन्तर्राष्ट्रिय खेलकुद क्षेत्रलाई हेर्ने हो भने त्यहाँ कहिल्यै खेलकुदमा राजनीति भएको पाइँदैन । तर, नेपालको परिस्थिति भने अचम्मको छ । के सधैं राजनीतिको खिचातानीमा हर्कनुपर्ने देशका खेलाडीहरूले अन्तर्राष्ट्रिस्तरको खेल खेलून् भन्ने सपना पाल्नु बेकार होइन र ?

■ **अनिश शाह,**
राजविराज,
हाल : सातदोबाटो, ललितपुर

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

# राष्ट्रिय भावनाले प्रेरित भाषा संग्रामी चन्द्रकला

■ सुलोचना मानन्धर

**राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय अस्तित्वको महत्त्व सानैदेखि बुझ्छिन् उनी । देशबाहिरै बसेर पनि आफ्नो देशलाई अत्यतै माया गर्छिन् ।**

'तपाईंलाई थाहा छ आफ्नो देशविना बाँच्न कति गाह्रो हुन्छ !'

म बुझ्नसम्म सक्छु दिदी- देशविना, देशभन्दा बाहिर बस्नुको पीडालाई...' यसरी कुराकानीको अन्तरंगमा पस्छौं हामी । आफ्नो देशप्रतिको प्रेम, राष्ट्रिय अस्तित्वलाई आफ्नै हृदयमा जगाइराख्न निकै लामो समय, जीवनको महत्त्वपूर्ण अंशलाई 'नेपाल' र 'नेपाली भाषा' भन्दै आसाममा भाषा संग्राममा लडेकी चन्द्रकला यही राष्ट्रिय भावनाले गर्दा नै प्रधानबाट नेवार बन्छिन् ।

चन्द्रकला नेवारलाई हाम्रो नेवार समुदायले कतिको आफ्नो अंश वा आफन्त बनाएका छन्- त्यो मलाई थाहा छैन । तर, उनी आफू 'नेपाली हुँ' र 'नेवार' थर हो भन्दा गर्व मान्छिन् ।

चन्द्रकलाको जन्म सन् १९४२ मा भारतको आसाम राज्यमा भएको थियो । उनका पिता भक्तबहादुर प्रधान भारतको मुक्ति संग्रामी थिए । भारत स्वतन्त्रताको निम्ति त्याग, तपस्या र संघर्षका निकै कठिन बाटो पार गरेका थिए । उनी जन्मेर एक वर्ष पूरा नहुँदै पिताले घरै छोड्नुपर्ने अवस्था आएको, पिताले घर छोड्ने बेला काखको नानी उनलाई बोक्दै आमा कुमारी प्रधान पनि पिताको पछि लागेको र अनेकौं दुःख-सास्ती भोगेको कथा आमाबाट पछि सुनेकाले पनि हुनसक्छ सानैदेखि न्यायको निम्ति लड्ने भावना जाग्छ उनमा । राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय अस्तित्वको महत्त्व सानैदेखि बुझ्छिन् उनी । देशबाहिरै बसेर पनि आफ्नो देशलाई अत्यतै माया गर्छिन् । सन् १९७५ मा पहिलो चोटि नेपाल आएर फर्कंदा बाटोभरि रोएकी थिइन् । त्यति बेला कसले जानोस् र उनी देशलाई कति माया गर्छिन् भनेर !

नेपाली भाषा, नेपाली पुस्तक भनेपछि हुरुक्क हुन्छिन् । त्यसैले आफू हुर्केको जगत्मा पनि नेपाली भाषाको मान्यता दिलाउन उनी दिलो ज्यान दिएर लाग्छिन् । उनले सन् १९८४ देखि २ कार्यकालसम्म अखिल भारतीय नेपाल भाषा समितिको केन्द्रीय उपाध्यक्ष भई भारतमा नै नेपाली भाषाको आन्दोलनलाई नेतृत्व दिन्छिन् ।

उनी बहुआयामिक प्रतिभाकी धनी छिन् । नेपाली गीत, कविता, कथामा मात्र होइन, चित्रकलामा पनि उनको तिखर प्रतिभा छ । उनको स्वर पनि उत्तिकै मीठो छ । उनी गाउँछिन् र संगीत पनि आफैं भर्छिन् । अल इन्डिया रेडियोमा धेरै गीत बज्छन् उनको रचना, स्वर र संगीतमा । त्यसो त उनका मातापिता लगायत सपरिवार नै संगीतप्रेमी र संगीतका ज्ञाता थिए । उनी मात्र होइन, उनका



चन्द्रकला नेवार

तेजबहादुर बस्नेत

बहिनीहरूले पनि रेडियोमा गीत गाएर नाम राखेका छन्, इन्डियामा होस् या नेपालमा ।

आसामकै डा. दिलबहादुर श्रेष्ठसँग मागी विवाह भएको हो १९ वर्षकी हुँदा । आफ्नो भावनालाई बुझ्ने पतिका कारण जीवनमा खुसी थपिरहेकै बेला उनी एक छोरीकी आमा बन्छिन् । आफू संगीतप्रेमी हुनुको कारण आफ्नो सन्तानप्रति मिठो सपना देख्छिन्: छोरीलाई असल गायिका बनाउने, त्यसैले संगीता नाम राख्छिन् । विधिको विडम्बना छोरी एक वर्षकी हुँदा ठेउला र कडा ज्वरोले गर्दा दिमागमा सदाको निम्ति असर पर्छ, छोरी न बोल्छिन् न त हिँड्छिन्... । सुस्त मनस्थितिले गाँजेर सदा ओछ्यानको ओछ्यानमै रहन्छिन् । त्यसपछि अरू पनि सन्तान हुन्छन् । दुई छोरा र एक छोरी । बालबालिकाकै कारण आफूले गर्दै आएको राम्रो दाम र सुविधाको काम छोड्न बाध्य हुन्छिन् । रेडियो र अन्य सामाजिक, साहित्यक र भाषिक कामहरूबाट टाढिनुपर्ने हुन्छ । यो हो महिला पिछडिनुको सत्य र मार्मिक कथा । यो कथा बुझ्न 'महिला हृदय'कै आवश्यकता पर्छ 'पुरुष' हृदय लिएर लिएर कदापि बुझ्न सकिँदैन । एउटी आमा हुनु धर्ती हुनु हो । सामान्य एक गृहिणी र आमा भएर दैनिक जीवन अगाडि बढाउँछिन् । संगीतालाई मात्र ३२ वर्ष स्याहार्छिन् ।

आमाको कोसिस, सपना र प्रतिभाका कारण बाँकी ३ सन्तान भने राम्रोसँग हुर्किन्छन् । अर्की छोरी सुजाताले आमाको संगीतमोह पूरा पनि गरिदिन्छिन्, सबै खाले संगीत अध्ययन गरेर । तर, बाबुको इच्छा पनि पूरा गर्दै उनी डाक्टर बन्छिन् । अझ दुई छोराहरूमा पनि त्यो प्रतिभा छ । पढाइ र पेसामा राम्रो गर्दै अब त हुर्केर उच्च शिक्षा र कामको निम्ति विदेश पुगेका छन्, तीनै सन्तानहरू । भित्तामा सजाइएका छोरा संजयका सुन्दर चित्रहरू देखाउँदै आत्मसन्तुष्टिको भाकामा अभिव्यक्ति दिन्छिन्, 'बच्चाहरूलाई मैले चित्र कोर्न पनि सिकाएँ नि ।'

२०२२ मा 'ममता' कथासंग्रह निस्कन्छ । नेपाली भाषाप्रेमीहरूको बीचमा फैलिन्छ । जस्तै विकट परिस्थितिमा पनि उनी सृजनामा लागिरहन्छिन् । भाषा संघर्षको बैठकमा धाइरहन्छिन्, यस्तै क्रममा 'चक्रव्यूह' कविता संग्रह, 'तृष्णाका लहरी' गीत संग्रह, 'चन्द्रकला नेवारका नेपाली गीतहरू' (गीत एल्बम) आदि कृतिहरू निस्कन्छन् । सन् १९९२ देखि त नेपालमै बसोवास गर्न थाल्छिन् । उनको संघर्षको कथा सुन्दा लाग्छ जीवन सजिलो छैन । तर, पनि उनको चाहना र इच्छाशक्ति अनि प्रतिभाका कारण उनले थुप्रै व्यवधानहरू नाघेर पनि आफूलाई एक सक्षम नारीको परिचय दिएकी छन् । उनको संघर्षका कारण उनका पति डा. डिबी श्रेष्ठले समेत हैरान खेप्नु पर्‍यो, उनलाई एक ठाउँमा लगातार काम गर्न नै दिँइदैनथ्यो, धेरैपल्ट सरुवा भइरहन्थ्यो । यो पनि एउटा थप व्यवधान खेप्नुपर्‍यो उनले ।

भखरै जस्तो निस्केको नयाँ कृति 'याशिलालाई मेरो आज' कविता संग्रह खास त आफ्नी सानी नातिनी याशिलाको सम्बोधनमा लेखेकी हुन् । कान्छा छोरा र बुहारीकी पहिलो सन्तान याशिला मात्र २४ दिनकी हुँदा छोराबुहारी दुवै स्विडेन पढ्न जानुपर्ने हुन्छ र ती सानी नातिनीको समेत जिम्मा लिएर उनी एक धर्तीजस्तै महिला र आमा भएकी छन् । यसरी जिम्मेवार हजुरआमा भईकन पनि फेरि दोस्रो कथा संग्रह 'साँगुरो धरातल' पनि निकाल्दै छिन् उनी ।

रेडियो सगरमाथाको संगीत सरोवरमा पुरानो गीतहरू सुन्न बस्दा एउटा ज्यादै मिठो गीत सुन्न पुग्छु - कति मिठो गीत भन्ने मनमा लाग्दै गर्दा चन्द्रकला नेवारको रचना, स्वर र संगीत भन्ने सुन्दा लाग्छ - धन्य चन्द्रकला दिदी !

उनी त धर्ती भईकन आकाश जस्तै फैलिएकी छन्, आफैं गीत भईकन संगीत हुँदै मान्छेको हृदय हृदयमा पसेकी छन् । ■

# श्याम शरणको सक्रियता र सन्देश

**भारतका विदेश** सचिव श्याम शरणको नेतृत्वमा दक्षिण एसियाली मुलुकहरू (सार्क)मा कार्यरत भारतीय कूटनीति नियोग प्रमुखहरूको बैठक काठमाडौंमा सम्पन्न भयो। दुईदिने उक्त बैठक सिद्धान्ततः भारतको विदेशनीतिको आन्तरिक परिवृत्तमा भए पनि त्यस्तो बैठक मुलुकबाहिर पहिलोपल्ट हुनु र त्यो काठमाडौंमा आयोजित हुनुका पछाडि अनेकौं अडकलबाजी भएका छन्।

त्यसमा पनि शनिवार नेपाल आएलगत्तै शरणको राजनीतिक भेटघाटको तीव्रता र आकारले नेपालको वर्तमान राजनीतिक परिस्थिति र द्वन्द्वको सूक्ष्म अध्ययन तथा लेखाजोखाकै लागि मुख्यतया बैठक थलो काठमाडौं चुनिएको अडकलबाजी यहाँ हुन थालेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला लगायत सबै दलका नेताहरू, परराष्ट्रमन्त्री तथा माओवादी नेतृत्वसँग पनि अलग अलग अन्तरसंवाद गर्न भ्याएका शरणले एउटा सन्देश दिएका छन्, 'भारतको नेपाल नीति उनको नेतृत्वमा रहेको 'साउथ ब्लक'ले गर्छ, कम्युनिस्ट नेता सीताराम येचुरी या भारत सरकारका अन्य निकायले हैन।'

वास्तवमा शनिवारको आगमनपछि र



बुधवार दिल्ली प्रस्थापनपूर्वका शरणका सबै नास्ता तथा बिहान बेलुकाका भोजनहरू नेपाली पक्षसँगै भएकाले पनि नेपाल मामिला नै भारत सरकारको ठूलो चासो भएको स्पष्ट थियो।

उनको सन्देश स्पष्ट थियो - सात दल गठबन्धनले माओवादीप्रति झन्डै पूरा समर्पणको नीति अपनाएको छ। अन्तरिम सरकारमा उनीहरूको प्रवेश हतियार व्यवस्थापन विना भएमा त्यसले हिंसात्मक राजनीतिलाई नेपाल सीमा बाहिर पनि वैधानिकता दिनेछ।

माओवादीले यो सन्देशप्रति कस्तो प्रतिक्रिया दिए थाहा हुन सकेको छैन। तर, प्रधानमन्त्री कोइरालाले शरणको चासोलाई सकारात्मक रूपमा लिएको भारतपक्षको बुझाइ छ। माओवादी र सात दलबीच गत वर्ष दिल्लीमा बाह्र बुँदे समझदारी गराउन भारतको प्रत्यक्ष भूमिका भए पनि राजाको प्रत्यक्ष शासन समाप्त भएको र सात-दल माओवादीबीच वार्ताको प्रसंग सुरु हुँदा परिस्थिति आफ्नो लागि प्रतिकुल हुनसक्ने भारतले देखेको छ।

माओवादी अन्तरिम सरकारमा गएपछि चीनसँग उनीहरूको सम्भावित निकटताले नेपालमा नयाँ शक्ति सन्तुलनको परिस्थिति बन्नसक्ने सम्भावनालाई भारतले अस्वीकार गरेको छैन।

नियोग प्रमुखहरूको बैठक समापन सँगसँगै भारतले प्रधानमन्त्री कोइरालाको भ्रमणताका आश्वासन दिएको करिब १ अर्ब ६ करोड रुपैयाँको सहयोग 'चेक' तुरुन्त प्रदान गर्ने आश्वासन पनि दिएको छ। ■

# चःमती आयोजना खारेजीको माग

**चःमती जग्गा** एकीकरण आयोजना पीडित समूहले उक्त आयोजना खारेजीको माग गरेका छन्। विगत तीन सातादेखि आन्दोलनरत चःमती जग्गा एकीकरण आयोजना पीडित समूहका अध्यक्ष उत्तम मानन्धरको भनाइअनुसार चःमती क्षेत्रमा ३/४ आना जग्गा किनेर बसेका मानिसहरू त आयोजनाको सर्त लागू भएमा विस्थापित नै हुनेछन्।

उनी भन्छन्, 'सुरुमा २६ करोड लगानीमा हुने भनिएको यो आयोजना यति बेला ६२ करोड रुपैयाँको बनाइएको छ। यसमा सरकारको लगानी एक पैसा छैन। सबै पैसा उपभोक्ताबाट उठाउने योजना रहेछ। यसको अर्थ हो, एक मिटर बाटोको योजना भएको ठाउँमा एक आना जग्गाधनीले झन्डै ५० हजार रुपैयाँ तिर्नु पर्छ। योजनाअनुसार ११ मिटर बाटो बन्ने ठाउँमा प्रतिआनाको २ लाख ४२ हजारभन्दा बढी तिर्नुपर्ने हुन्छ। यति रकम तिर्न सक्ने हैसियत हाम्रो छैन।'

'यो स्थानीय बासिन्दासँग पूर्णतः सल्लाह नगरी ल्याइएको आयोजना हो। यो आयोजना २ वर्षमा पूरा हुने कुरा थियो। तर, ४ वर्ष हुँदा पनि यो आयोजना सुरु भएको छैन र हामीलाई धम्क्याउने र तर्साउने काम भइरहेको छ', मानन्धर भन्छन्।

पीडित समूहका उपाध्यक्ष भरत देवकोटाका भनाइमा पूर्वाधार नै नभएका ठाउँमा यस्ता आयोजना सुरु गर्दा ठिकै होला। तर, सम्पूर्ण पूर्वाधार तयार भएको ठाउँमा ती पुराना पूर्वाधारलाई मान्यता नदिई आयोजना बनाउँदा स्थानीय बासिन्दा मर्कामा परेका छन्।

काठमाडौं महानगरपालिकाको १५ र १६ वडाको १३ सय रोपनी क्षेत्रफलमा लागू भएको यो आयोजना डिजाइन गर्दा नै ८ सय ८५ वटा घर बनिसकेका थिए र तिनले आफ्नो क्षेत्रमा आवश्यक पूर्वाधार बनाइसकेका थिए देवकोटा भन्छन्, 'कुनै पनि आयोजना लागू गर्न ७५ प्रतिशत स्थानीय बासिन्दाको सहमति चाहिन्छ, यस्तो सहमति लिइएको छैन। त्यसमाथि विगत तीन सातामा हामीले ४० प्रतिशत मानिसको विरोधको हस्ताक्षर गराइसकेका छौं। यो आयोजनाले भित्र भनेका क्षेत्रका मानिसलाई त यो आयोजनाका बारेमा थाहा नै छैन।' ■




# एनआरएनलाई दोहोरो नागरिकता

**नेपाल सरकारले** गैर-आवासीय नेपाली (एनआरएन)का लागि पहिलोपटक दोहोरो नागरिकताको व्यवस्था मिलाउन लागेको छ। चालू आर्थिक वर्षको बजेटमा उनीहरूका लागि दोहोरो नागरिकता दिने प्रतिबद्धता जनाइएपछि अहिले सरकार उक्त व्यवस्था कार्यान्वयनतर्फ जुटेको छ। महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडे भन्छन्, 'अन्तरिम संविधानमा दोहोरो नागरिकताको व्यवस्था मिलाइन सक्छ।'

खासगरी विकसित मुलुकमा माथिल्लो हैसियतमा रहेका एनआरएनहरूले नेपालको विकास प्रक्रियामा आफूहरूको सहज सहभागिताका लागि दोहोरो नागरिकताको सुविधा पाउनुपर्ने माग सरकारसमक्ष राख्दै आएका थिए। उनीहरूको ज्ञान, प्रविधि, सीप र पुँजी नेपाल भित्र्याउन दोहोरो नागरिकता थप सहयोगी बन्ने धारणा उनीहरूको छ। एनआरएन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पनि पछिल्लो समयमा नेपालीमूलका विदेशी नागरिकलाई दोहोरो नागरिकता उपलब्ध गराउनुपर्ने विषयलाई मुख्य मुद्दा बनाउँदै आएको छ। गत वर्ष नेपालमा सम्पन्न एनआरएन दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी विश्वका प्रायः सबै एनआरएनले आफूहरूलाई दोहोरो नागरिकता दिइनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए। नयाँ आर्थिक वर्षको बजेटमा उनीहरूको आग्रहलाई सरकारले प्राथमिकता दिएपछि उनीहरू हर्षित बनेका छन्। परिषद्का अध्यक्ष डा. उपेन्द्र महतोले यसै साता सरकारलाई पठाएको चिठीमा लेखेका छन्, 'नेपालीमूलका विदेशी नागरिकका लागि दोहोरो नागरिकताको व्यवस्था गर्नेतर्फ कदम चालिने सरकारको प्रतिबद्धताले विकसित मुलुकमा बसेर पनि नेपाललाई माया गर्ने एनआरएनहरू हर्षित बनेका छन्।'

दोहोरो नागरिकताको व्यवस्थापछि एनआरएनहरूले नेपालमा घरजग्गा खरिद गर्न पाउने लगायतका सुविधा पाउनेछन्। यसबाट उनीहरूले अन्तर्राष्ट्रिय तहमा रहेर आर्जन गरेको ज्ञान, सीप, प्रविधि एवं पुँजी नेपालमा भित्रिने विश्वास गरिएको छ। सरकारले पनि मुख्य रूपमा उनीहरूबाट लगानी भित्र्याउने लक्ष्यका साथ यस्तो व्यवस्था मिलाउन लागेको हो। एनआरएनहरूले 'नेपाल इन्भेस्टमेन्ट फन्ड'को माध्यमबाट नेपालमा तत्काल कम्तीमा १ करोड अमेरिकी डलर लगानी गर्ने योजनालाई मूर्तरूप दिइरहेका छन्। नेपालका ७५ वटै जिल्लामा कम्तीमा एउटा परियोजना पुऱ्याउने उनीहरूको महत्त्वाकांक्षी कार्यक्रम अहिले २० जिल्लाबाट कार्यान्वयन गरिन लागेको जानकारी अध्यक्ष महतोले दिएका छन्।

यसअघि नेपाली नागरिक रहिसकेकाहरूले मात्र दोहोरो नागरिकताको सुविधा पाउनेछन्। महान्यायाधिवक्ता बन्जाडे भन्छन्, 'यस्तो सुविधा अंगीकृतहरूले पाउनेछैनन्।' फेरि दोहोरो नागरिकता पाउने मामिला एनआरएन बसोवास गर्दै आएको सम्बन्धित देशको कानुनमा पनि भर पर्नेछ। किनभने सम्बन्धित देशको कानुनले दोहोरो नागरिकता लिन पाउने सुविधा नदिएको अवस्थामा उनीहरूले नेपाली नागरिकताका लागि बसोवास गर्दै आएको देशको नागरिकता त्याग्ने सम्भावना कम रहन्छ। यद्यपि, अधिकांश विकसित मुलुकहरूले दोहोरो नागरिकताको सुविधा दिने गरेका छन्। जनअपेक्षा समेट्न सरकारले विकासको गति तीव्र पार्नु जरुरी छ। त्यसका लागि सरकारले एनआरएन ऐन पनि उनीहरूको चाहनानुरूप ल्याइने वाचा गरेको छ। अन्तर्राष्ट्रिय समन्वय परिषद्का प्रवक्ता डा. जुगल भूर्तेलले विज्ञप्तिमार्फत भनेका छन्, 'यसबाट नयाँ नेपालको निर्माण अभियानमा एनआरएनहरू अझ सक्रिय हुने नयाँ अवसर सिर्जना भएको छ।' ■





इलामस्थित माइपोखरी

# बल्ल खुल्यो चेत

**जैविक विविधतामा** अत्यन्त धनी माइपोखरीको संरक्षणका नाममा भौतिक संरचनाको निर्माण र विदेशी वनस्पति भित्र्याउनेहरूको चेत बल्ल खुलेको छ । उनीहरू यति बेला माइपोखरीलाई मौलिक स्वरुपमा जगेर्ना गर्न र रैथाने वनस्पति जोगाउन लागी परेका छन् ।

माइपोखरी संरक्षणका नाममा थुप्रै संस्थाले हात हाले तर उल्टै जैविक विविधतामा ह्रास आयो, पानीको सतह पनि पछिल्लो दस वर्षमा दुई मिटर घट्यो । किन यस्तो भयो त ? विशेषज्ञले सुझाव दिए, 'जैविक विविधता संरक्षणका लागि यसको असली रूप पो जोगाउनुपर्छ' भौतिक निर्माण गर्ने होइन् ।' त्यसैले अहिले सरोकारवाला सरकारी, गैरसरकारी संस्थाहरू माइपोखरीको असली रूप कायम गरेर जैविक विविधताको संरक्षण गर्नका लागि गुरुयोजना निर्माण गर्न कम्मर कसेर लागेका छन् । 'हामीले पोखरी परिसरको जैविक विविधतालाई ढिलो बुझ्यौं । बेलैमा विशेषज्ञको सल्लाह लिएको भए यस्तो हुँदैनथ्यो', गुरुयोजना निर्माण कार्य दलका संयोजक सुरेशकुमार नेम्वाङ भन्छन् ।

माइपोखरी क्षेत्रको संरक्षण र संवर्द्धन गर्नका लागि अहिले पनि द इस्ट फाउन्डेसनले सिमसार क्षेत्र संरक्षणका नाममा र वनस्पति विभागले उद्यान विकास र जडिबुटी संरक्षणका नाममा समन्वयविना नै काम गरिरहेका छन् । त्यस्तै सहरी विकास तथा भवन निर्माण विभाग पनि तीन वर्षअघि छुट्टै योजना तयार गरेर काम गरिरहेको छ ।

माइपोखरीको जैविक विविधताको संरक्षणका लागि जिल्ला विकास समिति, इलामको अगुवाइमा सुरु भएको गुरुयोजना निर्माण कार्य भदौ १५ भित्रमा सकिने संयोजक सुरेशकुमार नेम्वाङले बताए । 'माइपोखरीको असली रुप कायम राख्न गुरुयोजना केन्द्रित हुन्छ । माइपोखरीको दुई हेक्टरसहितको १२ हेक्टर संवेदनशील क्षेत्रभित्र भौतिक निर्माणलाई नै निषेध गर्छौं र आयातित बोटबिरुवा हटाउने कोसिस गर्छौं, नेम्वाङले भने । माइपोखरीमा बाहिरबाट ल्याएर रोपिएको कमल फूलले पनि रैथाने जीव तथा वनस्पतिलाई असर पार्ने भएकाले त्यसको नियन्त्रण गरिने भएको छ ।

बिर्ल्याँटे-सन्दकपुर मोटरबाटो माइपोखरीको नजिकै निर्माण भएकाले उक्त बाटोलाई पनि परिवर्तन गरिने भएको छ । 'गाडीको चाप बढ्न सक्छ जसले प्रदूषण र जमिनको थर्काबट पनि बढाउँछ, त्यसैले मोटरबाटो परिवर्तन गर्नैपर्छ', नेम्वाङ भन्छन् ।

सहरी विकास तथा भवन निर्माण विभागले दुई वर्षअघि पदमार्ग निर्माण गरेको छ । अब पदमार्गभित्र मानिसहरूको आवत जावतलाई पूर्णरूपमा निषेध गरिने माइपोखरी सिमसार क्षेत्र संरक्षण परियोजनाका कार्यक्रम संयोजक यामबहादुर राईले बताए । उक्त


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज

**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**




**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**
बखुण्डोल, ललितपुर
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

परियोजनाअन्तर्गत दर्शनार्थीलाई पोखरीमा नगईकनै अलग्गै पूजा गर्नका लागि पूजास्थलसमेत गत महिना निर्माण भएको छ । 'माइपोखरीमा जथाभावी टाँगिएका ध्वजापताका हटाउने सम्बन्धमा पनि हामी सोच्छौं', राईले भने ।

माइपोखरीमा सूचना केन्द्र स्थापना हुने र वनस्पति विभाग तथा द इस्ट फाउन्डेसन लगायतले राखेको होर्डिङ बोर्डहरू पनि हटाएर सूचना केन्द्रमा राख्ने व्यवस्था मिलाउने काम भइरहेको वनस्पति विभाग, इलामका फिल्ड सहायक चेतनाथ खनालले बताए ।

माइपोखरीको जैविक विविधता संरक्षण र संवर्द्धन गर्नका लागि सचेतना कार्यक्रम व्यापक बनाउने जिल्ला विकास समितिले जनाएको छ । 'अबको लक्ष्य भनेको माइपोखरीलाई सिमसार क्षेत्रमा दर्ता गर्नु हो । त्यसैले हामी यसलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसारको जैविक विविधतायुक्त क्षेत्र बनाउन लागिपर्नेछौं,' सिमसार क्षेत्र संरक्षण परियोजनाका कार्यक्रम संयोजक राई भन्छन् ।

## विकासका नाममा विनाश

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले माइपोखरीको संरक्षणका लागि पटक पटक कार्यक्रम सञ्चालन गरेपनि विशेषज्ञको परामर्शविना सञ्चालन गरिनाले नकारात्मक असर परेको जानकारहरू बताउँछन् । उनीहरूका अनुसार माइपोखरीलाई पर्यटकीय आकर्षणको थलो बनाउनमात्र केन्द्रित हुनाले अहिलेसम्म अधिकांश कामले रैथाने जीव तथा वनस्पतिलाई असर पारेको छ ।

माइपोखरी जैविक विविधताका लागि संवेदनशील क्षेत्र हो । नेपालको मध्यपर्वतीय क्षेत्रमा माइपोखरीजस्तो जैविक विविधताले भरिपूर्ण अर्को ठाउँ खप्तड दहमात्र भएको माइपोखरी सिमसार क्षेत्र संरक्षण परियोजनाका कार्यक्रम संयोजक राईले बताए । यस्तो संवेदनशील क्षेत्रलाई भौतिक निर्माण र आयातित विरुवाले पनि असर पार्छ ।

माइपोखरीको सुन्दर बनाउन भनेर पहिलोपटक २०२१ सालमा साधु नारायण दिलले दार्जीलिङबाट चाप, पिप्ले, देवीधूपलगायतका विरुवा ल्याई रोपेका थिए । यसैगरी माइपोखरी परिसरमा २०३५ सालमा जापानी सल्लाको व्यापक रोपण गरिएको थियो । तर, ती सबै माइपोखरीको जीवजन्तुका लागि घातक सिद्ध भएका छन् । माइपोखरीमा दुर्लभ गलैंचे झ्याउ पाइन्छ, जुन अन्यत्र कतै सूचीकृत भएको छैन । तर, पोखरीलाई आकर्षक बनाउन भनेर वि.सं. २०५४ सालमा जिल्ला विकास समिति र भू-संरक्षण कार्यालयले पोखरीको झ्याउ फ्याँक्ने काम गरे । झ्याउ हटाएकै कारण पोखरीको पानीको सतह घटेको र सोही झ्याउमा आश्रय लिने तथा झ्याउका कारण जीवजन्तु लोप हुने अवस्थामा पुगेको विज्ञहरू बताउँछन् ।

यसैगरी जिल्ला विकास समिति इलामले २०५५ सालमा एक वर्ष पोखरीमा डुंगा सञ्चालन गर्‍यो । धार्मिक दृष्टिकोणले समेत महत्त्वपूर्ण माइपोखरीमा डुंगा सञ्चालन गर्दा धर्मावलम्बीहरूमा असर त पर्‍यो नै, त्यसले पोखरीमा फोहोरमैला समेत बढायो । स्थानीयवासीले व्यापक विरोध गर्दागर्दै पनि झ्याउ फ्याँक्ने र डुंगा सञ्चालन गर्ने काम थिए ।

माइपोखरीमा काम गर्ने संस्थाहरूले होर्डिङ बोर्ड राख्ने प्रतिस्पर्धा समेत पछिल्लो वर्षमा बढेको छ । तर, पोखरी परिसरमा ध्वजापताका टाङ्नाले र होर्डिङ बोर्ड राख्नाले पनि त्यहाँको जीवजन्तुमा प्रतिकूल असर परेको । त्यसैगरी पोखरीमा बाहिरबाट माछा ल्याएर हाल्नाले र पोखरी परिसरमा विभिन्न बोटविरुवा रोप्नाले पनि रैथाने जीव तथा वनस्पतिलाई असर पुगेको बताइन्छ ।

## के छ माइपोखरीमा ?

सामुद्रिक सतहदेखि २१ सय मिटरको उचाइमा अवस्थित माइपोखरी इलाम सदरमुकामदेखि १५ किलोमिटर उत्तरमा अवस्थित छ । पोखरीको गहिराइ सात मिटर २५ सेन्टिमिटर छ । माइपोखरीको जलाशय क्षेत्र २ हेक्टरमात्र रहे पनि १२ हेक्टर क्षेत्रलाई जैविक विविधताका दृष्टिकोणले संवेदनशील मानिएको छ ।

माइपोखरीमा दुर्लभ ओत, पीतमुहार चिचिल्कोटे, सानो सिविया चरा पाइन्छ । यहाँ पाइने पानी कुकुर (गोहोरो) पाँचथरबाहेक नेपालमा कतै पनि पाईदैन । यसैगरी पोखरीको गलैंचे झ्याउ अन्यत्र कतै सूचीकृत नभएको वनस्पतिविज्ञहरू बताउँछन् । यहाँ ४ प्रकारका गुराँस, १६ प्रकारका सुनाखरी र ६२ प्रकारका जडिबुटी पाइन्छ । यसैगरी ३ प्रजातिका रैथाने माछा, ६ प्रजातिका उभयचर, १२ प्रजातिका सरिसृप, १४ प्रजातिका स्तनधारी र तीन सय प्रजातिका चरा पाइन्छ ।

रूसको साइबेरियादेखि भुँडीफोर, ढाडे गिद्ध, हिमाली गिद्ध लगायतका बसाइँ सर्ने चराहरू माइपोखरी भएर श्रीलंकासम्म जाने गरेको बताइन्छ ।

■ **रोशन साँवा र शिव मुखिया/इलाम** (तस्वीर पनि)

जनपक्षीय समाचार र विचार सबभन्दा पहिले
नेपाल डायरी
बिहान-६ बजे, बिहान-९ बजे, मध्यान्ह-१२ बजे, अपरान्ह-३ बजे, साँझ-६ बजे
नेपाल एफ. एम. 91.8
पो. ब. नं. १९४७७, रविभवन, काठमाडौ
फोनः ४२८९१२१, ४२८९१२३, फ्याक्स : ०१-४२८३८९५,
ईमेल : radio@nepalfmnetwork.com, www.nepalfmnetwork.com

# व्यवस्थापन कहिले ?

**मुक्त कमैयाको पुनर्वास,** छुटेकाहरूलाई जग्गा वितरण लगायत रोजगारीको माग राख्दै राजधानी केन्द्रित आन्दोलन गरेका मुक्त कमैयाहरूले एक महिनाभित्र आयोग गठन गर्ने सहमतिमा आन्दोलन स्थगित गरेका छन् । संविधानसभाको चुनावअगाडि नै सबै कमैयाको पुनर्वास लगायतका आधारभूत आवश्यकता सरकारले पूरा गर्ने जनाएपछि आन्दोलन स्थगित गरिएको आयोजकहरूले बताएका छन् । मन्त्रीस्तरीय बनाइने आयोगले कमैया समस्या समाधानबारे दिएको प्रतिवेदनको आधारमा सरकारले नयाँ नीति सार्वजनिक गर्ने मन्त्रालयले बताएको छ ।

राज्यले मुक्त घोषणा गरेको पाँच वर्ष पूरा हुँदा पनि घर बनाउने जग्गासम्म नपाएका मुक्त कमैयाहरूको समस्याको लागि जनपक्षीय भूमिसुधार लागू गर्नुपर्ने विज्ञहरूले बताएका छन् । राज्यको जमिनमा सीमित वर्गको स्वामित्व भएको र सुकुमवासी, दलित, कमैयालगायतका ठूलो संख्यामा भूमिहीन भएको कारण जनताको भूमिमा समान पहुँच हुनपर्ने तर्क विज्ञहरूको छ । भूमिसुधार तथा व्यवस्था मन्त्रालयका उपसचिव मानकुमार श्रेष्ठ भन्छन्, 'समग्रमा मुलुकको भूमिहीनताको समस्या समाधानको लागि प्रभावकारी भूमि सुधार लागू गरेर ऐनको दायरामा ल्याउनु पर्छ ।' कतिपय सरकारी स्वामित्वका खेतीयोग्य जमिनसमेत सरकारको स्पष्ट नीति नभएकाले बाँझो बसेका छन् । उता कृषि मजदुरी नगर्नेसँग अत्यधिक जमिन हुने र मजदुरी गर्नेसँग जमिन नहुने अवस्था कायमै छ । सरकारले कृषि मजदुरको हातमा खेतीयोग्य जमिन नपुऱ्याएसम्म भूमिको समस्या समाधान नहुने विज्ञहरूले बताएका छन् । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका संयोजक जगत बस्नेत भन्छन्, 'खेतीयोग्य जमिन हुनेले जग्गा ओगटेर राख्ने तर कृषि मजदुरहरूसँग जग्गा नभएकाले गर्दा जमिन मजदुरी गर्नेकोमा पुग्ने रणनीति सरकारले लिनु पर्छ । यसले मात्र कमैयालगायतका भूमिहीनहरूको समस्या समाधान हुन्छ ।'

देशभर कुल खेतीयोग्य जमिनको २५ प्रतिशत जमिन बाँझो अवस्थामा छ । खेती नगरिएका जमिन पनि साधारण लगानीमै खेतीयोग्य बनाउन सकिने भूमिविज्ञहरूले बताएका छन् । तर, सरकारसँग बाँझो अवस्थामा रहेका खेतीयोग्य जमिन निश्चित ऐन कानुन बनाएर आफ्नो स्वामित्वमा ल्याएर भूमिहीनहरूलाई बाँड्ने रणनीति नभएकाले गर्दा भूमिहीनताको समस्या थपिँदै गएको छ ।

कुनै पनि मुलुकको समग्र विकासमा त्यस मुलुकको भूमिसम्बन्धी नीतिले ठूलो प्रभाव पारेको हुन्छ । विकसित र पुँजीवादी मुलुकहरूले समेत भूमिसुधारलाई विकासको पूर्व सर्तको रुपमा लिने गरेका छन् । तर, नेपालमा भने राजा महेन्द्रले २०२१ सालमा गरेको भूमिसुधारदेखि शेरबहादुर देउवाको २०५८ सालको जग्गाको हदबन्दी लागू भएका छैनन् । राजनीतिक दलमा समेत जमिनदार वर्गको वर्चस्व छ । सबै जनतासँग भूमि हुने अवस्था नभएसम्म संविधानसभाको चुनावको परिणाम समेत स्वतन्त्र नहुने तर्क बस्नेतको छ । उनी भन्छन्, 'सबै कृषि मजदुर जमिनदारसँग निर्भर भएका कारण संविधानसभाको चुनावमा बाँच्नुपर्ने बाध्यताले गर्दा जमिनदारले जे भन्यो त्यो उनीहरूले पालना गर्नुपर्ने हुन्छ ।' संविधानसभाको निर्वाचनअगाडि नै भूमिको समस्या समाधान गर्ने हो भने नागरिकताको समस्या पनि न्यूनीकरण हुने भएकाले यसप्रति सरकारको स्पष्ट रणनीति बनाउनु पर्छ । नेपालको भूमिको समस्या समाधानको लागि कमैयाहरूलाई बास दिएर मात्रै समाधान हुँदैन । भूमिसँग गाँसिएका वन र कृषिका सम्बन्धमा समेत सरकारको एकीकृत स्पष्ट नीति नभएसम्म यो समस्या उस्तै रहने विज्ञहरू बताउँछन् ।



### भूमिहीन परिवार

| | |
|---|---|
| कञ्चनपुर | ६,९२३ |
| कैलाली | १७,७१९ |
| बाँके | २१,७१९ |
| बर्दिया | १२,४८६ |
| दाङ | १४,३४४ |

२०२१ सालको भूमिसुधारबाट बचेको बाँकेमा ३ सय २८ र बर्दियामा २ सय १३ बिघा जमिन अझै राज्यले वितरण गरेको छैन । अझै पनि ७९ जना जमिनदारको जमिन २०२१ सालको भूमिसुधारले तोकेको हदबन्दीभन्दा माथि छ । तर, सरकारले हदबन्दीबाहिरको जमिनलाई सरकारीकरण गरेको छैन । कमैयाको ठूलो जनसंख्या भएको कैलालीमा मात्रै १४ हजार हेक्टर जमिन बाँझो अवस्थामा छ । सरकारले व्यवस्थितरुपमा मुक्त कमैयालाई जग्गा वितरण नगरेपछि सुदूरपश्चिम र मध्यपश्चिमका पाँच जिल्लामा मुक्त कमैयाहरूले व्यक्ति तथा सरकारको ५५ स्थानमा १ हजार ८ सय ७५ बिघा जग्गा कब्जा गरेर बसेका छन् । सरकारले कमैयालाई बसोवासको व्यवस्था गरेर मुक्त कमैया घोषणा गरेको लामो समयसम्म पनि समस्या समाधान गर्न नसकेको भन्दै सर्वोच्च अदालतमा रिट परेको थियो । गत वैशाख २५ गते सर्वोच्चले मुक्त कमैयालाई एक महिनाभित्र जग्गा उपलब्ध गराएर पुनःस्थापना गराउन सरकारका नाममा परमादेशसमेत जारी गरेको छ । तर, फैसलाको दुई महिना नाघिसक्दा समेत त्यसको कार्यान्वयनतर्फ सरकारको स्पष्ट नीति देखिएको छैन ।

विगतका सरकारले मुक्त कमैयालाई जग्गा वितरण गर्न भूमि बैंक स्थापना गरेको थियो । तर, कमैयालाई ऋण बाँडेर उल्टै समस्या थप्न खोजेको आलोचना पनि भयो । आलोचना हुँदाहुँदै पनि बाँकेमा ४५ जना र कैलालीमा ७० जनाले सरकारसँग भूमि बैंकमार्फत ऋण लिएर जग्गा खरिद गरेका छन् । तर, सरोकारवालाहरूको चर्को विरोधका कारण अहिले यो कार्यक्रम निष्क्रिय भएको छ । मुक्त कमैया समाजका अनुसार विगतमा सरकारले १२ हजार मुक्त कमैयालाई मात्र सुविधा दिएको र अन्य १८ हजार परिवारले सरकारी सेवा, सुविधा पाउन सकेका छैनन् । समाजले पाँच जिल्लामा छुट भएका कमैया संख्या ३ हजार, परिचयपत्र पाएर पनि जग्गा नपाएकाहरूको संख्या १० हजार र लालपुर्जा पाएर पनि जग्गा नपाएकाहरूको संख्या ४ हजार भएको बताएको छ ।

### फेरि कमैयामै

राज्यले कमैयाको दासताबाट मुक्त भएको घोषणा गरे पनि रोजीरोटी टार्न नसकेपछि कमैयाहरू अहिले पुन जमिनदारकोमा कमैया बस्न थालेका छन् । बाँकेका साथै बर्दियाको सोरहवा, पाताभार, खैरीचन्दनपुर, राजापुरलगायतका स्थानमा पुनः कमैया बस्ने क्रम बढिरहेको छ । उनीहरूले सबैतिरबाट बेवास्ता गरिएका कारण आफूसामु भोकभोकै मर्ने कि फेरि कमैया बनेर गुजारा गर्ने भन्ने विकल्प बाँकी रहेकाले दोस्रो विकल्प रोज्न बाध्य भएको बताएका छन् । राज्यले आफ्ना नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गर्न नसकेको गैरसरकारी संस्थाको कार्यक्रम पनि प्रभावकारी नभएको कारण यस्तो समस्या देखिन थालेको पीडितहरूले बताएका छन् ।

■ **गोविन्द परियार/काठमाडौं**

■ छत्र कार्की/काठमाडौं

**आध्यात्मिक अनुसन्धान,** खोज र अन्तरसंवादका लागि 'हिन्दु सेन्टर' स्थापना गरी धर्मलाई समाजसेवामा रूपान्तरण गर्ने योजना सुनाएका थिए, वाचन शिरोमणि पण्डित नारायणप्रसाद पोखरेलले सात वर्षअघि । यही उद्देश्यका लागि २०५७ साल भदौ २३ गते टुँडिखेलमा पुराणवाचन महायज्ञ आयोजना गरियो, जहाँ पण्डित पोखरेलको श्रोता लठ्याउन सक्ने वाचनशैलीका कारण ५० लाखजति रुपैयाँ संकलन भयो । २०५८ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि वाचन शिरोमणि पोखरेलले सरकारसँग हिन्दु सेन्टर बनाउन जग्गाको व्यवस्था मिलाइदिन आग्रह गरे, सरकारले बाँसबारीमा रहेको २४ रोपनी ८ आना जग्गा दिने निर्णय गर्‍यो । २०५९ सालमा प्रधानमन्त्री देउवाले नै उक्त स्थानमा भवन निर्माण कार्यको शिलान्यास गरेका थिए ।

आफूले आधार तयार गरेको भवन निर्माण कार्य पूरा भएर त्यहाँ पाइला टेक्नुअघि नै विश्वहिन्दु महासंघ अन्तर्राष्ट्रिय समितिका अध्यक्ष भरतकेशर सिंहले पण्डित पोखरेललाई विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समितिको अध्यक्षबाट अवैधानिक तवरले पदच्युत सरकारले उपलब्ध गराएको बाँसबारीको जग्गामा समेत वर्चस्व कायम गरे । राजालाई सक्रिय शासनका लागि उक्साउने योजनाकारमध्ये एक सिंह अध्यक्ष रहेको विश्वहिन्दु महासंघ, अन्तर्राष्ट्रिय समिति दरवारिया शक्तिको आडमा करोडौं मूल्यबराबरको बाँसबारीको जग्गा हत्याउन सफल भएको हो । राजाले २०५९ असोज १८ मा प्रतिगमन यात्रा थालनी गरेपछि दरवारका भित्रियाका रूपमा चिनिएका सिंहले राष्ट्रिय ढुकुटीबाट हिन्दु सम्मेलनका नाममा लाखौं रुपैयाँ दुरुपयोग मात्र गरेनन्, पण्डित पोखरेलले खडा गरेको जगमा आफू अध्यक्ष रहेको महासंघको लागि सानदार कार्यालय भवन ठड्याउनसमेत भ्याए ।

त्यो जग्गामाथि पोखरेल पक्षधर विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समितिले आफ्नो हकदाबी गर्दै आएको छ । अहिले भरतकेशर सिंह समूहले उपयोग गर्दै आएको कार्यालय भवन बनाउन पण्डित पोखरेलले पुराणवाचनबाट जम्मा गरेको ३० लाखभन्दा बढी रकमसमेत लगानी भएको राष्ट्रिय समितिले जनाएको छ । २०५९ सालमा भरतकेशरले निर्वाचित राष्ट्रिय समितिका अध्यक्ष पोखरेललाई बर्खास्त गरी राष्ट्रिय समितिको बैंक खाता रोक्का गरेको राष्ट्रिय समितिका महासचिव विष्णु हुमागाईं बताउँछन् ।

वाचन शिरोमणि पोखरेलको विरासत बोकेर राष्ट्रिय समितिमा भर्खरै निर्वाचित अध्यक्ष दामोदर गौतम भन्छन्, 'विश्वहिन्दु महासंघ, अन्तर्राष्ट्रिय समिति भन्ने कहीँ दर्ता छैन, सरकारले हिन्दु सेन्टर बनाउन पोखरेल अध्यक्ष रहेको राष्ट्रिय समितिलाई जग्गा दिएको हो । राजा ज्ञानेन्द्रले सत्ता हडपेपछि उनैका मानार्थ अंगरक्षक भरतकेशरले बल मिच्याइँ गरेर जग्गा हडपेका हुन् ।' तर, भरतकेशरको समूह भने यो मान्न तयार छैन । भरतकेशर अध्यक्ष रहेको विश्वहिन्दु महासंघ अन्तर्राष्ट्रिय समितिका सदस्य एवं कार्यालय सचिव केशवप्रसाद सापकोटा आफ्नो संस्था वैधानिक भएको दाबी गर्छन् । उनी भन्छन्, 'दुई दशकभन्दा पहिलेदेखि चलेको संस्थालाई अवैधानिक भन्ने आधार छैन ।' कार्यालय सचिव सापकोटा २०४० सालमै विश्वहिन्दु महासंघ दर्ता भएको र बाँसबारीको जग्गाको लालपुर्जा संस्थाको नाममा रहेको दाबी गर्छन् । तर, २०४० सालमा विश्वहिन्दु महासंघ नाम गरेको संस्था दर्ता भएको रेकर्ड कहीं कतै छैन ।

# शक्तिको आडमा बलमिच्याइँ

भरतकेशर सिंह पक्षधरले कब्जामा लिएको घर र जग्गा



सिंह

तस्बीरहरू : तेजबहादुर बस्नेत

## कुन चाहिँ वैधानिक ?

विश्वहिन्दु महासंघ गठनको पृष्ठभूमि दरवारसँग जोडिएकाले दरवारको छत्रछायाँ र निर्देशनमा यो संस्था चलेको देखिन्छ। आफ्नो शासन सत्तालाई भरथेग गर्ने अस्त्रका रुपमा दरवारले धार्मिक सम्प्रदायको प्रयोग गर्ने चलन नयाँ नभएको जानिफकारहरू बताउँछन्। योगी नरहरिनाथको संयोजकत्वमा नेपालमा आयोजना गरिएका पहिलो विश्वहिन्दु सम्मेलनको तत्कालीन राजा वीरेन्द्रले २०३७ साल रामनवमीका दिन वीरगन्ज, पिपरामोठमा उद्घाटन गरेका थिए। विश्वभरिका हिन्दुहरूलाई समेट्ने उद्देश्यले योगी नरहरिनाथ नै २०४० सालमा विश्वहिन्दु सम्मेलन संघ नामक संस्था दर्ता गरेर अध्यक्ष भए।

पञ्चायतकालीन प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजाल संघको अध्यक्ष भएपछि २०४२ सालमा ज्ञानेन्द्रले प्रत्यक्ष शासन थालेपछि संघले विश्वहिन्दु महासंघ भन्ने आन्तरिक निर्णय गरे पनि जिल्ला प्रशासन कार्यालयमा दर्ताचाहिँ भएन। यसैलाई आधार मानेर अहिले पनि भरतकेशर सिंह समूहले विश्वहिन्दु महासंघ बीस वर्ष पुरानो भनेर दाबी गरेको राष्ट्रिय समितिका सदस्य दीनबन्धु पोखरेल बताउँछन्। उनी भन्छन्, 'महासंघको विवाद राजा शासनमा आएपछि चर्केको हो, दरवार संयन्त्र पूरै सिंहको पक्षमा लागेपछि राष्ट्रिय समितिलाई समाप्त गर्ने अनेकौं षड्यन्त्र रचिए।' २०६२ साल वैशाख २३ गते भएको आफ्ना पिता पण्डित पोखरेलको हत्याप्रकरण पनि षड्यन्त्रकै एउटा पाटो भएको दीनबन्धु दाबी गर्छन्।

२०४५ सालमा विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति बनेको हो। संस्थापक अध्यक्ष अच्युतराज रेग्मी २०५७ सालसम्म नै समितिको अध्यक्ष भए। २०५७ साल वैशाख २८ गते पोखरामा भएको महाधिवेशनबाट पण्डित पोखरेल अच्युतराज रेग्मीलाई हराई राष्ट्रिय समितिको अध्यक्ष भएका थिए। अन्तर्राष्ट्रिय समितिप्रति उत्तरदायी नभएको र राजाको कदमको समर्थन नगरेको आरोपमा भरतकेशरले पण्डित पोखरेललाई २०६० साल असोज १२ गते राष्ट्रिय समितिको अध्यक्षबाट बर्खास्त गरेर लीलाभक्त शर्मालाई राष्ट्रिय समितिको अध्यक्ष बनाए। भरतकेशरले पण्डित पोखरेललाई बर्खास्त गरेकै दिन पोखरेल अध्यक्ष रहेको विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भयो।

राष्ट्रिय समिति दर्ता भएको थाहा पाउनासाथ दरवारबाट फोन आएपछि काठमाडौंका प्रमुख जिल्ला अधिकारी वामनप्रसाद न्यौपानेले संस्था दर्ता प्रमाणपत्र नै रोकेका थिए। त्यसपछि पण्डित समूहले अख्तियारमा उजुरी दिएपछि मात्र प्रजिअ न्यौपानेले २०६० साल कात्तिक १४ गते असोज १२ गतेकै मिति राखेर प्रमाणपत्र दिएका थिए। भरतकेशर समूहले २०६० साल मंसिर २ गते पण्डित पोखरेलले दर्ता गरेको विश्वहिन्दु महासंघ राष्ट्रिय समिति गैरकानुनी भएको भन्दै मुद्दा दायर गरेको थियो। पुनरावेदन अदालत पाटनले २०६३ साल वैशाख २० गते पोखरेल समूहको विश्वहिन्दु महासंघ राष्ट्रिय समितिले प्रयोग गर्दै आएको लोगो र झन्डा वैधानिक रहेको ठहर गर्दै राष्ट्रिय समितिको कानुनी हैसियत रहेको फैसला सुनाएको छ। राष्ट्रिय समिति अध्यक्ष गौतम भन्छन्, 'अदालतको फैसलापछि कुन समिति वैध भन्ने विषयको टुंगो लागिसकेको छ।'


## विवादको सुरुवात

२०५९ असोज १८ को शाही कदमपछि विश्वहिन्दु महासंघभित्र स्पष्टरूपमा दुई धार देखियो। एकथरि अतिवादीहरूले आफूलाई राजाको पाउको धुलोका रुपमा उभ्याए भने महासंघभित्रै रहेका प्रजातन्त्र पक्षधरहरूले राजाको दास हुन अस्वीकार गरे। २०५९ सालसम्म पनि विश्वहिन्दु महासंघ अन्तर्राष्ट्रिय समिति र महासंघको राष्ट्रिय समितिबीचको सम्बन्ध ठिकै मात्र थियो। २०५९ मा विश्वहिन्दु महासंघ, अन्तर्राष्ट्रिय समितिको गोरखपुरमा भएको सम्मेलनबाट अध्यक्षमा भरतकेशर सिंह आएपछि महासंघ र भारतीय अतिवादी हिन्दुहरूको साँठगाँठ बढेर गयो। २०६० पुसमा राजा ज्ञानेन्द्रलाई 'हिन्दु सम्राट' घोषणा गर्न महासंघ अध्यक्ष भरतकेशर मात्र होइन, भारतको हिन्दुवादी संस्था राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) र आरएसएस सम्बद्ध विश्वहिन्दु परिषद्का नेता अशोक सिंघलजस्ता हिन्दु अतिवादीहरू लागी परेका थिए। त्यसो त हिन्दु सम्राट घोषणासभामा सिंघललगायत भारतीय अतिवादी हिन्दु नेतासमेतको उपस्थितिले पनि भरतकेशर समूह धार्मिक अतिवादमा फस्दै गएको प्रस्ट देखिएको थियो। पण्डित पोखरेल समूहले सुरुदेखि नै धार्मिक अतिवादको विरोध गर्दै आएको महासचिव हुमागाईं बताउँछन्।

भरतकेशरको अन्तर्राष्ट्रिय कार्यसमितिमा दिवाकर चन्द, चक्रबन्धु अर्याल, हेमबहादुर कार्कीलगायत चरम दरवारियाहरूको साथै प्रेम लस्करीजस्ता विवादास्पद भारतीय व्यक्तिलाई सिंघलको निर्देशनमा ल्याइएको थियो। लस्करीले राजधानीमा बसेर सिंघलको प्रतिनिधिका रूपमा काम गर्ने गरेको बताइन्छ। लस्करीको मिसन भनेकै धार्मिक संगठनमा कब्जा जमाएर दरवारसँग सुमधुर सम्बन्ध कायम राख्नु हो। त्यसो त नेपाल-भारत मैत्री संगठनको आवरणबाट लस्करीको सक्रियता देखिएको थियो।

धार्मिक संस्थाको नाममा अतिवादीहरूको समूह बनाएर भरतकेशर सिंह समूहको कार्यालय अहिले पनि निर्बाधरुपमा बाँसबारीमा चलिरहेको छ। परिवर्तित सन्दर्भसँगै भरतकेशर समूह पनि रंग फेर्न लागेको संकेत पाइन्छ। महासंघ अन्तर्राष्ट्रिय समितिका सदस्य एवं कार्यालय सचिव सापकोटा भन्छन्, 'हामी लोकतन्त्रविरोधी होइनौं, एक दुई व्यक्तिको नाम दरवारसँग जोडियो भन्दैमा सबैलाई उस्तै रूपमा हेर्न मिल्दैन।' वाचन शिरोमणि पोखरेल पक्षधर राष्ट्रिय समितिले चाहिँ नयाँबानेश्वरमा आफ्नो कार्यालय सञ्चालन गरेको छ। विश्वहिन्दु महासंघ राष्ट्रिय समितिको विधानमा दर्ताअघिको चल-अचल सम्पत्तिमा महासंघको हक हुने उल्लेख भएकाले बाँसबारीको जग्गा आफ्नो राष्ट्रिय समितिको हुने महासचिव हुमागाईं बताउँछन्। उनी भन्छन्, 'हामी कानुनी निर्णयको पर्खाइमा छौं, बाँसबारीको कार्यालयमा हाम्रो हक लाग्ने निश्चित छ।' ■

# अतिवाद र कट्टरताको विरोध गर्छौं



**दामोदर गौतम**
अध्यक्ष, विश्वहिन्दु महासंघ,
नेपाल राष्ट्रिय समिति

**विश्वहिन्दु महासंघको विवाद के हो ?**

२०५९असोज १८ को राजाको कदमपछि महासंघभित्र विवाद देखिन थालेको हो। गोरखपुर अधिवेशनपछि महासंघको अन्तर्राष्ट्रिय समितिको अध्यक्षमा भरतकेशर सिंह आए र राजाको कदमको स्वागत गरे। उनी राजा सक्रिय राजनीतिमा आउनुपर्छ भनी भाषण गर्दै हिँड्न थाले। भारतीय अतिवादी हिन्दु नेताहरूको निर्देशनमा महासंघलाई अतिवादतिर धकेल्ने काम पनि उनीबाट भयो। राष्ट्रिय समितिको अध्यक्षमा निर्वाचित पण्डित नारायणप्रसाद पोखरेललाई जबरजस्ती हटाएर बल मिच्याइँ गरियो। विवादको जड यही हो।

**आधिकारिक विश्वहिन्दु महासंघ चाहिँ कुन हो नि ?**

भरतकेशर अध्यक्ष रहेको विश्वहिन्दु महासंघ अन्तर्राष्ट्रिय समिति कहीं पनि दर्ता छैन। विश्वहिन्दु महासंघ अन्तर्राष्ट्रिय समिति नामक संस्थाको कानुनी अस्तित्व छैन, त्यसैले २०६० असोजमा पण्डित नारायणप्रसाद पोखरेल अध्यक्ष भएर दर्ता भएको विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति नै आधिकारिक हो।

**त्यसो भए विश्वहिन्दु महासंघको सम्पत्तिमा कसको दाबी रहन्छ ?**

बाँसबारीमा रहेको जग्गा शेरबहादुर देउवा प्रधानमन्त्री रहँदा २०५८ सालमा पण्डित पोखरेल अध्यक्ष रहेको समितिलाई दिइएको हो। राजाको शासन सुरु भएपछि शक्तिका आडमा भरतकेशरहरूले पोखरेललाई हटाएरर जग्गामात्र होइन, पण्डितले पुराणवाचन गरेर भवन बनाउन जम्मा गरेको रकम पनि लिए। पुनरावेदनले हाम्रो संस्थालाई आधिकारिक मानिसकेको छ। सर्वोच्च अदालतको निर्णयपछि हामी अघि बढ्छौं।

**तपाईंहरूको राष्ट्रिय समितिको नीति चाहिँ के हो ?**

हामी विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समितिलाई लोकतान्त्रिक बनाउन चाहन्छौं। हामी धार्मिक अतिवाद र कट्टरताको विरोध गर्छौं। धर्मका नाम जोडेर भरतकेशर सिंहहरूले राजालाई 'हिन्दु सम्राट' घोषित गरे, जुन व्यक्तिवादी दासताको नमुना थियो। भरतकेशर प्रवृत्तिका व्यक्तिहरूको कारण नै राजाको पतन भयो। हामी हिन्दु धर्मलाई व्यक्तिवादभन्दा सामाजिक र सेवामूलक भावनाबाट हेरिनुपर्छ भन्ने राष्ट्रिय समितिको धारणा छ। ■



# फुर्सदमा जनसेना

















■ **भास्वर ओझा**

**माओवादी सेना** र हतियार सरकार-माओवादी वार्तामा विवादको विषय बनिरहेका बेला गत साता माओवादी सेना संचारकर्मीहरूका सामु सुर्खेतको जहरे र मकवानपुरको हर्नामाडी बिरुवाडाँडामा प्रस्तुत भए । संविधानसभा निर्वाचनअघि अस्थायी शिविरहरूमा आफ्नो सेना रहने अडान कार्यान्वयनमै गइसकेको पुष्टि गर्न माओवादीले संचारकर्मीलाई ती स्थानमा लगिएको बुझ्न सकिन्थ्यो । माओवादीले आफ्नो नीतिअनुसार सेना देखाएको भए पनि संचारकर्मीका लागि भने यो आकर्षक अवसर थियो, किनभने यसअघि माओवादी सेनाको तस्वीर खिच्न सीमित संचारकर्मीहरूले मात्र पाएका थिए । डिभिजनस्तरको अस्थायी ब्यारेक भनिए पनि दुवै स्थानमा डिभिजनका लागि आवश्यकभन्दा निकै कम संख्यामा माओवादी सेना देखिन्थे ।

प्रचार भएजस्तै माओवादी सेनामा महिलाको संख्या उल्लेख्य देखिन्थ्यो । सुर्खेत जहरेमा दुई जोडी सैनिकबीच संचारकर्मीकै सामु विवाह भयो, यसले सेनामा रहेका युवायुवतीको यौनचाहना विवाहमा पुऱ्याएर व्यवस्थापन गर्ने माओवादी नीति स्पष्ट पार्दथ्यो । सुर्खेतमै माओवादी सैनिकले खेतमा रोपाइँ गरे । माओवादी सेनाले जनतालाई दुःख दिइरहेको प्रचार निरस्त पार्न र आफूहरू जनताको सहयोगी रहेको देखाउन उनीहरू प्रयासरत छन् । ■

# फोटोफिचर














समय

# उत्सुकता पनि सक्रियता पनि

**नेपालमा शान्ति स्थापनामा संयुक्त राष्ट्रसंघलाई आमन्त्रण गर्ने विषयमा सरकार र माओवादीले बेग्लाबेग्लै व्यहोरेको पत्र पठाएको भए पनि दुवै पक्ष उसको भूमिका हुनुपर्छ भन्ने कुरामा सहमत देखिन्छन् ।**

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**माओवादी सशस्त्र** विद्रोह समाधानको सम्भावना बढ्दै गएको राजनीतिक अवस्थामा नेपालमा शान्ति कामना गर्ने अन्तर्राष्ट्रिय समुदाय पनि उत्तिकै उत्साहका साथ लागिपरेको छ । आन्तरिक राजनीतिमा गतिरोध देखिएको भए पनि कूटनीतिज्ञहरू राजनीतिक दलका नेता र माओवादी नेतृत्वसँग भेटवार्तामा सक्रियताका साथ लागिपरेका छन् । माओवादी नेतृत्व पनि कूटनीतिज्ञहरूसँगको भेटघाटलाई तीव्रता दिएर उनीहरूबाट विश्वास आर्जन गर्ने प्रयास गर्दैछन् । माओवादीका शीर्षस्थ नेता डा. बाबुराम भट्टराई र वार्ता समितिका कार्यालय प्रमुख सुरेश आले मगर अघिल्लो साता कूटनीतिज्ञ तथा विदेशी नियोगका अधिकारीहरूसँग भेटघाटमा व्यस्त रहे ।

राजनीतिक दृष्टिले महत्त्व राख्ने भारत र अमेरिकाका कूटनीतिज्ञहरूलाई माओवादी नेतृत्वले भेटघाट गरेर आफूहरूको लोकतन्त्रप्रतिको प्रतिबद्धता दोहोऱ्याइरहेका छन् । माओवादी अध्यक्ष प्रचण्डले साउन ७ मा भारतीय विदेश सचिव श्याम शरणसँग भेटवार्ता गरे भने डा. बाबुराम भट्टराईले पनि अमेरिकी दूतावासमा एक अधिकारीसँग भेटवार्ता गरेका थिए ।

नेपालमा शान्ति स्थापनामा संयुक्त राष्ट्रसंघलाई आमन्त्रण गर्ने विषयमा सरकार र माओवादीको बेग्लाबेग्लै व्यहोराका पत्र पठाएको भए पनि दुवै पक्ष उसको भूमिका हुनुपर्छ भन्ने कुरामा सहमत देखिन्छन् । सरकारले राष्ट्रसंघलाई गरेको आग्रहप्रति माओवादीले औपचारिक रुपमा विमति जनाएको भए पनि शान्ति प्रक्रियामा माओवादीले पनि उसलाई स्वीकार गरेर आमन्त्रण गरेको छ । राष्ट्रसंघलाई कुन हदसम्म नेपालको शान्ति प्रक्रियामा सहभागी गराउने भन्नेबारे सरकार र माओवादीका फरक फरक मान्यता हुनु अस्वाभाविक होइन । तर, नेपालको आन्तरिक मामलामा राष्ट्रसंघलाई सीमित भूमिका दिनुपर्छ भन्ने मानसिकतामा छिमेकी भारत रहेको छ । राष्ट्रसंघ औपचारिक रूपमा कार्यरत रहेको अवस्थामा उसको अगुवाइमा अन्य देश तथा नियोग पनि शान्ति प्रक्रिया र संविधानसभा निर्वाचनमा संलग्न हुने सम्भावना छ ।

दक्षिण एसियाको श्रीलंकालगायत विश्वका विभिन्न मुलुकको द्वन्द्व व्यवस्थापनमा मध्यस्थताको अनुभव सँगालिरहेको नर्वे यस्तै प्रस्तावका साथ नेपालमा काम गर्न तत्पर छ । केही महिनाअघि श्रीलंकाको मध्यस्थता समितिका नेता एरिक सोल्हेम नेपाल आएर सबै राजनीतिक पक्षलाई भेटेर आफ्नो देशको चाहना व्यक्त गरेका थिए । नर्वे नेपालको द्वन्द्व व्यवस्थापन गर्न इच्छुक छ र अन्य देशमा द्वन्द्व व्यवस्थापनको अनुभव नेपाली नेताहरूमाझ राखिरहेको छ । नर्वेली कूटनीतिज्ञहरूले नेपालले चाहेमा आफूहरू द्वन्द्व व्यवस्थापनमा सहभागी हुने जानकारी दिने गरेका छन् । राजाको नेतृत्वको सरकारका पालामा पनि नर्वे यस्तै प्रस्ताव लिएर आएको थियो । तर, तत्कालीन सत्ताले नर्वेको प्रस्ताव स्वीकार गरेको थिएन । अहिले सत्तारुढ सात दल र माओवादी दुवै नर्वेली प्रस्तावलाई हार्दिकतासाथ हेरिरहेको देखिन्छ ।

अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टरको नाममा स्थापना भएको कार्टर सेन्टर नेपालको सशस्त्र द्वन्द्व समाधानमा उत्तिकै चासो राख्ने अन्तर्राष्ट्रिय संस्थामध्येको एक हो । सेन्टर अहिले संविधानसभाको निर्वाचनमा आफू अनुगमन गर्न तत्पर रहेको बताउँदै छ । चार वर्षअघि राजा ज्ञानेन्द्रलाई पत्र लेखेर द्वन्द्व समाधानमा भूमिका खेल्न खोजेका कार्टर यसै वर्षको वैशाखको तेस्रो साता नेपालको भ्रमणमा आउँदै थिए । नेपालमा जनआन्दोलन चर्किएकाले उनको भ्रमण स्थगित गरियो । औपचारिक रुपमा कार्टरको भ्रमणलाई व्यक्तिगत भनिएको भए पनि शान्ति स्थापनाका खातिर चार वर्षदेखि उत्साहित भएका उनको यात्राबाट धेरैले आस गरेका थिए ।

सेन्टरका दक्षिण एसिया मामला हेर्ने पिटर बर्लीले हालै विभिन्न राजनीतिक दलका नेता, माओवादी अध्यक्ष प्रचण्ड लगायत नेपालको राजनीतिमा अर्थपूर्ण हैसियत राख्ने विभिन्न व्यक्तिलाई भेटेका छन् । सन् १९८० को दशकमा नेपालस्थित अमेरिकी दूतावासमा डिपुटीको रुपमा कार्यरत बर्ली यस क्षेत्रको द्वन्द्व विशेषज्ञ मानिन्छन् । सेन्टरले संविधानसभाको निर्वाचन प्रक्रियामा आफू संलग्न हुन चाहेको मनसाय व्यक्त गरेको बुझिन्छ ।

नेपालको विकास प्रक्रियामा लामो समयदेखि संलग्न स्विजरल्यान्ड पनि नेपालमा शान्ति स्थापना कार्यमा समेत भूमिका खेल्न इच्छुक छ र तत्पर छ । जेनेभामा कार्यलय रहेको 'कम्युनिटी फर ह्युमानटेरियन डाइलग'ले नेपालका केही मानवअधिकारवादीहरूलाई अहिले दक्षिण अफ्रिका लगेको छ । दक्षिण अफ्रिकालगायतका देशको शान्ति प्रक्रिया र द्वन्द्व समाधानका बारेमा जानकारी लिन मानवअधिकारवादी नेता श्याम श्रेष्ठ, पद्मरत्न तुलाधार आदि भ्रमणमा संलग्न छन् । स्विसले नेपालका द्वन्द्वरत पक्षलाई नेपालबाहिर लगेर वार्ताको टेबुलमा बसाल्न सकिने मान्यतामा पनि काम गरेको थियो ।

यसै साता युरोपेली संगठनको संसद्, अनुगमन मिसनकी नीना गिल नेपालको तीनदिने भ्रमण सकेर फर्किएकी छन् । सात सदस्यीय गिलको टोलीले नेपालका राजनीतिज्ञसँग भेटवार्ता गरेको थियो । टोलीका केही सदस्यले माओवादी नेता भट्टराईसँग वार्ता गरेका थिए । गिलले आफूहरू संविधानसभाको निर्वाचन अनुगमन गर्ने काममा सहयोगी हुन चाहेको बताएकी थिइन् । माओवादीको हतियार निरस्त्रीकरण हुनुपर्ने धारणा राख्दै गिलले पत्रकार सम्मेलनमार्फत भनिन्, 'कुनै पनि राजनीतिक दल काँधमा बन्दुक बोकेर चुनावमा जान मिल्दैन ।' युरोपेली संगठन लामो समयदेखि नेपालको द्वन्द्व समाधानमा चासो राख्दै आएको नियोग हो ।

सरकार-माओवादी दुवैले नेपालको शान्ति प्रक्रिया तथा संविधानसभाको निर्वाचनमा राष्ट्रसंघ वा अन्य कुनै भरपर्दो राष्ट्र वा समुदायको सहयोग लिने सम्झदारी बनाएकाले नेपालको शान्ति प्रक्रियामा चासो राख्दै र भूमिका खेल्दै आएका निकाय तथा नियोगहरू अहिले पनि उत्सुक बन्नुलाई सकारात्मक रुपमा लिनु पर्छ । उनीहरूले सरकार तथा माओवादी नेतृत्वसँग शान्ति प्रक्रियामा सहभागी हुन जुन उत्साह देखाएका छन्, त्यसलाई राजनीतिक शक्तिहरूले गम्भीरतापूर्वक कायान्वयनमा उतार्न सक्नु चतुऱ्याइँ हो । छिमेकी भारत संयुक्त राष्ट्रसंघको सीमित भूमिका हुनुपर्छ भन्ने मानसिकतामा काम गरिरहेको वर्तमान राजनीतिक स्थिति राजनीतिज्ञहरूले आत्मसात गर्नु पनि जरुरी छ । ■




नागरिक सभामा सहभागी नेता–कार्यकर्ताहरू

समय

# कमान्डमा नागरिक नेता

**विगत जनआन्दोलनमा उत्रिएको नागरिक समाजको अधिकांश हिस्सा पुनः सडकमा देखिनुले यो आन्दोलनको आकार र प्रभाव उपेक्षा गर्न नसकिने हुने निश्चित छ । नागरिक आन्दोलन अक्टोबर क्रान्तिको तयारीका निम्ति नभए पनि माओवादी नेताहरू यो आन्दोलनमा अक्टोबर क्रान्तिको सम्भावना देखिरहेका छन् ।**

■ **सुवास देवकोटा/काठमाडौं**

**सात दलको सरकारविरुद्ध** आन्दोलन सुरु भएको हो ? वा, माओवादी नेताहरूले भनेजस्तै जनविद्रोहको सुरुवात हो यो ? जनआन्दोलनमा काँधमा काँध मिलाएर हिँडेका नागरिक समाज र सात दलबीच सहकार्य समाप्त भयो ? वा, सरकार र माओवादीबीच चलिरहेको शान्तिवार्ता भाँडिने निश्चित भइसक्यो ? साउन १० गते राजधानीलगायत धेरै सहरमा 'लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन' सडकमा उत्रिएपछि यी र यस्तै जिज्ञासा धेरैमा देखिएको छ ।

सात दल र माओवादीबीच असार २ गतेको आठबुँदे सहमति 'अक्षरस' पालना गराउन दबाबका लागि सडकमा उत्रिएको नागरिक आन्दोलनलाई सक्रिय समर्थन गर्ने भनाइ माओवादीले सार्वजनिक गरेपछि माओवादी नेताहरूले भन्ने गरेको 'अक्टोबर क्रान्ति'सँग यो आन्दोलनलाई कयौंले जोडेर हेर्न थालेका छन् । नागरिक आन्दोलन साँच्चै अक्टोबर क्रान्तिको भ्रूण हो त ? आन्दोलनका अगुवा कृष्ण पहाडी भन्छन्, 'लोकतान्त्रिक गणतन्त्र र शान्तिको नागरिक चाहनाबाट दलहरूलाई विमुख हुन नदिन मात्र यो आन्दोलन थालनी भएको हो ।'

अक्टोबर क्रान्तिबारे चलेको चर्चासँग असहमति व्यक्त गर्दै आन्दोलनका अर्का अगुवा डा. देवेन्द्रराज पाण्डे भन्छन्, 'हाम्रा लागि हिंसा मान्य हुँदै हुँदैन । संविधानसभा निर्वाचनसम्म मुलुकलाई पुऱ्याउन र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न हुने वातावरण निर्माण गर्न सात दल र माओवादीबीचका सहमति पालना हुनुपर्छ भनेर हामी सडकमा उत्रिएका हौं ।'

हुनत 'आठबुँदे सहमति पालन गर, प्रतिनिधिसभा विघटन गर, दमनकारी प्रमुख सैनिक अधिकारीलाई कारबाही गर र संविधानसभा निर्वाचनको मिति घोषणा गर' जस्ता मागमा सडकमा उत्रिएको नागरिक आन्दोलनलाई माओवादीको समर्थन प्राप्त हुनु अस्वभाविक होइन । किनभने माओवादीका माग पनि अहिले नागरिक आन्दोलनका मागभन्दा भिन्न छैनन् । अझ, सहरमा जनाधार कमजोर रहेको माओवादी विगत जनआन्दोलनको सुरुवात गर्न, सात दललाई वैचारिक ऊर्जा प्रदान गर्न तथा सात दल र माओवादीबीच समझदारी निर्माण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको नागरिक आन्दोलनसँग जोडिन चाहनु झनै स्वभाविक हो । किनभने, नागरिक आन्दोलनसँगको संलग्नता सहरी मध्यमवर्गमा प्रभाव बढाउने अवसर बन्न सक्छ, माओवादीका लागि ।

विगत जनआन्दोलनमा उत्रिएको नागरिक समाजको अधिकांश हिस्सा पुनः सडकमा देखिनुले यो आन्दोलनको आकार र प्रभाव उपेक्षा गर्न नसकिने हुने पनि निश्चित छ । तर, नागरिक आन्दोलनप्रति माओवादी समर्थनको आधार त्यति मात्र नभएको माओवादी नेताहरूकै भनाइले प्रस्ट पार्छ । नागरिक आन्दोलन अक्टोबर क्रान्तिको तयारीका निम्ति नभए पनि माओवादी नेताहरू यो आन्दोलनमा अक्टोबर क्रान्तिको सम्भावना देखिरहेका छन् । माओवादी वार्ताटोलीका सदस्य दीनानाथ शर्मा भन्छन्, 'शान्तिवार्ता असफल पार्न यसरी नै षड्यन्त्र भइरहे जनता विद्रोहमा उत्रिनेछन् र विद्रोहको नेतृत्व गर्न माओवादी तयार हुनैपर्छ ।' कहिले उत्रिनेछन् त जनता ? शर्मा भन्छन्, 'नागरिक आन्दोलनमार्फत जनता सडकमा उत्रिने क्रम सुरु भइसक्यो ।' माओवादी अध्यक्ष प्रचण्डले पनि संविधानसभा निर्वाचन हुन नदिने षड्यन्त्र भए अक्टुबर क्रान्ति

हुने तथा त्यसको नेतृत्व माओवादीले गर्ने धेरै पटक बताइसकेका छन् ।

प्रतिनिधिसभा विघटन गर्ने असार २ को सात दल-माओवादी शीर्ष नेताहरूको आठबुँदे सहमतिबारे सात दलमा विवाद देखिनु र दलकै सांसदहरू प्रतिनिधिसभाको विकल्पसमेत खोज्न तयार नहुनुले शान्तिवार्ता सहजरुपमा सफलतामा नपुग्ने शंका माओवादीलाई हुनु स्वभाविक छ । साउन ५ गते हुने भनिएको सात दल र माओवादीबीचको शिखर वार्ता अकस्मात् स्थगित हुनु र अर्को वार्ताको मिति अझै नतोकिनुले शान्तिवार्ता तत्काल हुने सम्भावना निकै टाढा पुगेको छ । माओवादी सेनाको हतियार व्यवस्थापनबारे सात दल र माओवादीबीच सहमति हुन नसक्नु, संविधानसभा निर्वाचनअघि माओवादी हतियार त्याग्न सहमत नहुनु तर अमेरिकासहित अन्तर्राष्ट्रिय समुदाय हतियार नत्यागेको माओवादीलाई सरकारमा सहभागी गराउन तयार नहुनु, तथा असार २ को सहमतिअनुसार प्रतिनिधिसभा विघटन गर्न, अन्तरिम संविधान र अन्तरिम सरकार गठन गर्न सात दलमा अझै सहमति बन्न नसक्नुले सात दल र माओवादीबीच वार्ता भए पनि सफल हुने सम्भावना अहिले कम छ । विगत जनआन्दोलनमा आफ्नो पनि हिस्सेदारी रहेकाले वार्ता सफल नभए पनि माओवादी जंगल नफर्किने बताइरहेको छ र आफ्नो सर्तमा वार्ता टुंग्याउन जनदबाबको नीति अघि बढाउने योजनामा छ । नागरिक आन्दोलनको साउन १० को धर्नामा माओवादी जनवर्गीय संगठनहरूको प्रभावशाली उपस्थितिले ऊ यो आन्दोलनलाई सकेसम्म प्रभावशाली बनाउन प्रयत्नशील हुने स्पष्ट छ ।

### शीर्ष वार्ताको टुंगो छैन

साउन ५ गते हुने भनिएको शीर्ष वार्ता साउन ४ गते सरकार र माओवादी वार्ताटोलीको संयुक्त बैठकले स्थगित गरेको भए पनि वार्ता स्थगित भएकोमा माओवादी सन्तुष्ट छैन । सहमति गर्ने र त्यसलाई लागू नगर्ने सात दलमा देखिएको प्रवृत्तिसँग दिक्क भएको बताउँछन्, माओवादी नेताहरू । 'कोसँग वार्ता गर्ने ? वार्ताटोलीसँगको सहमति नेताहरूले मान्दैनन्, नेताहरूसँगको सहमति सांसदहरूले मान्दैनन्', माओवादी वार्ताटोली सदस्य शर्मा भन्छन्, 'सात दलमा चरम अराजकता देखिन्छ, वार्ता अघि बढ्न नसक्नुको एउटा महत्त्वपूर्ण कारण त्यही हो ।' गोदावरीमा असार अन्तिममा नेपाली कांग्रेस, एमाले र माओवादी नेताहरूको अनौपचारिक वार्ताले तय गरेको शीर्ष वार्ताको मिति र एजेन्डालाई साउन २ को सात दलको बैठकले अस्वीकार गरेको थियो र शीर्ष वार्ताको एजेन्डा तय गर्न ठूलो संख्याको कार्यदललाई जिम्मा दिएको थियो । त्यही कार्यदलले शीर्ष वार्ताको एजेन्डा तयार गर्न समयाभाव भएको बताएपछि सरकारी वार्ताटोलीले माओवादी वार्ताटोलीसँग शीर्ष वार्ता स्थगित गर्ने प्रस्ताव राखेको थियो । त्यसपछि सरकार र माओवादी वार्ताटोलीबीच अनौपचारिक भेटबाहेक वार्ता भएको छैन ।

शान्तिवार्ताको गति रोकिएपछि साउन १० गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकारी वार्ताटोलीलाई आगामी वार्ताको एजेन्डा तयार गर्न निर्देशन दिए पनि शीर्ष वार्ताको तयारीमा अझै केही साता लाग्ने बताउँछन्, एमाले नेता झलनाथ खनाल । 'गृहकार्य नपुगेर शीर्ष वार्ता नभएको हो । हतियार व्यवस्थापन, अन्तरिम संविधान, प्रतिनिधिसभाको विकल्प, अन्तरिम सरकार, युद्धविराम र मानवअधिकार सम्झौताबारे प्याकेजमै छलफल गर्नुपर्ने भएकाले समय त लाग्छ नै', एमाले नेता खनाल भन्छन्, 'सात दल र माओवादी दुवै पक्ष तयारीमा छन् अहिले । गम्भीर समस्या समाधानमा समय लाग्नु अस्वभाविक होइन, यो गम्भीर तयारीको कालखण्ड हो ।' युद्धविराम र मानवअधिकार सम्झौतामा मात्रै छलफल र हस्ताक्षर गर्ने सरकार र सात दलको प्रस्ताव माओवादीले अस्वीकार गरेपछि माओवादी मागअनुसार अहिले समस्या रहेका सबै विषयमा 'प्याकेज' छलफल र सहमति गर्ने टुंगोमा पुगेका छन्, सात दल, सरकार र माओवादी । राजनीतिक र प्रमुख विषयमा सहमति नभए युद्धविराम र मानवअधिकार सम्झौता गर्नुको कुनै अर्थ नभएको अडान माओवादीले राखेको थियो ।

साउन ४ गते सरकारी वार्ताटोलीसँगको भेटपछि माओवादी वार्ताटोली प्रमुख कृष्णबहादुर महराले 'आगामी वार्ता हुने नहुने टुंगो छैन' भनेर बताउनुले साउन १२ गते समाप्त हुने तीनमहिने युद्धविरामलाई माओवादीले नबढाउने आशंका जन्माए पनि माओवादीले युद्धविरामको अवधि लम्ब्याउने निश्चित छ । माओवादी वार्ताटोली सदस्य शर्माले 'शान्तिप्रतिको जनचाहनाका कारण युद्धविराम अवधि लम्ब्याइने सार्वजनिकरूपमै बताइसकेका छन् । वार्ता अघि नबढेका समयमा माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराईले राजनीतिज्ञ, विदेशी कूटनीतिज्ञ मात्र नभएर नेपाली सेनाका पूर्व र वर्तमान अधिकारीहरूलाई पनि भेटिरहेका छन् । यसै साता माओवादी नेताहरूले सेनाका पूर्व जनरल सिवी गुरुङसँग भेटघाट गरेको स्रोत बताउँछ । प्रचण्ड र बाबुरामसँग भेट्न प्रधानसेनापति प्यारजंग थापाले सरकारको स्वीकृति प्राप्त गरिसकेको पनि स्रोत उल्लेख गर्छ । ■



गोदावरी बैठकपछि माओवादी अध्यक्ष प्रचण्ड पत्रकारहरूसँग कुरा गर्दै

अजय जोशी

## भारतका माओवादी असन्तुष्ट

**सरकारसँगको** वार्तामा समस्या झेलिरहेको माओवादीलाई उसको भारतीय भाइचारा भारतीय कम्युनिष्ट पार्टी (माओवादी)ले पछिल्ला नीतिमा पुनर्विचार गर्न आग्रह गरेको छ । 'पिपुल्स मार्च' नामको भारतीय पत्रिकासँगको अन्तर्वार्तामा भारतीय माओवादी पार्टीका प्रवक्ता आजादले भनेका छन्, 'माओवादी र यसको नेतृत्वलाई आफ्ना पछिल्ला केही अडानमाथि पुनर्विचार गर्न र विगतका गल्तीहरूको इतिहासबाट पाठ सिक्न आग्रह गर्छौं ।' उनले अन्तर्वार्तामा सात दलसहितको अन्तरिम सरकारमा सहभागी हुने माओवादी निर्णयप्रति असहमत हुँदै भनेका छन्, 'केही सुधार होला, तर पुरानो राज्यशक्तिलाई प्रयोग गरेर नेपाली भूमिबाट सामन्तवादलाई चकनाचुर पार्न र साम्राज्यवादलाई विस्थापित गर्न कसैले सक्नेछैन ।'

नेपाल र भारतका माओवादीबीच अहिले केही विषयमा मतभेद देखिए पनि गत वर्ष भारत र नेपाल सरकारविरुद्ध लडाइँ अघि बढाउन प्रचण्ड र भारतीय माओवादीका महामन्त्री गणपतिले संयुक्त विज्ञप्ति निकालेका थिए । दुवै पार्टी दक्षिण एसियाली माओवादी संगठनहरूको संयन्त्र 'कम्पोसा'का संस्थापक सदस्य हुन् । दक्षिण भारतको आन्ध्र प्रदेशमा सक्रिय 'पिपुल्स वार ग्रुप' र उत्तरी बिहारमा सक्रिय माओवादी पार्टीलाई एक बनाउन नेपालकै माओवादीको महत्त्वपूर्ण भूमिका रहेको मानिन्छ । ■



# सबैतिर अन्योल

■ विशेष संवाददाता/काठमाडौं/तस्वीरः भास्वर ओझा

पुनःस्थापित प्रतिनिधिसभा शक्ति पृथकीकरणको सिद्धान्तविपरीत संसद्को निरंकुशतामा केन्द्रित हुन थालेपछि सरकार–माओवादी शान्तिवार्ता समेत धरापमा पर्ने संकेत देखापर्न थालेको छ। त्यसमाथि संसद्ले गरेका अनेकौं घोषणाका कारण मुलुकभित्र अनेक रिक्तता उत्पन्न भएका छन्, जसको विकल्प न संसद्ले न त सरकारले नै दिन सकेको छ। यसले गर्दा आमजनतामा शान्ति प्रक्रियाका बारेमा अन्योल छाएको छ।



**प्रतिनिधित्वमूलक संस्थाहरू** विलोप हुँदै उत्पन्न राजनीतिक शून्यता समाप्त गर्न ऐतिहासिक जनआन्दोलनले सबभन्दा प्राथमिकतासाथ अगाडि बढाएको एजेन्डा थियो, प्रतिनिधिसभा पुनःस्थापना। वैशाख १५ गते पुनर्जीवित संसद् नियमित बहसको मात्र हैन, छिट्टै नै विवादको थलो पनि बन्न थालेको छ। माओवादी र ऊसँग नजिक नागरिक समाजको एउटा हिस्साले अब उसलाई प्रतिगमनको नयाँ रूपका रूपमा प्रस्तुत गर्न थालेका छन् भने संसद्को आफ्नै गतिविधि र चरित्र हेर्दा उसको दुरुपयोग कुनै पनि निहित स्वार्थबाट हुनसक्ने संकेतहरू देखापरेका छन्।

प्रधानमन्त्री तथा सदनका नेता गिरिजाप्रसाद कोइरालाको अनुपस्थितिले पनि पुनर्जीवित प्रतिनिधिसभालाई अनुशासन र सहमतिका एजेन्डामा ल्याउन कठिन भएको छ।

उता विश्वका संसदीय मोडल बाहिर जनआन्दोलनका नाममा पाखुरा सुर्केकै भरमा सांसदहरूले एउटा नयाँ अभ्यास सुरु गरे- संसद्मा ल्याइएका नयाँ नियमहरूसँग बाँझिने संविधानका प्रावधानहरू स्वतः खारेज हुने व्यवस्था गरेर। त्यसअन्तर्गत संविधानका २३ वटा धारा स्वतः खारेज घोषित भएका छन्। र, संसद्कै घोषणाका कारण मुलुकभित्र अनेक रिक्तता उत्पन्न भएका छन्, जसको विकल्प न संसद्ले त न सरकारले नै दिन सकेका छन्।

'संसद्को घोषणापछिको अन्योलले राष्ट्राध्यक्षको अस्तित्व रहे नरहेको समेत स्पष्ट हुनसकेको छैन। संसद्ले राजालाई राष्ट्राध्यक्ष घोषित गरेको छैन। तर, विदेशी राजदूतहरूले ओहदाको प्रमाणपत्र राजालाई बुझाउँदै आएका छन्', विपी कोइरालाका सहकर्मी तथा कांग्रेसका पूर्व महामन्त्री श्रीभद्र शर्मा भन्छन्।

त्यस्तै राजासमक्ष र पछि संसद्मा- दुई ठाउँमा प्रधानमन्त्रीले शपथ लिने परम्पराको औचित्यबारे पनि प्रश्न उठाएका छन् शर्माले। आन्दोलनको लहर टाढिँदै जाँदा यस्ता व्यवहार हास्यास्पद बन्न सक्ने आशंका शर्माको मात्र हैन, धेरैको छ।

आफ्नो घोषणा के संसद्का लागि घाँडो नबन्ला त? संसदीय परम्पराका एक व्याख्याताका अनुसार जेठ ४ को घोषणालाई असरा २ गतेको सात दल-माओवादी शीर्ष नेताहरूको ८ बुँदे बालुवाटार सहमतिले मृत्युको सँघारमा पुऱ्याएको छ। अन्तरिम संविधान बन्ने प्रक्रिया जारी छ, संविधानका धाराहरू हचुवाका भरमा खारेज भएका छन्, त्यो अवस्थामा के संसद्को हुकुमप्रमांगीबाट राज्य चलाउने?' नाम नखुलाउने सर्तमा उनी सोध्छन्।

तर यो अन्योल र दिशाविहीनताले नयाँ उचाइ हासिल गऱ्यो साउन ९ गते जब संसद्ले संकल्पद्वारा सरकारलाई निर्देशन दियो- अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम प्रस्तावलाई अनुमोदन गर्न। 'संसद्को छाडापनको अर्को नमुना हुन सक्तैन', एकजना परराष्ट्र मामिलाविद् भन्छन्। मुलुकका लागि यति गम्भीर विषयमा विवादित हैसियतको संसद्ले यस्तो निर्देशन जारी गर्नुअघि न मुलुकका राजनीतिक दलहरूबीच न त परराष्ट्र मन्त्रालयसँग यसका परिणामबारे कुनै छलफल नै भयो। 'यो संसद्को छाडा चरित्र हो', उनले भने।

वास्तवमा संसद्ले कुनै सोच विचार नगरी केही मानवअधिकारवादी संस्थाहरूको लहैलहैमा लागेर यो निर्णय गरेको मान्नेहरू धेरै छन्। माओवादीसँग जारी वार्तामा पनि संसद्को यो निर्णयले व्यवधान उत्पन्न गर्न सक्छ। रोम सम्झौतामा कसैले जबरजस्ती रुपमा अरूको सम्पत्ति हडपेको मामिला पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको विषय बन्न सक्छ। सांसदहरू यसबाट राजा या सेनामाथिको कारबाहीमा मात्र सहयोग पुग्ने भ्रममा पक्कै छैनन्। अन्तर्राष्ट्रिय कानुनका ज्ञाता भीमार्जुन आचार्य पनि संसद्ले यो विषयमा हतार गरेको मान्यता राख्छन्।

अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि राष्ट्रिय सञ्जाल र मानवअधिकार सन्धि अनुगमन समितिले केही दिनपूर्व सभामुख सुवास नेम्वाङलाई ज्ञापनपत्रद्वारा सरकारलाई रोम सम्झौता अनुमोदन गर्न निर्देशन माग गरेका थिए। तत्काल सकारात्मक कदमको आश्वासन दिएका सभामुखले सदनको प्रस्तावपछि औपचारिक रुपमा निर्देशन जारी गरेका हुन्- सरकारसँग सरसल्लाहविना नै।

केही दिनअगाडि मात्र सदनले शक्ति पृथकीकरणको सिद्धान्तविपरीत सर्वोच्च न्यायालयका न्यायाधीशहरूलाई विधायिकामा शपथ ग्रहण गर्नुपर्ने माग राखेपछि त्यस्तो अवस्थामा आफूले राजीनामा गर्ने न्यायाधीश अनुपराज शर्माको सार्वजनिक अडानपछि संसद्ले प्रस्तावित नियमावलीको त्यो प्रावधान अन्तिम घडिमा खारेज गरेको थियो। त्यस्तै विभिन्न संवैधानिक ओहदा र केही न्यायाधीशविरुद्ध समेत 'थोक'का भाउमा महाभियोग ल्याउने बयान दिएर संसद् ज्यादा आफ्नो 'मस्सल' प्रदर्शन गर्नमा व्यस्त देखिएको थियो।


वास्तवमा पुनःस्थापित प्रतिनिधिसभामा यति छिटो बेथिति देखिने आशा कसैले गरेको थिएन। झन्डै ३ चौथाइ सदस्यहरूको अनुहार आन्दोलनमा कसैले नदेखे पनि पुनःस्थापित संसद्मा उनीहरू स्वतः सदस्य बन्न पाए। तर, उनीहरू न गम्भीर बन्न सके, न आन्दोलनको जनादेशलाई नै वस्तुगतरुपमा मनन गर्न सके।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सात दलका अन्य नेताहरूसँग मिलेर असार २ गतेको बालुवाटार सहमतिअनुसार उचित समयमा वैकल्पिक व्यवस्थाका साथ संसद् भंग गरिने प्रतिवद्धता माओवादीसमक्ष जनाएका छन्। तर, आफ्नै संसदी दलले त्यसको विरोधमा प्रस्ताव पास गरे पनि संसद् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विषयमा उदासीन रहँदा त्यसको निरन्तरताको औचित्य सावित गर्न प्रधानमन्त्रीलाई कठिन भएको छ।

'संसद् भंग हुने सहमति भइसकेको छ। त्यसका लागि वातावरण बनाउने जिम्मा सरकार र माओवादीको हो', प्रधानमन्त्री निकटस्थ तथा कांग्रेस कार्यकारिणी सदस्य शेखर कोइराला भन्छन्। माओवादीसँगको वार्ताको पृष्ठभूमिमा संसद् विघटन एउटा छुट्टै बहसको विषय हो। तर, पुनःस्थापनायता सरकारको घोषणा, बजेट प्रस्तुत र भारत यात्राका 'उपलब्धि'बाहेक अन्य महत्त्वपूर्ण विषयमा संसद्मा बहस हुन सकेका छैनन्।

खासगरी सरकारद्वारा हालै भएका विभिन्न नियुक्ति प्रकरणमा भएका भनिएका भ्रष्टाचारबारे, मुलुक विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा प्रतिनिधित्वविहीन रहेका विषयमा सदनमा कुनै बहस भएको छैन। करिब १३ मुलुकमा नेपाली राजदूत छैनन्। संसद्ले यसबाट मुलुकले भोग्नुपरेको परिणामबारे सरकारलाई सचेतसम्म गराएको छैन।

साथै संविधानसभा निर्वाचनसम्बन्धी संकल्प पारित भए पनि त्यसबारे संसद्ले कुनै चासो देखाएको छैन। यसबारे मुलुकमा अधिकांश व्यक्ति अनभिज्ञ रहेको तथ्य एक सर्वेक्षणले देखाएको छ। नेपाल इन्टरनेसनल फोरम नामक एक गैरसरकारी



**प्रतिनिधिसभाको निरन्तरता या विघटनको पक्ष विपक्षबारे सात दल र माओवादीहरूका आ–आफ्ना राजनीतिक अडान छन् । तर, संसद्को निरन्तरताको पक्षमा रहेकाहरूलाई पनि संसद्को छाडापन या महत्त्वपूर्ण विषयहरूमा उसको उदासीनताले अप्ठ्यारोमा पारेको छ ।**

संस्थाद्वारा हालै ३१ नगरपालिकाका काठमाडौं, भक्तपुर, ललितपुर, पोखरा, विराटनगर, नेपालगन्ज, पाल्पा, दिपायल लगायत मुख्य सहरहरूमा गरेको सर्वेक्षणअनुसार निरक्षरमध्ये ७१ प्रतिशतले संविधानसभाबारे आफूलाई कुनै जानकारी नभएको बताए । त्यस्तै उत्तर थियो, करिब ६४ प्रतिशत जातीय समूहहरूको । मध्यपश्चिमाञ्चल विकास क्षेत्रका वादी, मगर, थारू र परियार समूहका अन्तर्वार्ता गरिएका ९६ प्रतिशतले पनि यसबारे आफू अनभिज्ञ रहेको बताए ।

कुल १,८०० व्यक्तिसँग गरिएको उक्त सर्वेक्षण ६ समूहमा विभक्त गरिएका व्यक्तिहरूबीच गरिएको थियो । त्यसमा राजनीतिक, व्यवसायिक, विद्यार्थी, किसान, जातीय र निरक्षरहरूको अलग अलग समूह सामेल थिए । फोरम अध्यक्ष नरेश भट्टका अनुसार अधिकांशलाई संविधानसभा र पूर्वका संसदीय निर्वाचनको अन्तरबारे खासै जानकारी छैन ।

यी सबै भावी राजनीति र ऐतिहासिक आन्दोलनका कारण जन्मिएको प्रतिनिधिसभाबाट मुलुकवासी तथा अन्तर्राष्ट्रियजगत्ले के अपेक्षा गरेका छन् भन्नेबारे संसद् अनभिज्ञ या पूर्ण उदासीन रहेको प्रमाण हो यो । यद्यपि, प्रतिनिधिसभाको निरन्तरता या विघटनको पक्ष विपक्षबारे सात दल र माओवादीहरूका आ–आफ्ना राजनीतिक अडान छन् । तर, संसद्को निरन्तरताको पक्षमा रहेकाहरूलाई पनि संसद्को छाडापन या महत्त्वपूर्ण विषयहरूमा उसको उदासीनताले अप्ठ्यारोमा पारेको छ ।

'माओवादीसहितको सात दल समूहले जनस्तर तथा ग्रामीण तहका बजेटहरूमा नियन्त्रण गर्ने निर्णय हुन लागिरहेको छ । संसद् विघटनपछि उनीहरू बढी दबाबकारी र छाडा हुनेछन्', क्याबिनेटस्तरका एक मन्त्रीले भने । तर, संसदीय छाडापनबाट माओवादीले बढी राजनीतिक लाभ हासिल गरेको उनी स्विकार्छन् ।

वास्तवमा संसद्वादी समूहहरूको छाडापन एकातिर र जनताको नजरमा फेरि यिनीहरू 'भ्रष्ट नै हुन्' भन्ने खालको 'छवि' बन्दा संसद्प्रति नकारात्मक भावना बढ्दै गएको छ । नागरिक समाजका नाममा देवेन्द्रराज पाण्डेको अगुवाइमा बुधवारदेखि सुरु भएको आन्दोलनले त्यो जनभावनालाई विरोधको आगोमा परिवर्तन गर्न सक्ने मान्यता पनि बढ्दो छ । किनकि त्यसमा माओवादीको सक्रिय सहभागिता हुने निश्चितप्रायः छ । वैकल्पिक व्यवस्था र हतियार व्यवस्थापनविना संसद् विघटन नगर्न कोइरालाले माओवादी नेतृत्वसँग गरेको आग्रहलाई विद्रोहीहरूले अस्वीकार नगरे पनि देवेन्द्रराज पाण्डेमार्फत उनीहरूले आन्दोलन चलाएपछि वार्तामा एउटा संकट आउन सक्ने' आशंका प्रधानमन्त्रीले आफू नजिकका मन्त्री तथा कांग्रेसी नेताहरूसँग गरेको बालुवाटार सूत्रले जनाएको छ ।

वास्तवमा यो चुनौतीलाई संसद्ले गम्भीरताका साथ लिँदै त्यसको सामना गर्ला या आफ्नो अस्तित्व असान्दर्भिक निर्णयहरूका लागि प्रयोग गर्ला, त्यसले पनि संसद्बारे जनधारणालाई प्रभावित गर्नेछ ।

प्रधानमन्त्रीको स्वास्थ्य स्थिति उनी सक्रिय हुने गरी सुधार नभएको र उनले आफूलाई प्रतिनिधित्व गर्ने गरी कसैलाई नतोकेको अवस्थामा संसद् विघटनले अरू अराजकता उत्पन्न गर्न सक्छ । 'एकछिनका लागि संसद् विघटनको प्रसंग अलग राखौं । कोइरालाको उत्तराधिकारी छनोट गर्नुपर्ने बाध्यता आएमा संसद्बाट सहज हुन्छ । तर, संसद् नरहेमा त्यो धेरै कठिन हुनेछ', कांग्रेस प्रजातान्त्रिकका नेता प्रदीप गिरी भन्छन् ।

तर, अहिलेको बहस संसद्को सान्दर्भिकतालाई प्रश्न गर्नुभन्दा पनि बढी उसको छाडा र गम्भीरताविहीन भूमिकाबाट उत्पन्न भएको हो । संसद् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा गम्भीर नबने उसको अस्तित्व रहे पनि संसद् सम्मानहीन र जनउपहासको निसाना बन्ने देखिन्छ । ■

Mobile Unlock and Repairing

हरेक किसिमको मोबाइल Unlock तथा Repairing ग्यारेन्टीका साथ गरिन्छ ।



Namaste Mobile Service Center

Shop No. 120, 1st Floor
Bishal Bazar, Supermarket
Tel : 01-4228151
Mobile : 9831021166



भास्कर ओझा

# अग्रणी लिटिल एञ्जल्स

**२६ वर्षअघि ६ जना** शिक्षक, सयजति विद्यार्थीबाट सञ्चालन सुरु गरिएको लिटिल एञ्जल्स स्कुलले विशाल फड्को मारेको छ। एउटा घर भाडामा लिएर सञ्चालन गरिएको उक्त स्कुल अहिले भौतिक संरचनाका दृष्टिले मुलुकमै सम्पन्न शिक्षण संस्था भएको छ। अहिले लिटिल एञ्जल्सको स्वामित्वमा करिब १ अर्ब जतिको सम्पत्ति रहेको छ। गौरवपूर्ण इतिहास कायम गर्न सफल लिटिल एञ्जल्सले हालै रजत जयन्ती समापन समारोहको औपचारिक कार्यक्रम आयोजना गऱ्यो। समारोहमा स्कुलका विद्यार्थीले सांस्कृतिक कार्यक्रम लगायत आफ्ना विभिन्न प्रतिभा प्रस्तुत गरेका थिए।

'लिटिल एञ्जल्सले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदान उल्लेखनीय छ। यो सबैको लागि गर्वको कुरा हो', समापन समारोहका प्रमुख अतिथि प्रतिनिधिसभाका सभामुख सुवास चन्द्र नेम्वाङले बताए। कार्यक्रममा मन्तव्य राख्दै लिटिल एञ्जल्सका संस्थापक प्रिन्सिपल उमेश श्रेष्ठले शिक्षक, अभिभावक, विद्यार्थीको सामूहिक प्रयत्नबाट विद्यालयले यो उचाइ हासिल गरेको विचार राखे।

'विद्यालयलाई सफलताको यो स्थानमा ल्याउन भूमिका निर्वाह गर्ने सबैप्रति कृतज्ञ छौं', संस्थापक प्रिन्सिपल श्रेष्ठको भनाइ थियो। विज्ञान र वाणिज्यमा दस जोड दुई सञ्चालन गरेको लिटिल एञ्जल्समा कुल ५ हजारजति विद्यार्थी अध्ययनरत छन्। लिटिल एञ्जल्स मुलुकका दस उत्कृष्ट उच्चमाविमध्ये एक रहेको यसको विगत ५ वर्षको उत्कृष्ट नतिजा, भौतिक पूर्वाधार, शिक्षण क्रियाकलापले सावित गरिसकेको छ। विगतका एसएलसी परीक्षामा समेत बोर्डमा उत्कृष्ट स्थान हासिल गर्दै गरेको उक्त विद्यालयबाट यसपटकको एसएलसीमा ८० विद्यार्थी विशिष्ट श्रेणीमा उचिर्ण भएका छन्। यसका साथै काठमाडौं विश्वविद्यालयको सम्बन्धनमा लिटिल एञ्जल्स कलेज अफ म्यानेजमेन्ट पनि सञ्चालनमा छ, जहाँ बिबिए पढाइ हुन्छ।

पढाइका अतिरिक्त खेलकुद र विभिन्न क्रियाकलापमा लिटिल एञ्जल्सका विद्यार्थीले उत्कृष्ट स्थान हासिल गरेर कीर्तिमान कायम गरेका छन्। त्यही अध्यनरत विलक्षण स्मरण शक्तिका धनी सगुन खत्रीले १ सय शब्द स्मरण गरेर नयाँ रेकर्ड कायम गर्दै स्कुलको गौरव बढाएका छन्। प्रिन्सिपल श्रेष्ठ भन्छन्, 'आगामी दिनमा पनि गुणस्तरीय शिक्षाप्रति हामी प्रतिबद्ध हुनेछौं।' ■







माओवादीद्वारा सप्तरी भारदहमा स्थापना गरिएको जनमुक्ति सेनाको आधार शिविर

श्यामसुन्दर यादव

# प्रमुखता पाउँदै

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**राजधानीमा मधेसी** भनेर सम्बोधन गर्दा आवेशमा आउने र हीन भावना लिने तराई मूलका नागरिकहरू केही वर्षदेखि गर्वका साथ मधेसी भन्न रुचाउँछन् । राजधानी केन्द्रित कार्यक्रम गर्ने, गोष्ठी सेमिनार गर्ने काममा तीव्रता आएको छ । माओवादी मधेसी मुक्ति मोर्चाले आउँदो कात्तिक १५-१७ सम्म काठमाडौंमै मोर्चाको पहिलो भेला गर्दै छ । धोती, कुर्ता, लुंगी र पाइजामा लगाएका हजारौं मधेसी काठमाडौंका सडकमा उक्त समयमा परेड खेल्ने मोर्चाका अध्यक्ष मातृका यादव बताउँछन् ।

वर्षौंदेखि कचल्टिएको नागरिकता समस्या छिनोफानो गर्न सबै खाले राजनीतिक दलहरू एक स्वरले तयार भएका छन् । तिनै दलहरू मेचीदेखि महाकालीसम्म फैलिएको मैदानी भागमा कसरी वर्चस्व कायम गर्ने भन्ने चिन्तनबाट नयाँ किसिमले संगठन गर्ने अभियानमा जुटेका छन् ।

एमालेले मधेसमा बेग्लै संगठन खोल्ने अन्तिम तयारी गरेको छ । 'अखिल नेपाल मधेसी संगठन' नामको त्यो संगठनले मधेसमा एमालेको संगठन फैलाउने काम गर्नेछ । पार्टीका अन्य वर्गीय संगठनजस्तै मधेसी संगठन साउनको तेस्रो सातासम्म अस्तित्वमा आउने देखिन्छ । उक्त संगठन अस्तित्वमा आएको स्थितिमा पार्टीको मूलधारबाट किनारा लागेका केही मधेसी नेताहरूले महत्त्वपूर्ण जिम्मेवारी पाउने सम्भावना छ ।

राष्ट्रिय राजनीतिमा प्रमुख दलको हैसियत प्राप्त गरेको एमाले मधेस (तराई)का जिल्लाहरूमा नेपाली कांग्रेसको तुलनामा कमजोर छ र एमालेमा लागेका मधेसी मूलका नेताहरू पनि उत्तिकै असन्तुष्ट छन् । यस्तो अवस्थामा एमाले बेग्लै संगठन बनाउन लागिपरेको हो । एमालेभित्र मधेसमा बलियो संगठन बनाउनुपर्छ भन्ने सोच भने पुरानै हो । २०५० सालमा एमालेले 'तराई समस्या अध्ययन कार्यदल' बनाएर मधेसका समस्या केलाउने काम गर्‍यो र केन्द्रमा प्रतिवेदन बुझायो । तर, पार्टी नेतृत्वले प्रतिवेदननै लुकाउने काम गरेको आरोप लगाउन पछि पर्दैनन् मधेसी नेताहरू । सीतानन्दन रायको संयोजकत्वमा बनेको कार्यदलले तयार पारेको प्रतिवेदन एमाले नेतृत्वले कार्यान्वयन सुरुमा आनाकानी गरे पनि परिवर्तित राजनीतिमा अहिले एमाले मधेसी संगठन खोल्ने अवस्थामा पुग्यो ।

उपेन्द्र यादव, त्यस बेला मधेसमा संगठन बलियो बनाउनुपर्छ भन्ने मान्यता राख्नेहरूलाई एमाले नेतृत्वले पाखा लगाउने गरेको आरोप लगाउँछन् । आफू एमालेको राजनीति सित चित्त नबुझेर अलग भएर २०५४ सालमा मन मिल्ने मधेसी बुद्धिजीवीहरू मिली मधेसी जनाधिकार फोरम गठन गरेको उनको भनाइ छ । मधेसका नागरिकता, आर्थिक, सामाजिक मुद्दाहरूलाई विभिन्न प्रकाशनहरूमार्फत सार्वजनिक गर्दै आएका उपेन्द्रको फोरमले २ वर्षअघि नयाँ काँचुली फेर्‍यो । नेपाली कांग्रेसको राजनीतिबाट विरक्तिएका जेपी आनन्द फोरमको महासचिव बन्न पुगे भने उपेन्द्र अध्यक्ष । फोरम अहिले राजनीतिक दलको रुप धारण गर्ने अभियानमा जुटेको छ । यादव भन्छन्, 'मधेसको समस्यालाई राजनीतिक हिसाबले समाधान गर्न सकिएन भने त्यसले सशस्त्र विद्रोह वा साम्प्रदायिकताको बाटो लिन सक्छ ।' फोरमा एमालेका पुराना नेता सीतानन्दन लगायतका मूलधारको राजनीतिमा नाम स्थापित नेताहरू समेत लागेका छन् ।

नेपाल सद्भावना पार्टीले २०४६ को परिवर्तनपछि मधेसी मुद्दालाई राष्ट्रिय राजनीतिमा ल्याउने प्रमुख भूमिका खेलेको छ । संस्थापक नेता गजेन्द्रनारायण सिंहको निधनपछि पार्टीमा सुरु भएको विखण्डनबाट

# आक्रामक माओवादी

जनतान्त्रिक तराईमुक्ति मोर्चाविरुद्ध आक्रामक रूपमा प्रस्तुत भएका छन् माओवादीहरू। माओवादी केन्द्रीय सदस्य एवं मधेसी राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष मातृका यादवले जनतान्त्रिकविरुद्ध प्रतिरोधात्मक युद्ध घोषणा गरेको साता बित्न नपाउँदै करिब ५० जनाको संख्यामा रहेको सशस्त्र माओवादी छापामारले साउन ३ गते राति सिरहाको सहैठा गाविसस्थित सोहर्वा टोलमा दर्जनभन्दा बढी परिवारका व्यक्तिलाई निर्घात कुटपिट गरे।

जनतान्त्रिक तराई मुक्तिमोर्चाका पोलिटब्युरो सदस्य एवं पश्चिमी कमान्ड इन्चार्ज रामविलास यादवको घर खोज्दै उक्त बस्ती पुगेको माओवादीले पुरुष मात्र होइनन्, महिलालाई समेत कुटपिट गरे। आक्रामक देखिएका सशस्त्र हतियारधारी छापामारले मोर्चाका नेता यादवका दाइ रामलखन यादवलाई 'भाइ खोइ' भन्दै रामलखनकी पत्नी र छोरालाई समेत निर्घात कुटपिट गरे। घर खानतलासीका क्रममा कृषि विकास बैंकबाट ऋण ल्याएको नगद १ लाख ५० हजार तथा करिब ५० हजार रुपैयाँबराबरको सुनचाँदीको गहनासमेत लुटेर लगे उनीहरूले।

मोर्चाका कार्यकर्तालाई खोज्दै सोहर्वा गाउँ प्रवेश गरेका माओवादीको उक्त समूहले सोही ठाउँका देवनारायण यादव, जीवछ यादव, जगवीर मुखिया समेतलाई कुटपिट गरे।

माओवादीले सोही रात सिरहा इटाटारका अरुण यादवको घरमा प्रवेश गरी कुटपिट गरे। माओवादीका पूर्व कार्यकर्ता अरुण मोर्चामा लागेकै आरोपमा माओवादीको सशस्त्र समूहले नियन्त्रणमा लिन खोज्दा पत्नी रञ्जिता देवीले भगाउन सहयोग गरेकी थिइन्।

यता आफ्ना कार्यकर्ता र उनका परिवारजनप्रति लक्षित माओवादीको उक्त कारबाहीलाई मोर्चाका पूर्वी कमान्ड ज्वाला सिंह र सिरहा जिल्ला संयोजक श्यामले कायरताको संज्ञा दिएका छन्।

मोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतले माओवादीले आफ्ना कार्यकर्ताविरुद्ध जारी शृंखलाबद्ध आतंकको निन्दा गरेका छन्। माओवादी केन्द्रीय सदस्य यादवद्वारा मोर्चाविरुद्ध गरिएको युद्ध घोषणाको प्रतिरोध गर्न अन्तिम अवस्थासम्म लड्ने गोइतको विज्ञप्तिमा उल्लेख छ।

सप्तरी भारदहस्थित कंकालिनी मन्दिर अगाडि कोशी ब्यारेज बाँधमा जनतान्त्रिक र माओवादीबीच साउन ४ गते राति भिडन्त भएको थियो। भिडन्तपछि मोटरसाइकल चढी आएका मोर्चाका कार्यकर्ता भागेका थिए।

भारतीय सीमावर्ती गाविसमा मोर्चाले प्रतिरोधात्मक कारबाही तीव्र पारेपछि माओवादीले साउन ५ गते भारदहमा जनमुक्ति सेनाको आधार शिविर स्थापना गरेको छ।

■ **श्यामसुन्दर यादव/राजविराज**

---

यो पार्टी नराम्ररी प्रभावित बनेको छ। राजाको प्रत्यक्ष शासनमा सद्भावना पार्टी पुराना पञ्च बद्री मण्डलले कब्जा गरेर मन्त्री समेत भए भने सिंहपत्नी आनन्दीदेवीलाई नेता मानेर सद्भावनाका अधिकांश नेता सद्भावना (आनन्दीदेवी)को नाममा आन्दोलनमा उत्रिए। सद्भावना (आनन्दीदेवी) सात दलमध्येको एक घटक हो र सरकारमा पनि सामेल छ। पार्टीका उपाध्यक्ष भरतविमल यादव अन्य राजनीतिक दलहरू पनि मधेसका समस्यामा एक भएर आएकोमा सन्तुष्ट छन्। उनी भन्छन्, 'तर इमानदार भएर मधेसका मामलामा प्रस्तुत हुनुपर्‍यो, खालि भोटको राजनीति गर्ने होइन।' नागरिकता, हिन्दी भाषालाई मान्यता जस्ता प्रमुख माग लिएर वर्षौंदेखि सक्रिय सद्भावनाको संगठन भने अहिले नराम्ररी खुम्चिएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले हालै मधेसी विभाग गठन गरेको छ। साउन ८ मा केन्द्रीय सदस्य नरेन्द्र चौधरीलाई विभाग प्रमुखको औपचारिक पत्र दिएका छन् अध्यक्ष पशुपतिशम्सेर राणाले। चौधरी विभागका अन्य सदस्य मनोनयन गरेपछि काम थाल्ने बताउँछन्। राप्रपाले अहिले किन विभाग खोलेको भन्ने प्रश्नमा चौधरी भन्छन्, 'हामीले आमनिर्वाचन २०५६ देखि नै माग गर्दै आएका थियौं, बल्ल माग पुरा भयो।'

नेपाली कांग्रेस (प्रजातान्त्रिक)का केन्द्रीय सदस्य उमाकान्त चौधरी पार्टीले जिम्मा दिएको 'तराई समस्या, प्रतिनिधित्व र भूमिका' शीर्षकको प्रतिवेदनलाई अन्तिम रुप दिन सक्रिय छन्। उनी भन्छन्, 'हामीले आर्थिक, सामाजिक र सांस्कृतिक सबै खाले समस्याको पहिचान गरिसकेका छौं।' पार्टीको महाधिवेशनमा मधेसी समुदायकाबाट केन्द्रीय समितिमा निर्वाचित चौधरी, अधिवेशनका बेलाको समावेशीकरणको नारा अहिले समानुपातिक प्रतिनिधित्वमा विकसित भएको बताउँछन्। कांग्रेस (प्रजातान्त्रिक) 'जमदमक' नारामा जनजाति, महिला, दलित, मधेसी र कर्णालीका नाममा आरक्षण छुट्याएर केन्द्रीय समितिमा प्रतिनिधित्व गराएर समावेशी नीतिलाई कार्यान्वयमा ल्याएने पहिलो पार्टी हो। मुलुकलाई संघीय अवधारणाअनुसार विभाजन गर्नुपर्छ भन्ने नीति लिएको नेपाली कांग्रेस (प्रजातान्त्रिक)का केन्द्रीय सदस्य उमाकान्त चौधरी मधेसमा पार्टीको नेतृत्वदायी भूमिका कसरी हुन सक्छ भनेर अध्ययन सुझाव दिन पनि पछि परेका छैनन्।

मधेसमा तुलनात्मक रुपमा बलियो देखिएको नेपाली कांग्रेसले अहिलेसम्म बेग्लै मधेस विभाग वा संगठनको आवश्यकता ठानेको छैन। तर, पार्टीमा मधेसी मूलका नेताहरूलाई जिम्मेवारी दिने कुरामा अघिल्ला वर्षहरूभन्दा उदारता अपनाएको देखिन्छ। सह-महामन्त्री डा. रामवरण यादव भन्छन्, 'पार्टीले समावेशी नीति अपनाएको छ, हामी त्यही नीतिबाट अघि बढ्नेछौं।'

जातीय र क्षेत्रीय राजनीतिमा सबैभन्दा अग्रणी देखिएको माओवादीको मधेसी मोर्चा मधेसमा सदस्यता वितरण अभियानमा कस्सिएको छ। मोर्चाका अध्यक्ष यादव ३५ लाखलाई सदस्यता वितरण गर्ने दाबी गर्छन्। उनले भने जस्तो सदस्यता वितरण हुने हो भने २०५८ को जनगणनाको तथ्यांकको झन्डै आधा नाबालक सहित मधेसी मूलका नागरिक माओवादी पार्टीका सदस्य हुनेछन्। जनगणनाअनुसार मधेसमा मधेसी मूलको कुल जनसंख्या करिब ७३ लाख मात्र छ।

माओवादीले मधेसी मोर्चाका संस्थापक नेता हतियार लिएर आफैंमाथि जाइलागेको चुनौतीपूर्ण अवस्थामा वर्तमान अध्यक्ष मातृकालाई पनि थामथुम पारेर राखिएको वास्तविकता खुल्न थालेको छ। माओवादीले मधेसलाई कोचिला, मधेसी र थरुवान गरी तीनभागमा विभाजन गरेकोमा मातृका सहमत छैनन्। उनी भन्छन्, 'मेरो मान्यता सिंगो मधेस हो, त्यही मधेसभित्र कोचिला, थरुवान र अरू पनि हुन सक्छन्।' भारतमा पक्राउ पर्नुअघि, पार्टीको नीति चित्त नबुझेर वैकल्पिक पोलितब्यूरो सदस्यबाट राजीनामा दिएको तर पार्टी अध्यक्ष प्रचण्डले 'मिलाउँछु' भनेर आश्वस्त पारेपछि राजीनामा फिर्ता लिएको मातृका बताउँछन्।

मधेसका मुद्दाहरू ज्वलन्त किसिमले मुखरित भएको भए पनि जनसंख्याको झन्डै आधा हिस्सा ओगटेको र मुलुकको आर्थिक मेरुदण्ड भनिने मधेसको पुनर्संरचना कसरी हुन्छ, प्रमुख दलहरूमा विभिन्नता छ। नेपाली कांग्रेस (प्रजातान्त्रिक), माओवादी, सद्भावना, राप्रपा लगायतका दलहरू संघीय व्यवस्थाको पक्षमा उभिएका छन्। सिंगो मधेसलाई एउटा गणराज्य बनाउनुपर्ने ती दलको धारणा छ। नेपाली कांग्रेस र एमालेले अहिलेसम्म औपचारिक निर्णय गरिसकेका छैनन्।

माओवादीको मधेसी मुक्ति मोर्चाका अध्यक्ष यादव सिंगो मधेसलाई एउटा गणराज्य बनाउनुपर्ने बताउँछन्। तर, यादवका सामुन्ने पार्टीको घोषित नीति परिवर्तन गराउनुपर्ने चुनौती छँदै छ। उता राप्रपाका केन्द्रीय सदस्य नरेन्द्र चौधरी सिंगो मधेसको पक्षमा भए पनि बेग्लै थरुवान हुनुपर्ने बताउँछन्। मध्यपश्चिम र सुदूरपश्चिमका तराईका जिल्लाहरूका बाक्लो उपस्थिति रहेका थारूहरू मधेसका सबै जिल्लामा छरिएका छन्। नेपालमा थारुको जनसंख्या करिब १६ लाख छ। कांग्रेस प्रजातान्त्रिकका चौधरी पनि मधेस बेग्लै गणराज्य हुनुपर्ने पक्षमा भए पनि मधेसलाई विभाजन गर्न नहुने धारणा राख्छन्।

मधेसका मुखरित मुद्दाहरूलाई प्रमुख राजनीतिक दलहरू सम्बोधन गर्न तयार भएका छन्। संघीय संरचना र जनसंख्याको समानुपातिक प्रतिनिधित्वजस्ता नारा ज्वलन्त बनेका छन्। ■




# भविष्य उज्यालो

■ किरण भण्डारी/काठमाडौं

**शाही कदमपछि आयोजनाअन्तर्गत सुरुङ प्रवेश मार्गको ठेक्कामा भ्रष्टाचार भएको आरोपमा शाही आयोगले किचलो गरेपछि ती दुई निकाय र नर्डिक डेभलपमेन्ट फन्डले मेलम्चीबाट हात झिकेका थिए । अत्यधिक अनुदान र केही ऋण रकम गरी ६३ मिलियन डलर लगानी गर्ने भनेका ती तीनवटै दातृनिकाय फर्केपछि मेलम्ची स्रोत अभाव झेलिरहेको छ ।**

**बजेट र क्षेत्रका हिसाबले ठूलो मन्त्रालयको लगभग तीन महिनाको अनुभव कस्तो रह्यो ?**

मैले यो मन्त्रालय रोजेको हैन । मेरो माग त गृह, अर्थ, संचार वा रक्षा मन्त्रालय थियो । हाम्रो पार्टीलाई ती मन्त्रालय नदिइएपछि विकासेमध्ये भौतिक योजना मलाई परेको हो । जनताले हामीलाई दिएको म्यान्डेट माओवादी द्वन्द्व समाधानको हो । अहिले नै व्यापक मात्रामा विकास निर्माण गर्छु भन्नुको केही तुक छैन । दिगो शान्ति स्थापना गर्न सकियो भने प्राकृतिक स्रोतको धनी हाम्रो मुलुकले विकासमा आपसे आप फड्को मार्छ ।

तैपनि मेरो मन्त्रालयको सबैभन्दा संवेदनशील क्षेत्र खानेपानी हो । विशेषगरी देशभरका ग्रामीण जनतालाई सफा पिउने पानीको व्यवस्था मिलाउन सकियोस् भन्नेमा म केन्द्रित भएको छु । वर्षौंदेखि पानीको अभाव झेलिरहेका उपत्यकाको समस्या समाधान गर्न सकियोस् भन्नेमा पनि उत्तिकै सचेत छु ।

**खानेपानीको कुरा गर्दा मेलम्ची आयोजना अहिले कुन अवस्थामा छ ?**

प्रजातन्त्र पुनःस्थापना भएपछि सन्त नेता कृष्णप्रसाद भट्टराईले २०४८ सालमा मेलम्चीको पानी ल्याएर उपत्यकाका जनतालाई खुवाउँछु भन्नुभयो । मेलम्चीको काम सुरु भएको ५-६ वर्ष भइसकेको छ । द्रुत गतिमा काम अघि बढिरहेको बेला माघ १९ को शाही कदमले यो एक वर्ष धरापमा पर्‍यो । सुरुङ प्रवेश मार्गमा नियमसंगत ठेक्का दिँदा पनि नेताहरूलाई जनताको नजरमा भ्रष्टाचारी देखाउने राजा ज्ञानेन्द्रको ग्र्यान्ड डिजाइनअन्तर्गत तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र मन्त्री प्रकाशमान सिंहलाई भ्रष्टाचारको मुद्दामा फसाउने प्रयास गरियो । मेलम्चीको ठेक्का प्रक्रियामा सामेल भएका दातृनिकायहरूले त्यसमा आपत्ति प्रकट गरे । नर्वेले हात झिक्यो ।

**मेलम्ची भावनात्मक रूपमा तपाईंहरूको दलसँग पनि गाँसिएकाले तपाई विभागीय मन्त्री भएपछि केही उल्लेखनीय काम भएका छन् ?**

यसलाई जसरी हुन्छ, समय सीमाभित्र सम्पन्न गर्ने काममा म लागिपरेको छु । मन्त्रालय र मन्त्रिपरिषद्ले गर्नुपर्ने धेरै काम गरिसकेका छौं ।

**त्यसो भए आयोजनालाई कतैबाट कुनै बाधा व्यवधान छैन ?**

पहिला द्वन्द्वका कारणले यसलाई धेरै बाधा व्यवधान भइरहन्थ्यो । अहिले स्थानीयवासीको सहयोग यसका लागि सबैभन्दा जरुरी देखिएको छ । उहाँहरूको धेरै ठूलो आकांक्षा छ । भगवानले पनि उहाँहरूको माग पूरा गर्न सक्दैनन् । आयोजनाले गर्दा मेलम्ची क्षेत्रका १४ गाउँ विकास समितिको रुप नै फेरिएको छ । त्यो कुरा नबुझेर बाहिरियाको उक्साहटमा लागेर स्थानीयवासीका नाममा असम्भव माग

# मेलम्ची बिगार्न गिरोह नै लागिपरेका छन्

■ भौतिक योजना तथा निर्माणमन्त्री गोपालमान श्रेष्ठ



**शाही कदम र शाही आयोगका कारण फिर्ता गएको नर्वेलाई हामीले फेरि बोलाएका छौं । लोकतन्त्र स्थापना भइसकेकाले तपाईंहरूको पूर्ववत् प्रतिबद्धता पूरा गर्नुस् भन्ने अनुरोध केही दिनअघि नेपाल भ्रमणका क्रममा रहेका नर्वेजियन मन्त्रीसँग गरे । उनी सकारात्मक देखिएका छन् ।**

आइरहेको छ । भलै अहिलेलाई त्यो साम्य भएको छ । मेलम्ची असफल होस् भनेर गिरोहहरू लागेका छन् । गोपाल चिन्तनहरू पनि किन र के स्वार्थले बिगार्न लागेका हुन्, मलाई थाहा छैन । यस्ता मेलम्चीविरोधीहरूदेखि स्थानीयवासी पनि चनाखो हुनुपर्छ । मेरो जिल्ला स्याङजामा कालीगण्डकी विद्युत् आयोजना बनाउन नदिन पनि विरोधीहरू दिलोज्यानले लागि परेका थिए । तर, स्याङजाली जनताले त्यस्ता व्यक्तिलाई घाँस खुवाएर पठाइदिएकाले नै कालीगण्डकीबाट १४४ मेगावाट बिजुली निस्केको हो ।

**अहिले थामथुम बनाइएका यस्ता समस्यालाई कसरी चिर्नुहुन्छ ?**

काठमाडौंमा मेलम्चीमा पानी ल्याउन माओवादीसहित सबै दलले सहयोग गर्नुपर्छ । एक दिन काम रोकिँदा हामीले धेरै हर्जाना तिर्नुपर्छ । सबैले सबैलाई सम्झाउनका लागि दलका शीर्षस्थ नेताहरूको बैठक बोलाउन लागेको छु । पशुपतिजी र माधवजीसँग कुरा गरिसकें । प्रतिनिधिसभा विकास समितिको भ्रमणको कार्यक्रम तय भइसकेको छ । त्यसमा पनि सबै दलको प्रतिनिधित्व छ । हाम्रो आफ्नो खिचलोले गर्दा एडिबी भाग्यो भने काठमाडौंको मात्र दुर्भाग्य हुँदैन, मेलम्चीका जनताले पनि पुर्परोमा हात लाउनुपर्नेछ ।

**माघ १९ पछिको राजनीतिक कारणले दुईवटा दातृनिकायले हात झिकेपछि भएको स्रोतको अभाव कहाँबाट पूर्ति हुन्छ ?**

शाही कदम र शाही आयोगका कारण फिर्ता गएको नर्वेलाई हामीले फेरि बोलाएका छौं । लोकतन्त्र स्थापना भइसकेकाले तपाईंहरूको पूर्ववत् प्रतिबद्धता पूरा गर्नुस् भन्ने अनुरोध केही दिनअघि नेपाल भ्रमणका क्रममा रहेका नर्वेजियन मन्त्रीसँग गरे । उनी सकारात्मक देखिएका छन् ।

**मेलम्चीको पानी कहिलेसम्म काठमाडौंका जनताले चाख्न पाउलान् ?**

माओवादी द्वन्द्व समाधान हुन्छ भन्नेमा म विश्वस्त छु । स्थानीयवासीले ठूला आकांक्षा राखेर अवरोध गर्ने चलन बन्द हुनुपर्छ । मेलम्ची आयोजनाले नै स्थानीयलाई पर्याप्त सहयोग जारी राख्छ भन्नेमा म विश्वास दिलाउँछु । काम गर्ने वातावरणका लागि स्थानीयवासी, राजनीतिक दल र नागरिक समाजले सहयोग गरेमा अबको ५-६ वर्षमा काठमाडौंमा मेलम्चीको पानी आउँछ ।

**अनि, उपत्यकासँगै जोडिएको बाहिरी चक्रपथसम्बन्धी आयोजना कहाँ पुगेको छ ?**

उपत्यकामा सडकको क्षमताभन्दा बढी संख्यामा रहेका सवारीसाधनको चाप कम गर्न र बस्ती खुकुलो बनाउन यो अत्यावश्यक आयोजना हो । साँच्चै भन्ने हो भने त हामीलाई उपत्यकाका लागि दिल्लीमा जस्तै भूमिगत मेट्रो चाहिसकेको छ । अर्थ अभावले गर्दा त्यो अहिले नै थाल्न नसकिएला । तर, बाहिरी चक्रपथलाई सहयोग गर्न दाताहरू तयार छन् र लेखापढीको काम भइरहेको छ ।

**अलिकति प्रसंग बदलौं । तपाई मन्त्री हुनेबित्तिकै विवादमा पर्नुहुन्छ किन होला ?**

म एकदमै पारदर्शी ढंगले काम गर्न कोसिस गरिरहेको छु । मैले यसबीचमा एकजना खानेपानीको महानिर्देशक मात्र सरुवा गरेको छु । मैले शाही सरकारका पालाका निर्णय बदर गर्दै गइरहेको छु । जस्तो वीरगन्ज-काठमाडौं रेलमार्ग जुन राजाको ज्वाइँलाई दिइयो भनिएको थियो त्यो बदर गरिदिएको छु । लोकमानसिंह कार्कीकी श्रीमती अध्यक्ष भएको संस्थालाई हाम्रो अनामनगरको भवन अफिसको रूपमा दिइएको रहेछ । त्यसलाई खाली गर्न सूचना दिइसकेको छु । ठेक्कापट्टा पारदर्शी होस्, मुन्द्रेको प्रयोग नहोस् भनी निर्देशन गरेको छु । प्रतिस्पर्धालाई फराकिलो बनाउन धेरै ठाउँमा टेन्डर हाल्न पाउने व्यवस्था मिलाउन लागेको छु । गुन्डागर्दी रोक्न सिडिओ अफिसमा पनि टेन्डर हाल्न पाउने प्रबन्ध हुँदै छ ।

**सत्ता बाहिर हुँदा निर्विवाद हुने सत्तामा आउनेबित्तिकै विगतका कार्यकालमा पनि तपाई आर्थिक विवादमा पर्नुभएको होइन र ?**

यो मेरो दुर्भाग्य हो । म खातापिता परिवारको मान्छे हुँ । २०४८ सालमा पन्ध्रजना मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक भएपछि बिबिसीले नै 'रिचेस्ट मिनिस्टर इज कमर्स मिनिस्टर' भनेर कमेन्ट गरेको थियो । म त पंचायतकालदेखि नै पार्टीलाई आर्थिक सहयोग गरेको मान्छे हुँ । औकातअनुसार मेरो हात सधैं माथि नै पारेको छ । बनारस जाँदा जहिले पनि तरुण पत्रिकालाई पैसा दिएर आउँथें । साथीभाइलाई सिनेमा देखाउनेदेखि राम्रो रेस्टुराँमा ख्वाउने गर्थें । म अहिले पनि मेरो खुट्टामा उभिएको छु । कर तिरेर बच्ने मेरो व्यक्तिगत आम्दानी अहिले पनि प्रशस्त छ । सरकारी रकममा आँखा गाँड्नुपर्ने हैसियत मेरो हैन ।

**त्यसो भए २०४८ र २०५८ मा किन केही महिनामा नै मन्त्रीबाट हटाइनुभयो त ?**

२०४८ सालमा म वाणिज्यमन्त्री थिएँ । 'यस म्यान' खोजेर मलाई मन्त्रीबाट हटाइएको हो । त्यति बेला भ्रष्टाचार के हो भन्ने समेत कुनै मन्त्रीलाई थाहा थिएन । त्यसको १० वर्षपछि म वनमन्त्री भएँ । मेरै राज्यमन्त्री सुरेन्द्र हमालले जथाभावी सरुवा गरेका कारण अख्तियारले स्पष्टीकरण माग्यो । त्यसपछि मैले अधिकार फिर्ता लिएँ । उनी भाम रिसाएर पत्रकार सम्मेलन गरी रोजन एन्ड टर्पेन्टाइनको क्षमतावृद्धि गर्दा गोपालमानले दुई लाख खाएर सदर गऱ्यो भन्ने कपोकल्पित आरोप लगाए । मैले छानबिन होस् भनी राजीनामा गरें । आफैंले सूर्यनाथ उपाध्यायलाई फोन गरेर ममाथि छानबिनको माग गरें । अख्तियारले तीन महिनाको अनुसन्धानपछि सफाइ दियो । ■



**माघ १९ को शाही कदमसँगै** अनिश्चित बनेको मेलम्ची खानेपानी आयोजनाको भविष्य लोकतन्त्रको बहालीसँगै उज्ज्वल देखिएको छ। माओवादी द्वन्द्व समाधानको आशा र मेलम्चीमा पूर्ववत् लगानी गर्न दातृनिकायहरूले देखाएको चासोले मेलम्चीको पानी पिउने राजधानीवासीको सपना साकार हुने सम्भावना बलियो हुँदै गएको हो।

मुलुककै सर्वाधिक ठूलो आयोजना मेलम्चीको निर्माणमा लोकतन्त्र स्थापनापछि जारी युद्धविरामले नै शुभ संकेत दिइसकेको आयोजनाका अधिकारीहरूको भनाइ छ। युद्धविराम भएकाले निर्माणको काम गर्ने वातावरण बनेको छ भने दाताहरू पनि आकर्षित भइरहेका छन्।

यसै सिलसिलामा एसियाली विकास बैंकको मनिलास्थित प्रधान कार्यालयबाट एक प्रतिनिधिमण्डल साउन ११ गते काठमाडौं आइपुगेको छ।

३२ अर्ब ४८ करोड (४६४ मिलियन डलर)को उक्त परियोजनाको प्रमुख दातामा एडिबी रहेको छ। भ्रमण दल र मेलम्ची बोर्डबीच केही मिलियन डलर सफ्ट लोनबारे छलफल हुने स्रोतले जनाएको छ। माघ १९ पछि फिर्ता गएका दुईवटा दातृनिकाय नर्वे र स्विडेनले कबोलेको रकमको अभावका कारण मेलम्ची सुरुङ मार्गका लागि बजेट अभाव भएको छ।

शाही कदमपछि आयोजनाअन्तर्गत सुरुङ प्रवेश मार्गको ठेक्कामा भ्रष्टाचार भएको आरोपमा शाही आयोगले किचलो गरेपछि ती दुई निकाय र नर्डिक डेभलपमेन्ट फन्डले मेलम्चीबाट हात झिकेका थिए। अत्यधिक अनुदान र केही ऋण रकम गरी ६३ मिलियन डलर लगानी गर्ने भनेका ती तीनवटै दातृनिकाय फर्केपछि मेलम्ची स्रोत अभाव झेलिरहेको छ।

मेलम्ची आयोजना अघि बढाउने काम शेरबहादुर देउवा सरकारले २०५८ मंसिरमा उत्साहका साथ आरम्भ गरेको थियो। २०६३ सालभित्र काठमाडौंका जनताले मेलम्चीको चिसो पानीले धीत मरुन्जेल तिर्खा मेट्न पाउने आश्वासन त्यति बेला बाँडिए पनि २०६१ सम्म प्रगति शून्यबराबर भयो।

पुनः देउवाको प्रधानमन्त्रित्वकालमा आयोजनालाई ठोस रूपमा अघि बढाइयो। २०६१ सालमा सुरुङ प्रवेश मार्ग निर्माण सुरु भइसकेकोमा राजाले नेताहरूमाथि भ्रष्टाचारको आरोप लगाउने योजनाअनुसार मेलम्चीलाई नै हतियार बनाएपछि यो अवरुद्ध भएको हो।

राजाको शासनकालमा जन्मलगत्तै विवादास्पद शाही आयोगले मेलम्ची ठेक्का प्रकरणमा भ्रष्टाचार आरोप लगाएर एक वर्षको समय बर्बाद मात्र भएन, दाताहरू समेत फर्के। सुरुङ प्रवेश मार्ग ठेक्कामा ३७ करोड रुपैयाँ भ्रष्टाचार गरेको आरोप आयोगले देउवा, तत्कालीन मन्त्री प्रकाशमान सिंह लगायत ६ जनालाई लगाएकोमा सर्वोच्च अदालतले पछि सफाइ दिएको थियो।

एडिबीको निर्देशन र नर्वेजियन परामर्शदाता संस्था नरप्लानले गरेको इस्टिमेटअनुसार भएको ठेक्कामा आयोगले देखाएको अविश्वासप्रति आपत्ति प्रकट गर्दै दाताहरू फर्केका हुन्। संसारमा सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमध्येको एक नर्वेले गरेको काममाथि शंका गरेको भन्दै अपमानबोधले ऊ फर्केको हो।

एक वर्षको व्यवधानपछि सुचारु भएको सुरुङ प्रवेश मार्ग अन्तिम चरणमा पुग्न लागेको छ। केही पुल र कल्भर्टबाहेक प्रमुख काम सकिएको छ। सुरुङ निर्माणका लागि टेन्डरको प्रक्रिया कागजी तर्जुमाको चरण अहिले चलिरहेको छ।

सम्भाव्यता अनुमानअनुसार साविकमा सुरुङको लागत १ सय २० मिलियन डलर भए पनि त्यसलाई पुनर्विचार गरेर ८० मिलियन डलर गर्न सकिन्छ भन्नेमा बोर्ड सहमत भइसकेको छ। नयाँ लागत अनुमानअनुसारको वित्तीय प्रस्ताव अर्थ मन्त्रालय पठाइएको छ। उक्त प्रस्ताव अनुमोदन हुनेबित्तिकै सुरुङ मार्गको काम थाल्न बाटो फुक्छ।

सुरुङको लागत अनुमानमा ४० मिलियन डलरभन्दा बढी घटाउन सकिने भएपछि आयोजनाप्रति आशावादी हुनेको संख्या बढ्दै गइरहेको छ। आयोजनाका कुल लागतको सबै उपशीर्षकका बजेटहरू वित्तीय पुनर्संरचना गर्दा लागत ह्वात्तै घटाउन सकिने आयोजना प्रमुख सुमन शर्माले *समय*लाई बताएका छन्। 'यसले कामको गुणस्तरमा खासै असर गर्दैन', शर्माले भने।

प्रस्तावित वित्तीय संरचनाअनुसार सुरुङ, रिजर्भ वायर, वितरण प्रणाली, वातावरणीय सुधार र मेलम्ची डाइभर्सन स्किममध्ये जुनसुकै शीर्षकमा रकम अभाव भएको खण्डमा सरकारले स्रोतको खोजी गर्नेछ। सहयोग जुटाउन असमर्थ भएमा विदेशी दातृनिकाय समक्ष हात पसार्ने काम पनि सरकारको नै हुनेछ।

२६.५ किलोमिटर लामो सुरुङ निर्माणको जिम्मा लिएका नर्वे र स्विडेनले हात झिकेपछि सबैभन्दा बढी अनिश्चितताको बादल मडारिएको थियो, जुन अहिले चिरिएको छ। अन्तर्राष्ट्रिय दाता फर्केर अर्थ अभावमा मेलम्ची ध्वस्त हुन लागेकोमा त्यसलाई जोगाउन अर्थ मन्त्रालय वैदेशिक महाशाखाका सहसचिव रामेश्वरप्रसाद खनालको अथक परिश्रम र भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव जनकराज जोशीको उल्लेखनीय भूमिका रहेको आयोजनाका उच्च अधिकारीहरू बताउँछन्।

लगानी अभावकै कारण मेलम्ची थला पर्ने अवस्था नभए पनि स्थानीय व्यक्तिहरूसँगको द्वन्द्व चर्कंदै गइरहेको छ। पटक पटक हड्ताल र सम्झौता हुने सिलसिला जारी छ। पछिल्लोपटक स्थानीयवासीले मेलम्चीको साइट अफिसमा लगाएको तालाबन्दी ५ दिनपछि माघ ८ गते खुलेको थियो।

'रोजगारी, अस्पताल, कलेजलगायतका मागका कारण भएको तालाबन्दी ५ दिनपछि खुलेको छ', प्रमुख शर्मा भन्छन्, 'हाम्रो हैसियतभन्दा ठूला माग हुने गरेका छन्, जुन पुऱ्याउन गाह्रो छ।' भौतिक योजना तथा निर्माणमन्त्री गोपालमान श्रेष्ठले पनि कसैको उक्साहटमा आएर असम्भव मागको अल्झो नथाप्न स्थानीयवासीलाई आग्रह गरेका छन्।

आयोजनालाई स्थानीय जनताका आवाश्यकतालाई सम्बोधन गर्न आफ्नो अंगको रुपमा सामाजिक उत्थान कार्यक्रमलाई राखेको छ। विद्यालय, अस्पताल, एम्बुलेन्स लगायतमा आयोजनाले पनि लगानी गरिसकेको छ। तर, स्थानीयवासीको नाममा हुने कतिपय असान्दर्भिक मागले दाताहरू भड्कने गरेको पछिल्लो उदाहरण एडिबीका आवासीय प्रतिनिधिको अभिव्यक्तिले नै पुष्टि गरिसकेको छ।

स्थानीयवासीले सहयोग गरेमा लक्ष्यभित्रै आयोजना सम्पन्न हुने दाबी प्रमुख शर्माको छ। निर्माण कार्यमा कुनै गतिरोध नभए सन् २०११ सम्म मेलम्ची सम्पन्न हुने बताइएको छ। जापानको सहयोगमा रिजर्भ वायर निर्माण र काठमाडौंको वितरण प्रणाली सुरुङ निर्माण सम्पन्न हुनुअघि नै सम्पन्न भइसक्नुपर्ने गरी कार्यतालिका तय गरिएको छ। ■

# आन्दोलनको मन र शब्द

■ प्रबोध देवकोटा

**एउटा लेखक वा नीतिविद्ले प्रत्यक्ष कुनै चिजको महसुस गर्न सक्तैन, मनले भावनात्मकता महसुस गर्न सक्तैन, उसले त्यसको बिम्ब उसको शब्दमा दिन सक्तैन, यदि कल्पना र सुनेकै भरमा सबै कुरा उतार्न सक्छु भन्छ भने, त्यो एउटा भ्रम हो, आडम्बर हो र त्यो बौद्धिक राजनीतिको पाटो मात्रै हो ।**

**यतिखेर अन्तरिम** संविधान मस्यौदा समितिबारे अनेक आख्यान, व्याख्या र बौद्धिक सुझावको ओइरो लागेको छ। आन्दोलनको तीव्र चाहना संविधानसभा प्रतिबिम्बित गर्नुपर्छ भन्नेमा कसैको दुईमत छैन। सरसर्ती हेर्दा प्रक्रिया अघि बढ्दै छन् र विभिन्न समुदाय जातजाति सबैले आ-आफ्ना विरोध, चासो र अधिकारका कुरा समेटेर सुझाव दिन थालेका छन्। प्रक्रियाका दृष्टिले यो सह्रानीय पक्ष हो। तर, एउटा गम्भीर सवाल के हो भने जति बेला कुरा लेखिन्छन्, तिनीहरू कानुनी रूपले अनुबन्धित हुन्छन् र समयसँगै बढ्दै जाँदा आन्दोलनको पृष्ठभूमिभन्दा लेखिएका शब्दको व्याख्यामा जोड दिइन्छ। यस्तै भएको हो २०४६ सालको आन्दोलनपछिको संविधान, राजा र राजनीतिक दलको सम्बन्धबारे। यस अर्थमा मस्यौदामा लेखिने प्रत्येक शब्दले आन्दोलनको मनलाई बाँध्न सक्नु पर्छ।

उसो त २०४७ सालको संविधानले पनि जनताको पक्षमा ठूलो प्रावधान नराखेको होइन, तर कालान्तरमा एउटा बहसको विषय यो संविधानले थुप्रै कुरा समेट्न सकेन, खासगरी वर्षौंदेखि राज्य व्यवस्थाबाट बहिष्कृत र पछाडि पारिएका जनजाति र सीमान्त वर्गका नागरिकको हकमा। स्थानका दृष्टिले संविधानको गरिमामय स्थान छ, तर त्यसमा लेखिएका कुराले असर गर्छन्, राज्य व्यवस्थामा र शब्द शब्दको व्याख्या हुन्छ। त्यसैले किताब आफैंसँग एउटा अर्थ हुन्छ। सवाल के हो भने, फेरि पनि ती किताब लेख्ने हात, दिमाग र शब्दले त्यसको रुपरेखा र तागत निर्माण गर्छन्, जसमा प्रत्येक शब्दले दिने अर्थ र भावको उत्तिकै महत्त्व हुन्छ। यस अर्थमा लेखिँदै गरेको मस्यौदाले के साँच्चै जनआन्दोलनका अर्थ, मर्म, एउटा कालखण्डको अन्त्यको दृश्य र आन्दोलनमा सलबलाएका लाखौं मुठीहरू, तिनका तागत र तिनका जिन्दगीका व्यथा, उत्पीडन, चाहना र अधिकारहरूको भाखा बोल्न सक्लान् त ? यो एउटा जटिल सन्दर्भ छ, यति बेला। भाषा कानुनी, राजनीतिक र व्यवस्थापकीय हुन सक्छ, सवाल यसमा जनताका छायाँ प्रस्ट देखिन सक्छन् कि सक्दैनन् भन्ने हो। अब जन्मिने प्रत्येक तानाशाहले जनशक्ति देख्न सकून् र तिनलाई उखेल्ने आँट नगरून् भन्ने हो।

सवाल उठ्न सक्छ, यो अन्तरिम विधान हो, त्यसैले त्यति टाउको दुखाउनु पर्दैन। तर, आन्दोलनको लगत्तै आउने यो संविधानले वास्तवमा अब देशको खाका कोर्ने हैसियत राख्छ र यसले कोरेको चित्रको आधारमा नयाँ कुरा बन्दै जाने भएकाले यसलाई त्यति हल्का पाराले हेरियो भने एकातिर आन्दोलनको भावनालाई सम्मान नगरेको ठहर्नेछ र रणनीतिक हिसाबले पनि चुकिएको ठहर्नेछ।

त्यो साम्राज्यवादको सुरुको अवस्था थियो जति बेला युरोपेलीहरूले विश्वलाई सभ्यताको पाठ सिकाउनुलाई भगवान्को अगाडि एउटा प्रमुख दायित्व ठानेका थिए। 'इनलाइटेनमेन्ट' दर्शनलाई आधार मानेर उनीहरूको भाषामा 'ग्र्यान्ड न्यारेटिभ्स' अर्थात् विशाल आख्यानहरू तयार पारे र त्यसकै आधारमा आफूलाई विश्वका अरु मान्छेभन्दा फरक भएको घोषणा गरे र संसारलाई आफ्नो आँखाबाट व्याख्या गर्न थाले। त्यो व्याख्या शक्तिको व्याख्या थियो। संसारलाई सभ्य र शिक्षित बनाउने तथा समस्याको समाधान गर्नसक्ने सहयोगको विचार आफैंमा नराम्रो होइन। तर, दुर्भाग्य तिनै मान्छेहरूले एक दिन एसिया, अफ्रिका लगायतका विश्वका थुप्रै देशलाई कब्जामा लिए र शासन गरे। तिनीहरूका ज्ञानका व्याख्याले प्रत्येक राज्य, समुदाय र मान्छेका आफ्नै संस्कार, संरचना र अस्तित्व हुन्छन् र तिनको सम्मान गरिनु पर्छ भन्ने कुरा बुझ्न सकेनन्। युरोपेली साम्राज्यले परबाट देखेका कुरा, तिनका ठूला विचार र समस्या समाधानका उपायले काम गरेनन्। मानव इतिहासको कालखण्डमा ती वर्षहरू इतिहासको काला छायाँ बने। एउटा यस्तो दिन आयो, जहाँ विश्वभरका मान्छेले स्वतन्त्रता संग्राममा भाग लिए, त्यो साम्राज्य ढल्यो र विश्वभरको मान्छेहरूको जितको कथा थियो यो।

नेपालको सन्दर्भ कोट्याउने हो भने, धेरै टाढा नगई झन्डै ५० वर्षीय योजनाबद्ध विकास यात्रा केलाउने हो भने पनि झन्डै उस्तै प्रकृतिको यथार्थ छ। वर्गीय संरचना र सोच हावी भएको हाम्रो जस्तो मुलुकमा विकास, प्रजातन्त्र र सम्भावनाका व्याख्या र नीति नियमको निर्माण पनि त्यही वर्गले गऱ्यो। काठमाडौंको आँखाबाट देश, जनता र विकासको व्याख्या भयो। उसो त कर्णाली, तराई, दलित आदिको प्रशस्तै व्याख्या हुन्थ्यो र विकासका थुप्रै सम्भावनाका कुरा नभएका पनि होइनन्। तैपनि, काठमाडौंको चस्माले सही प्रतिनिधित्व गर्न सकेन। उसो त काठमाडौं आफूले केही गरेन, काठमाडौंमा आएका ती ठाउँकै हुनेखाने मान्छेले पनि प्रतिनिधित्व गर्न सकेनन्। काठमाडौंमा बनेको नीति, नियम र विकासका योजनाले तराई, दलित, कर्णाली र आमनागरिकको अर्थमा सीमान्त वर्गको प्रतिनिधित्व गर्न सकेन। थेग्रिँदै गएको उत्पीडन र विद्रोहको विस्फोटन भयो र जनताले एक दिन राजा र राजा जस्तै लाग्ने एउटा वर्गलाई ठूलो झापड दिए। तसर्थ, यो एउटा ठूलो फड्को थियो।

जोड्न खोजिएको प्रसंग आन्दोलनपछि कोरिन थालेको संविधानको मस्यौदासँग छ। मस्यौदा कोर्ने जिम्मा पाएका सदस्यहरूले यति बेला आफूले आफूसँग सवाल गर्नुपर्ने समय आएको छ, 'के साँच्चै आन्दोलनको भावना उनीहरूको कलमले जस्ताको तस्तै उतार्न सक्छ कि सक्तैन ?' सोझो उत्तर हुन सक्छ, सकिन्छ। सायद, साम्राज्यवादको उदयअघि संसारको कल्याण गर्न तम्सिएकाहरू र हाम्रै सन्दर्भमा ५० वर्षे विकासे नीतिका निर्माताहरू, जो देशको कायापलट गर्न चाहन्थे। तैपनि, सफल भएनन्, तिनका चाहनाहरू उल्टै आ-आफ्ना प्रकृतिका तानाशाह बने। स्वयं २०४७ को संविधानले पनि जनताका मर्मलाई सही ठाउँ दिन सकेन भन्ने निचोड निस्केको बेला एकपल्ट गम्भीर भएर सोच्ने हो कि ? यस अर्थमा फेरि पनि आन्दोलनपछिको मस्यौदा तयार पार्ने क्रममा सभा, गोष्ठी, भेटघाट, सल्लाह जे गरे पनि, मस्यौदा समितिका सदस्यहरू एकपल्ट गाउँ पुग्न सकेका छैनन्। स्मरण रहोस्, यसपल्ट आन्दोलन गाउँबाट उठेको थियो। जति सुकै ठूला कुरा गरे पनि जबसम्म एउटा लेखक वा नीतिविद्ले प्रत्यक्ष कुनै चिजको महसुस गर्न सक्तैन, मनले भावनात्मकता महसुस गर्न सक्तैन, उसले त्यसको बिम्ब उसको शब्दमा दिन सक्तैन, यदि कल्पना र सुनेकै भरमा सबै कुरा उतार्न सक्छु भन्छ भने, त्यो एउटा भ्रम हो, आडम्बर हो र त्यो बौद्धिक राजनीतिको पाटो मात्रै हो। कालान्तरमा यो सफल हुँदैन।

बजेट अर्थविद्ले मात्र जान्छ, कानुन कानुनविद्ले मात्रै जान्छ र कविले मात्रै कविता जान्छ भन्ने पुरातनवादी बौद्धिक सोच आजसम्म पनि कायम छ। प्राविधिक दृष्टिले कुरा केही सत्य भए पनि आखिरमा यी सबै कुरा प्रत्येक मान्छेका जीवनको सेरोफेरोमा घुम्ने कुरा हुन्। यदि त्यसो हो भने खै ती यथार्थको सम्मान गरिएको ? यस अर्थमा मस्यौदा समितिका सदस्यहरू कम्तीमा पनि तराईका दलित बस्ती, चेपाङका बस्ती, कमैयाका बस्ती, हिमाली भेगका बस्ती, सुदूरपूर्व र पश्चिमका बस्तीहरूको दृश्य हेरेर मान्छेका भोगाइ देखेर सकिन्छ भने एकाधसँग भलाकुसारी गरेर अनि मस्यौदाको खाका कोर्न बसे भने ती दृश्य कम्तीमा पनि शब्दमा अटाउन सक्लान् र सामन्ती संस्कार र संस्कृतिको नाममा र राज्य व्यवस्थाबाट बोली दबाइएका सीमान्त वर्गका मान्छेहरूले समेत आफ्नो छायाँ देख्न पाउँथे यो मस्यौदामा। राजनीति र कानुनको गम्भीर व्याख्या गर्दै फेरि पनि आम जनताका भावना मस्यौदामा सही अर्थमा प्रतिबिम्बित भएनन् भने देशको निम्ति ठूलो दुर्भाग्य हुनेछ। ■

# बिगबिगी नक्कली कार्यक्रमको

■ दीपा गौतम/काठमाडौं

**नेपाली टेलिभिजन च्यानलहरूबाट प्रसारित कार्यक्रम कुनै न कुनै रुपमा विदेशी वा अन्य स्वदेशी कार्यक्रमको अवधारणामा निर्माण भएको पाइन्छ । त्यसो हुनुका कारणहरूमध्ये यस क्षेत्रको प्रतिस्पर्धा र अभ्यासको छोटो इतिहास, कल्पनाशीलता र व्यवसायिकताको अभाव, प्रशिक्षित जनशक्तिको कमी, निर्देशकहरूको वैचारिक दरिद्रता प्रमुख छन् ।**

**सन् १९८० को** दशकमा रेडियो नेपालले नयाँ खालको रेडियो कार्यक्रम प्रस्तुत गर्‍यो- फोन इन । श्रोता र प्रस्तोताबीच प्रत्यक्ष कुराकानी हुने उक्त कार्यक्रमका 'परिकल्पनाकार' र प्रस्तोता थिए- पाण्डव सुनुवार । हो, त्यो कार्यक्रम पाण्डवको मौलिक सिर्जना भने थिएन । उनले बताएअनुसार तालिमको सिलसिलामा मलेसिया जाँदा सुनेको मलेसियाली फोन इन कार्यक्रमबाट उनी प्रभावित भएर सोही प्रयोग नेपालमा गरेका थिए । श्रोताले धेरै मन पराएकाले फोन इन त्यसबखत रेडियो नेपालको लोकप्रिय कार्यक्रम बन्यो ।

आज मुलुकका जति पनि रेडियो एफएम र टेलिभिजन च्यानलहरूबाट श्रोता-दर्शकसँग प्रत्यक्ष टेलिफोन वार्ताहरू सुनिन्छन्, ती सबैको 'जननी' रेडियो नेपालको फोन इन कार्यक्रमलाई मान्दा फरक पर्दैन । उसो त मलेसियामा पाण्डवले सुनेको उक्त कार्यक्रम मलेसियालीहरूको पनि मौलिक कार्यक्रम थिएन । त्यो अंग्रेजहरूको रेडियो फोन इन कार्यक्रमको नक्कल थियो ।

अंग्रेजहरूको 'हु विल वी द मिलिएनर ?'को अनुकरण गरेर भारतमा 'कौन बनेगा करोडपति ?' बन्यो । नेपालमा त्यसको नक्कल कार्यक्रम बन्यो, 'नगद पाँच लाख'को नाउँमा । अर्को उदाहरण 'नेपाली तारा' र 'नेपाल स्टार'लाई लिन सकिन्छ । यो अमेरिकीहरूको 'अमेरिकन आइडल'को अनुकरण गरी भारतमा बनेको 'इन्डियन आइडल'को सस्तो नक्कल थियो ।

नेपालका टेलिभिजन कार्यक्रमहरू भारतीय च्यानलहरूबाट प्रसारित टेलिभिजन कार्यक्रमबाट अत्यधिक मात्रामा प्रभावित भएको पाइन्छ । उक्त प्रभाव पनि एकै किसिमको नभई मिश्रित देखिएको छ । त्यसमध्ये कन्सेप्ट मात्र सापटी लिने, आंशिक मात्रामा प्रभावित हुने र कार्यक्रमको प्रस्तुति लगायत लोगो, जिंगल र सेट्सको समेत अनुकरण गर्नेहरू पनि छन् । भारतीय च्यानलको 'आपकी अदालत'लाई नेपालीमा 'खुला इजलास' र 'जीना इसीका नाम है'बाट 'फेस टु फेस' तथा 'सुरभि'बाट 'प्रतिबिम्ब' र 'तीर कमान'बाट 'बाल आवाज' एवं 'हमलोग'बाट 'पीपलबोट' र 'बोल बेबी बोल'बाट 'सानो संसार' तथा 'क्या मस्ती क्या धुम'बाट 'मञ्चन' साथै 'एम टिभी बकरा'बाट 'लुकामारी' बनेका छन् । भारतीय च्यानलको एउटा कार्यक्रमले नेपालको केवल एउटा च्यानल वा कार्यक्रमलाई मात्रै प्रभाव पारेको होइन । एउटा भारतीय कार्यक्रमले थुप्रै नेपाली कार्यक्रम जन्माएका उदाहरणहरू छन् । भारतीय कार्यक्रम 'बुगी बुगी'बाट नेपाली कार्यक्रमहरू 'आँगन', 'सरोवर', 'प्रतिभा दबु', 'भोलिको नेपाल' र 'मुभर्स एन्ड शेखर्स'बाट 'यहाँको चलन' 'पोस्ट मार्टम' 'कुरा कम्पनी' र 'इन्डियाज मोस्ट वान्टेड'बाट 'खोज तलास' 'नेपाल मोस्ट वान्टेड' तथा 'खोज खबर' तथा 'यात्रा'बाट 'घुमघाम' 'लेट्स ट्राभल' एवं 'खाना खजाना'बाट 'एपेटाइट', 'स्टार रेसिपी', 'कुक बुक' र 'सारेगमप'बाट 'तिम्रो सुर मेरो गीत', 'सत्य स्वरुप सो' र 'मेरो गीत' त्यस्ता केही उदाहरण हुन् ।

अनुकरण वा सिको को प्रभाव 'टक सो' वा 'च्याट सो'हरूमा अझ बढी पाइन्छ । टक सोको अनुकरणको लागि नेपाली निर्माता-प्रस्तोताहरू केवल भारतीय च्यानलहरूको मात्र भर नपरी सिएनएन र बिबिसीसम्मको सहारा लिन पुगेका छन् । नेपाली च्यानलहरूबाट प्रसारित टक सोहरू कुनै न कुनै रूपमा 'ल्यारी किङ सो' 'ओप्रा विन्फ्रे सो' 'हार्ड टक', 'दिशा संवाद', 'राण्डेभू विथ सिमी गारेवाल', 'कफी विथ करन', 'बिग फाइट', 'वि द पिपुल', 'शक्ति' र 'रियालिटी बाइटस्'बाट प्रभावित छन् । 'प्रतिक्रिया' 'जिरो आवर' 'दिशा निर्देश' 'फायर साइड' 'बहस' 'अग्निपरीक्षा', 'अराजनीति', 'आक्रमण', 'जागृति' र 'मूल्यांकन' आदीलाई त्यही कोटिमा राख्न सकिन्छ ।

हाल आएर नेपाली च्यानलहरूबीच पनि एक-अर्कामा जानिँदो र नजानिँदो प्रकारले कन्सेप्टको खोसाखोस देखिन थालेको छ । एउटाको कन्सेप्टमा अर्कोले अझ बढी राम्रो कार्यक्रम बनाउने, सोही कार्यक्रमलाई सामान्य फेरबदल गरेर 'नौलो' स्वरुप दिने प्रवृत्ति पनि देखिन थालेको छ । 'धर्म संस्कृति'बाट 'हाम्रो काठमाडौं' र 'वास्तविकता'बाट 'कथा काठमाडौंको' तथा 'विश्व घटना'बाट 'परिक्रमा' एवं 'युवा आवाज'बाट 'अब मेरो पालो' र 'स्वरभित्रका मान्छे'बाट 'ताल' अनि 'घामछायाँ'बाट 'क्या जोडी' बन्नु त्यस्तो केही उदाहरण हुन् ।

त्यस्तै आफ्नै च्यानलबाट बनेका पुराना कार्यक्रमलाई केही संशोधन र परिष्कार गरी नयाँ रुप र नाम दिने प्रचलन पनि छ । 'संगीत संगम'पछि 'स्वर संगीत' र 'सिर्जनाको आधा घन्टा' तथा 'आठ बजे'पछि 'आजको सन्दर्भ', 'जनआवाज' अनि 'परिवृत्त' 'अचेल' र 'सेरोफेरो' र 'प्रतिभाको डबली'पछि 'टोलटोलमा' अनि 'दर्पण' 'प्रेरणा' र 'परिवर्तन'पछि 'संघर्ष' एवं 'गृहलक्ष्मी' 'गृहवाटिका' 'घरपरिवार'पछि 'घरसंसार' साथै 'जीवनका पाइलाहरू', 'जीवनयात्रा', 'मेरो अतीत मेरो वर्तमान'पछि 'मनका कुरा'लाई यस सन्दर्भमा लिन सकिन्छ ।

समग्रमा हेर्दा नेपाली टेलिभिजन च्यानलहरूबाट प्रसारित कार्यक्रम कुनै न कुनै रुपमा विदेशी वा अन्य स्वदेशी कार्यक्रमको अवधारणामा निर्माण भएको पाइन्छ । त्यसो हुनुका कारणहरूमध्ये यस क्षेत्रको प्रतिस्पर्धा र अभ्यासको छोटो इतिहास, कल्पनाशीलता र व्यवसायिकताको अभाव, प्रशिक्षित जनशक्तिको कमी, निर्देशकहरूको वैचारिक दरिद्रता प्रमुख छन् । देशको अल्पविकसित अवस्था, दर्शक वा उपभोक्ताको कमजोर चेतनास्तर, व्यापारमुखी मिडिया हाउसका व्यवस्थापकहरू पनि त्यसमा केही हदसम्म जिम्मेवार छन् ।

पुरानै कन्सेप्टको वरिपरि हाम्रा कार्यक्रम घुमिरहने वा नयाँ कन्सेप्ट नआउनुको कारण के हो त ? भन्ने प्रश्नमा नाम खुलाउन नचाहने एकजना टेलिभिजन कार्यक्रम निर्माता-निर्देशक भन्छन्, 'नयाँ कन्सेप्ट ल्याउन गाह्रो छ, यो सत्य हो । तर, अरूको कन्सेप्टको नक्कल हुनु पनि उति गलत कुरा भने होइन । यो विश्वव्यापी रुपमै स्वीकार्य कुरा हो । वास्तवमा भन्ने हो भने पुरानो कन्सेप्टमा काम गर्न झन् बढी मेहनत गर्नुपर्ने हुन्छ किनभने त्यसको प्रस्तुति अघिल्लो कार्यक्रमको भन्दा प्रभावकारी भइदिएन भने निर्माता नराम्ररी असफल हुन्छ । हाम्रा सबै टेलिभिजन कार्यक्रमहरू अरूको अनुकरण गरेर मात्रै निर्माण भएका छैनन् । केही मौलिक कार्यक्रम पनि छन् । तर, ती राम्ररी स्थापित हुन भने सकिरहेका छैनन् ।'

टेलिभिजन कार्यक्रमका सम्बन्धमा बिबिसीका प्रशिक्षक पिटर किङ भन्छन्, 'तपाईं के भन्नुहुन्छ, त्यो महत्त्वपूर्ण कुरा होइन, भन्न लागेको कुरालाई तपाईं कसरी भन्दै हुनुहुन्छ त्यो बढी महत्त्वपूर्ण छ । त्यसैले नै दर्शक टेलिभिजन कार्यक्रम 'के' थियो भन्दा 'कस्तो' थियो ? भन्ने प्रश्न बढी उठाउने गर्छन् ।'

तर, किङको भनाइ नवप्रतिभाशाली युवाहरूको लागि प्रेरणादायी होइन, बरु घातक छ । कार्यक्रमको अवधारणा वा अन्तरवस्तु नै मौलिक छैन भने प्रस्तुतिमा जति बुट्टा भरे पनि त्यो कार्यक्रम सुगन्ध नभएको फूलसरह हुन पुग्दछ । किनभने 'नथिङ न्यु अन्डर द सन' भन्ने भनाइमा चित्त बुझाइ अरूको बोलीमा लोली मिलाउनेहरूभन्दा 'द स्काइ इज नो लिमिट' भनी नयाँ बाजी थाप्ने सिर्जनशील सर्जकहरू नै काँचको पर्दामा हलचल ल्याउन सफल भएका छन् । ■

# जटिल छन्- रूपान्तरणका चुनौती

■ इन्दु तुलाधर

**खासगरी जनआन्दोलनबाट प्राप्त द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणको अवसरलाई अपेक्षित नतिजामा बदल्न द्वन्द्वरत पक्षहरू सरकार जसले समस्या निर्धारण गर्ने एवं द्वन्द्वरत पक्षहरूको मुख्य चाहनालाई प्रभावित पार्ने गर्छ, द्वन्द्व रुपान्तरणका आधारभूत पक्षहरूमा प्रस्ट हुनु आवश्यक छ।**

**साहसिक जनआन्दोलनले** राजाको अधिनायकत्व ढालेपछि मुलुक संक्रमणकालको मोडमा आएर उभिएको छ। उत्साह, जाँगर, सपनाका थुप्रै रंगका साथै निराशा, अविश्वसनीयता, डर र अनिश्चितता पनि उत्तिकै छन्। यी आशा, सपना, चिन्ता र अनिश्चितताका बीच सर्वोच्च प्राथमिकता हिंसात्मक द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण हो।

द्वन्द्व रूपान्तरणका क्रममा यसका विविध पक्षलाई ध्यान दिनुपर्छ। द्वन्द्व रूपान्तरण, द्वन्द्व समाधान र व्यवस्थापनभन्दा धेरै अगाडि जाने कुरा हो। यसले द्वन्द्वका मूलभूत कारण, यसबाट उत्पन्न भएका र उठाइएका राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक संरचना लगायतका सवालदेखि लिएर व्यक्तिगत तहसम्ममा गएर व्यक्तिहरूको सोच, चिन्तन, मूल्य र मान्यतामा आम रूपान्तरणको बृहद् क्षेत्रलाई समेत समेट्नुपर्छ। यो अत्यन्तै जटिल प्रक्रिया हो। अझ हाम्रो जस्तो असमान पक्षहरूबीचको असमान हिंसात्मक द्वन्द्वका सन्दर्भमा शक्तिको रुपान्तरण, शक्तिको विभाजन, आधारभूत आवश्यकताको परिपूर्तिदेखि लिएर, पहिचान, अस्तित्व र हरेक नेपालीले सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चिततासम्म समान ध्यान दिनुपर्छ।

राज्यस्तरमा अन्तरनिहित राजनीतिक व्यवस्थाको फेरबदल अथवा परिवर्तनले मात्र आम द्वन्द्व रुपान्तरणका सम्पूर्ण पक्ष समेट्न नसक्ने स्पष्ट छ। द्वन्द्वको अन्तरनिहित मुद्दा तथा सवालमा विषयवस्तु, अवस्था, नेतृत्व तथा द्वन्द्वरत पक्षहरू अर्थात् कर्ताहरूको मनोवृत्ति, सोच, मूल्य र मान्यतामा रूपान्तरण अत्यन्त महत्त्वपूर्ण विषय हुन्। यसको अभावमा राज्यस्तरमा भएको राजनीतिक व्यवस्था परिवर्तनलाई मात्र द्वन्द्व रूपान्तरणको बृहद्ताभित्र ल्याउन सकिँदैन। यसले वास्तविक द्वन्द्वको रुपान्तरण नहुने निश्चितप्रायः छ। इतिहासमा यस्ता कतिपय सन्दर्भ छन् जसलाई हेरेर पनि यो तथ्य पुष्टि हुन्छ।

२०४६ सालको आन्दोलनले राजनीतिक व्यवस्थाको रुपान्तरणमा एउटा फड्को मार्न सफल त भयो। तर, उल्लिखित क्षेत्र र सवालहरू, मुख्यतया हाम्रो व्यवहार, सोच, चिन्तनमा रुपान्तरण हुन सकेन। यी पक्षमा गरिनुपर्ने रुपान्तरणको आवश्यकतालाई हामीले तत्कालै बिर्सियौं। र, यो ऐतिहासिक वास्तविकताको पुनरावृत्तिको लक्षण अहिले पनि देखिन सुरु भइसकेको छ।

युद्धविराम वास्तवमा युद्धको अन्त्य होइन। तर, यो एउटा यस्तो अवसर हो जसको माध्यमद्वारा द्वन्द्वरत पक्षहरूले द्वन्द्व अन्त्य गर्ने आशा गरिएको हुन्छ। हाम्रै सन्दर्भमा पनि अहिलेको युद्धविराम मुलुकमा विद्यमान द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणका लागि एक अवसर हो। यो अवसर हामीले हिंसापूर्ण द्वन्द्वको क्रममा यसअघि पनि नपाएका होइनौं। तर, त्यसको विवेकपूर्ण उपयोग गर्न नसक्दा देशमा शान्ति स्थापना गर्ने आशा वास्तवमा आशामै सीमित रह्यो।

भर्खरै भएको जनआन्दोलनबाट प्राप्त द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणको अवसरलाई अपेक्षित नतिजामा बदल्न द्वन्द्वरत पक्षहरू त्यसमा पनि मूलतः सरकार जसले समस्या निर्धारण गर्ने एवं द्वन्द्वरत पक्षहरूको मुख्य चाहनालाई प्रभावित पार्ने गर्छ, द्वन्द्व रुपान्तरणका आधारभूत पक्षहरूमा प्रस्ट हुनु आवश्यक छ। यो कार्य वार्ताको टेबुलमा बस्नुअगाडि नै व्यापक गृहकार्यद्वारा तय गरिनुपर्छ। त्यसैगरी परिवर्तित रणनीतिहरू तय गर्ने र अवसरका ढाँचामा परिवर्तन तथा द्वन्द्वरत पक्षहरूबीचको संवादजस्ता कुरामा नीतिगत रूपमा प्रस्ट भएर रणनीति तय गर्नु आवश्यक हुन्छ। वास्तवमा प्रत्यक्ष युद्ध अथवा हिंसाको अनुपस्थितिले मात्र शान्तिको चाहनाको व्यापकता बोक्न सक्तैन। सामान्यतया यो अवस्थाले चरम हिंसाको अवस्थामा गुज्रिरहेको बेला सामान्य राहतसम्म त पुर्‍याउँछ। तर, शान्तिलाई वास्तविक शान्तिको बाटोमा लैजान पर्याप्त हुँदैन। यसका निम्ति अस्वीकार्य राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विभेदहरू र संरचनाको अन्त्य गरिनाको साथै समावेशीकरण जसले आत्मसम्मान र अरूबाट सम्मान पाउने सुनिश्चित गरेको हुन्छ,लाई समेत आत्मसात गर्न सक्नुपर्छ।

अहिले हाम्रो सन्दर्भमा विश्लेषण गर्दा धेरै ठूलो प्रयत्नबाट प्राप्त अवसरलाई प्रयोग गर्न सबैभन्दा ठूलो चुनौती कहाँनेर देखापरेको छ भने समस्या निर्धारण गर्ने पहिलो खुड्किलोमै कर्ताहरू कमजोर हुँदै गइरहेको महसुस हुन्छ। समस्याको निर्धारणमा हुनुपर्ने पारदर्शिता, आपसी संवाद र उचित तथा पर्याप्त गृहकार्यजस्ता न्यूनतम आधारभूत मान्यतामा नै असफल हुँदै गइरहेको महसुस हुन्छ। यसको प्रत्यक्ष रूप द्वन्द्वरत पक्षहरूबीच भएको आठबुँदे सहमतिलाई कार्यान्वयन गर्ने सवालमा उठेका विवाददेखि लिएर अन्तरिम संविधान मस्यौदा आयोग, अन्य आयोग तथा समितिहरूका सवालमा समावेशीकरणका सवाललाई लिएर उठाइएका विवादमा देखिएको छ। यी विवाद र मतमतान्तरहरू अव्यवहारिक, अदूरदर्शी मात्र नरही तत्काल अविश्वास सिर्जना गर्ने, संवाद र सम्बन्ध विस्तारमा बाधा पुर्‍याउने र अन्त्यमा वार्ता असफल बनाउन भूमिका निर्वाह गर्ने तत्त्वहरू हुन्।

हुन पनि आन्दोलनपश्चात् राजनीतिक दलका नेताहरूको रवैया हेर्दा उनीहरूमा रुपान्तरणको आशा गर्नु त परै जाओस्, त्यसको गुन्जायस समेत पनि महसुस गर्न सक्ने अवस्था देखिएको छैन। अन्तरिम संविधान मस्यौदा आयोगमा महिला, दलित, जनजाति, पछाडि पारिएका समुदाय लगायत अन्य समुदायको प्रतिनिधित्वको जुन सवाल छ, त्यसमा समावेशीकरणको ओठे प्रतिबद्धता त जाहेर गरियो। तर, त्यसलाई व्यवहारमा उतार्ने सम्बन्धमा ढिलासुस्ती र आलटाल गर्ने प्रयत्न भयो। यसले गर्दा यो सरकार एवं यसका नायकहरू र अधिनायकवादी राज्यसत्ताका अधिनायकहरूबीच व्यवहारिक तात्त्विक भिन्नता के र कति छ भनी प्रश्न उठ्नु अत्यन्त स्वभाविक छ। मुद्दाहरूको रुपान्तरणका सन्दर्भ उठाउने हो भने यी सबै सवाल एक-अर्कामा अन्तरसम्बन्धित र अन्तरनिहित भएकाले एकको रुपान्तरणविना अर्काको रुपान्तरण अपेक्षा गर्न गाह्रो हुन्छ।

यसले पनि के पुष्टि हुन्छ भने अवस्था परिवर्तन भए पनि रुपान्तरणका लागि हामीसँग ठोस योजना छैन, कार्यान्वयनको लागि प्रभावकारी रणनीति छैन, पारदर्शी सवांद, अन्तरक्रिया तथा सहमतिका लागि कुशल संयन्त्र छैन।

द्वन्द्वरत पक्षहरूबीच आपसी सहमतिमा आउन सक्ने मूल्य र मान्यताहरू के के हुन्, न्यूनतम मूल्य र मान्यताहरू जस्तो शान्ति, आर्थिक, लोकतन्त्र, न्याय, सत्य, माफी, र एक-अर्काको आत्मसम्मानको सम्मान गर्ने सम्बन्धमा के कस्तो योजना एवं दृष्टिकोण छ भन्ने जस्ता विषय उठाउनैपर्छ। वास्तवमा यी यावत् परिवर्तनका निम्ति नयाँ नेतत्वको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। तर, हाम्रो सन्दर्भमा हिजो प्रजातन्त्रको पक्षमा पराजित नेताहरूको भीडलै नै आज नेतृत्वको भूमिका निर्वाह गरिरहेको एउटा निरीह अवस्था छ, उनीहरूसँग न वर्तमानका लागि प्रेरणादायी ऊर्जा छ न त भविष्यको आशा गर्नसक्ने अवस्था नै छ। त्यसैले जटिल राजनीतिक परिवर्तनको यो अवस्थामा समस्याको चुरो समातेर दीर्घकालीन समाधान खोज्ने हो भने नेतृत्वमा रुपान्तरण हुनु आवश्यक छ।

(**अधिवक्ता तुलाधर अन्तर्राष्ट्रिय द्वन्द्व विश्लेषणमा स्नातकोत्तर हुन्।**) indu.tuladhar@gmail.com

# चोरको तारोमा तार

**राजधानीमा** टेलिफोनको संजाल जति बढ्दै छ, टेलिफोन लाइनमा प्रयोग गरिएका गुणस्तरीय तामाका लागि तारको चोरी पनि बढ्न थालेको छ। अहिले तार चोरी भएकैले राजधानीका तीन दर्जन क्षेत्रमा टेलिफोन सेवा अवरुद्ध छ। कैयौं साता सेवा अवरुद्ध हुँदा समेत सेवा प्रदायकहरूले मर्मत नगर्दा उपभोक्ता टेलिफोन सेवाबाट वञ्चित छन्।

राजधानीलगायत देशका अन्य क्षेत्रमा पनि टेलिफोनका तार चोरीको समस्या उस्तै छ। नेपाल टेलिकमले नेपाल प्रहरी प्रधान कार्यालय लगायतका सुरक्षानिकायमा बारम्बार जानकारी गराउँदा समेत तार चोरीको समस्या नियन्त्रण हुन नसकेको बताएको छ। नेपाल टेलिकमका काठमाडौं क्षेत्रीय निर्देशनालयका कार्यप्रबन्धक राजेन्द्र नकर्मी भन्छन्, 'टेलिकमले प्रयोग गरेका तारको प्रकृति हेरेर कुनै तार परिवर्तन गर्न लामो समय लाग्ने र तत्काल उपलब्ध नहुँदा समय लाग्ने गरेको हो, तार उपलब्ध भएमा १-२ दिनभित्रै पुनर्निर्माण हुन्छ।' राजधानीको चक्रपथवरपर र पातलो बस्ती भएका क्षेत्रमा टेलिफोन तार चोरीको समस्या बढी देखिएको छ।

राजधानीको रानीवन क्षेत्रमा विगत एक महिनादेखि तार चोरीका कारण टेलिफोन सेवा अवरुद्ध छ। महिनौं सेवा अवरुद्ध हुँदा समेत टेलिकमले मर्मत नगरेकाले उपभोक्ता टेलिकमप्रति आक्रोशित छन्। त्यस्तै, काठमाडौं उपत्यकाभित्रका मैतिदेवी, कोटेश्वर, चाकुपाट, मानभवन, सल्लाघारी, छाउनी, कुसुन्ती, गोदावरीलगायतका क्षेत्रमा तार चोरी भएकाले टेलिफोन सेवा अवरुद्ध छ। टेलिकमले सेवा अवरुद्ध भएको जानकारी हुनासाथ तत्काल मर्मत गरिने बताए पनि अन्तर्राष्ट्रिय नियोग, सरकारी कार्यालय लगायत बाक्लो बस्ती भएका क्षेत्रहरूमा समेत लामो समयसम्म मर्मत भएको पाइँदैन।

उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकाले गत साता टेलिफोन तार चोरीसम्बन्धी छुट्टै टोली गठन गरेर अनुसन्धान अघि बढाएको बताएको छ। टोली गठन भएलगत्तै साउन ३ गते उपत्यका अपराध अनुसन्धान शाखाको गस्ती टोलीले बालाजुबाट बोरामा २० किलो टेलिफोनको तार लिएर हिँडेको अवस्थामा दुईजनालाई पक्राउ गरेको छ। टेलिकमले महँगो रकम खर्च गरेर विदेशबाट आयात गरेका यस्ता तार चोर्ने गिरोहले भने कवाडी (पत्र)को मूल्यमा




बेच्ने गरेको पाइएको छ। टेलिकमले आफ्ना साधारण (पिएसटिएन) टेलिफोन लाइनमा प्रयोग गर्ने गरेको तार गुणस्तरीय तामा प्रयोग गरिएको हुन्छ।

सेवा प्रदायकहरूले मर्मत सम्भारमा गरेको ढिलासुस्तीले ठूलो संख्यामा उपभोक्ता टेलिफोन सेवाबाट वञ्चित छन्। लामो समयसम्म टेलिफोन लाइनहरू किन अवरुद्ध भएको भन्नेबारे समेत सेवा प्रदायकले उपभोक्तालाई जानकारी गराउँदैन। उपभोक्ता संरक्षण मञ्चका महासचिव अधिवक्ता ज्योति वानिया भन्छन्, 'दूरसंचार ऐनले ७ दिनभन्दा बढी सेवा अवरुद्ध हुने अवस्था आएमा उपभोक्तालाई राष्ट्रियस्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरेर अग्रिम जानकारी दिनुपर्ने व्यवस्था गरेको छ। तर, महिनौं अवरुद्ध हुँदा समेत सेवा प्रदायकहरू बेवास्ता गरेर बस्नु गैरजिम्मेवारीपनको पराकाष्ठा हो।'

लामो समय सेवा उपभोग नगर्दा पनि टेलिकमले उपभोक्तासँग न्यूनतम टेलिफोन महसुल भने लिने गरेको छ। अधिवक्ता वानिया भन्छन्, 'सेवा नदिएको अवधिको क्षतिपूर्ति धरौटी रकमको ब्याजसहित उपभोक्तालाई सेवा प्रदायकले भुक्तान गर्नुपर्ने हुन्छ। तर, उल्टै उपभोक्ताबाट न्यूनतम मासिक महशुल लिने गरिन्छ।'

थापाथलीको बागमती पुलमा रहेको भूमिगत क्याबिनेट तार चोरी भएका कारण कूटनीतिक नियोगका टेलेक्सहरू समेत अवरुद्ध भएका छन्। चोरी भएको प्रकृतिको तार टेलिकमसँग तत्काल उपलब्ध नभएको कारण तुरुन्त पुनर्निर्माण गर्न नसकिएको टेलिकमले बताएको छ। उता कलंकीको खसीबजारमा टेलिफोन तार दोस्रो पटक चोरी हुँदा अहिले सेवा अवरुद्ध छ। गत २ वर्षभित्र करिब ३ करोड रुपैयाँको तार चोरी भएको नेपाल टेलिकमले जनाएको छ।

सेवा प्रदायकहरूले हराएको अथवा चोरी भएका समानको विमा कम्पनीमार्फत क्षतिपूर्ति पाउँछन्। तर, उपभोक्तालाई भने ऐनमा भएको व्यवस्था समेत लागू गरेका छैनन्। सेवा प्रदायकले जुन संयन्त्र प्रयोग गरेर पनि तुरुन्त अवरुद्ध सेवा सुचारु गर्नुपर्ने तर्क वानियाको छ।

■ गोविन्द परियार/काठमाडौं


Mrs. Bharati Shrestha
SARADA EMPORIUM
A showroom of Modern Ladies Suits & Ladies Dresses
SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9851070807

Pragati Khanal
Simrik
..........the Boutique of your choice
Tel. Off. : 2111190
Res. : 5524213
Pulchowk, Lalitpur

# हवाई बीमा

### हवाई उडानको इतिहास:

हावामा उड्ने कामको इतिहास निकै पुरानो छ । हिन्दु तथा ग्रिक पौराणिक कथाहरूमा उड्ने रथ, वायुपंखी घोडा, वायुमार्गको भ्रमणको उल्लेख भएको पाइन्छ । इसापूर्व ग्रिक दार्शनिक एरिस्टोटल, पन्धौं शताब्दीमा लियोनार्दो दा भिन्ची लगायत प्राचीन कालमा थुप्रै शोधकर्ताहरूले हावामा उड्ने यानको अध्ययन र अनुसन्धान गरेको विवरण पाइन्छ । सन् १७८५ मा दुई व्यक्तिहरूले हाइड्रोजन ग्यास भरेको बेलुनको सहायताले इङलिस च्यानल (फ्रान्स र इङल्यान्डबीचको समुद्री भाग) माथि उडेर पार गरेका थिए । त्यसपछि पनि उड्ने मेसिन बनाउने प्रयत्न लगातार भइरह्यो जसको फलस्वरूप तातो हावा भरेर उडाउने बेलुन, ग्लाइडर, एअरसिप आदिको आविष्कार हुन थाल्यो ।

तर आधुनिक उड्ने मेसिन (हवाई जहाज) भने अमेरिकाका राइट दाजुभाइले सन् १९०३ डिसेम्बर १७ का दिन उडाएर देखाए । तिनीहरूले बनाएको हवाई जहाजले त्यो दिन १२ सेकेन्डमा १२० फिटसम्म उडेको थियो । त्यसपछि हवाई प्रविधिको विकास एकदमै द्रुत गतिमा हुन थाल्यो । आजकल हवाई जहाज, मानिस र सामान ओसार्ने लगायत खेलकुद तथा मनोरञ्जन, अनुसन्धान तथा खोज, उद्धार कार्य, मौसमको अध्ययन तथा भविष्यवाणी, युद्ध तथा जासुसी आदि क्षेत्रहरूमा व्यापक प्रयोग भएको पाइन्छ ।

### हवाई उडानको अन्तर्राष्ट्रिय कानूनी व्यवस्था:

हवाई जहाजको प्रयोगबाट ससांरको एक ठाउबाट अर्को ठाउसम्म जाने काममा तुलनात्मक रूपमा निकै कम समय लाग्न जादा यसको प्रयोग व्यापक हुंदै जान थाल्यो । साथै हवाई जहाजको यात्रा थुप्रै देशहरू भएर र माथिबाट जाने हुंदा, हवाई यात्राको लागि एउटै एअर ट्राफिक नियम, विमान कम्पनीको दायित्व, पर्याप्त र स्तरीय सुरक्षा प्रणाली आदि समेटिने एउटा अन्तर्राष्ट्रिय कानुनको आवश्यकता पर्न गयो । त्यसको लागि सबैभन्दा पहिले सन् १९१९ मा पेरिसमा र त्यसपछि थुप्रै अन्तर्राष्ट्रिय सम्मेलनहरू भए तर अन्तर्राष्ट्रिय कानुन निर्माण गर्ने उद्देश्यको लागि ३ सम्मेलनहरू भने महत्वपूर्ण रहे ।

क. वार्सा कन्भेन्सन १९२९:

यो सम्मेलनले हवाई जहाजको दुर्घटना हुंदा विमान कम्पनीहरूले यात्री (वा यात्रीका कानुनी हकदार)लाई व्यक्तिगत दुर्घटनाबापत र यात्रुको सामानको शोधभर्ना दिनु पर्ने व्यवस्था गर्‍यो । यो व्यवस्थाबाट दुर्घटना वा क्षतिको कारण जे सुकै भए पनि विमान कम्पनीहरूले यात्रु र सामानप्रतिको दायित्व लिनै पर्ने भयो तर दायित्वको एउटा सीमा तोकियो ।

ख. हेग प्रोटोकल १९५५:

यसले वार्सा कन्भेन्सनले गरेको निर्णयहरूमा निम्नअनुसारका संशोधन/थप गर्‍यो:

- दाबी गर्ने समय सीमा बढाइयो,
- अदालतले क्षतिपूर्तिसम्बन्धी निर्णय गर्न सक्ने व्यवस्था,
- दाबीको लागि यात्रुको टिकट नै चाहिने व्यवस्थाको खारेजी,
- बिमान कम्पनीको दायित्व बढाएर निम्नअनुसार गरियो:
  यात्रुको दायित्व - यु. एस. डलर २०,००० प्रतियात्रु
  यात्रुको सामान र कार्गो - यु. एस. डलर २० प्रतिकिलोग्राम आदि ।

\# यो सन्धि, पारित गर्नको लागि चाहिने न्यूनतम संख्या ३० राष्ट्रहरूले हस्ताक्षर गरेपछि, सन् १९६३ अगस्त १ देखि मात्र लागू भयो ।

\# सम्मेलनको समयमै अमेरिका दायित्वको सीमा बढाउने कुराको अडान लिदै आएको थियो । अमेरिकाले यो सन्धिमा तत्काल हस्ताक्षर गरे पनि पछि अमेरिकी सरकारले यो सन्धि अनुमोदन गर्न अस्वीकार गर्‍यो ।

ग. मोन्ट्रियल एग्रिमेन्ट १९६६:

सन् १९६५ मा अमेरिकाले वार्सा कन्भेन्सनले तोकेको र पछि हेग प्रोटोकलले संशोधन गरेको दायित्वको सीमा कम भएका कारणबाट सन्धि नमान्ने निर्णय गर्‍यो । अमेरिकाले गरेको निर्णय पछि सन् १९६६ मा मोन्ट्रियलमा अर्को सम्मेलन भयो जसले निम्नअनुसारको निर्णय गर्‍यो:

- यो सम्मेलनमा भएको सहमति वास्तवमा वायुसेवा संचालकहरूबीच भएको सहमतिको रूपमा लिन सकिन्छ जसअनुसार सम्मेलनमा सहभागी देशका वायुसेवा संचालकहरू, जसको अमेरिकासम्म, अमेरिकाबाट वा अमेरिका भएर उडान हुन्छ, ले प्रतियात्रु यु. एस. डलर ७५,००० (कानुनी खर्च सहित) वा यु. एस. डलर ५८,००० (कानुनी खर्चबाहेक) दायित्व लिनु पर्ने ।
- जुन देशका वायुसेवा संचालकहरूको उडान अमेरिकामा रोकिन्छ, त्यो देशको सरकारले अमेरिकी सरकारलाई माथि उल्लेख भएको व्यवस्था लागू गर्ने प्रत्याभूति दिनु पर्ने ।
- अमेरिका भएर उडान गर्ने प्रत्येक वायु सेवा संचालकहरूले हवाई टिकट जारी गर्दा, एउटा निश्चित आकारमा र लिखित रूपमा निम्नअनुसारको सूचना टिकट खरिदकर्ताहरूलाई दिनु पर्ने व्यवस्था:

"अमेरिकामा हवाई जहाज रोकिने प्रत्येक उडानका प्रत्येक यात्रुको लागि प्रतियात्रु दायित्व यु. एस. डलर ७५,००० मा नबढ्ने गरी तोकिएको छ जुन वायुसेवा कम्पनीको लागि कुनै पनि अवस्थामा अनिवार्य हुनेछ"

### हवाई बीमाको इतिहास:

हवाई बीमाको सुरुवात बीसौं शताब्दीको पहिलो दशकमा बेलायतमा ह्वाइट क्रस बीमा एजेन्सीले सुरु गर्‍यो । त्यो बेलाको हवाई बीमामा जहाजको अग्नि जोखिम मात्रै समावेश हुन्थ्यो । सन् १९१० मा जहाजको दुर्घटना र त्यसपछि तेस्रो पक्ष दायित्व जस्ता जोखिमहरूको बीमा हुन थाल्यो । तर, आधुनिक हवाई बीमा भने सन् १९१९ मा ल्वायड्सका सदस्यहरूले केही बीमा कम्पनीहरूसंग मिलेर सुरु गरे । त्यसपछि सन् १९२२ मा BAIG (British Aviation Insurance Group) को स्थापनापछि हवाई बीमाको विकासले गति लिन थाल्यो । सन् १९३१ मा त्यसबेलाका ठूला बीमा कम्पनी र केहि ल्यावड्यका सदस्यहरूलाई समावेश गरेपछि यो संस्था BAIC (British Aviation Insurance Company) मा परिणत भएपछि हवाई बीमाको लागि एउटा कोसेढुङ्गा सावित भयो । सोही समायवधिमा अमेरिका तथा केही युरोपीय देशहरूमा पनि हवाई बीमाको उल्लेखनीय विकास हुन थाल्यो ।

### हवाई बीमाको क्षेत्र:

हवाई बीमाअन्तर्गत निम्नअनुसारका जोखिमहरूको बीमा गर्न सकिन्छ:

- हवाई जहाजको भौतिक क्षति (दुर्घटना, आतंकवादी कार्य, अपहरण, युद्ध जस्ता जोखिमहरूको कारणबाट)
- हवाई जहाजको पार्टपुर्जा (स्पेयर पार्ट्स) को क्षति (हवाई जहाजमा जडान गरिएको, गोदाम/स्टोरमा राखिएको वा मार्गस्थ रहेको कुनै पनि अवस्थामा)
- वायुसेवा कम्पनीको निम्नअनुसारका कानुनी दायित्वअन्तर्गत भुक्तानी गर्नुपर्ने रकम:
  - यात्रु र यात्रुको सामानको लागि,
  - हवाई जहाजमा रहेको कार्गो तथा अन्य सामानहरू
  - दुर्घटना वा अन्य कारणबाट जमिनमा रहेका सम्पत्ति, मानवीय क्षति आदि ।
- व्यक्तिगत दुर्घटना (निम्नअनुसारका व्यक्तिहरू):
  - हवाई जहाजका चालक (पाइलट) तथा अन्य कर्मचारीहरू,
  - वायुसेवाका जमिनमा रहने प्राविधिक तथा अन्य कर्मचारीहरू,
  - नागरिक उड्डयन वा सम्बन्धित सरकारी पदाधिकारी तथा कर्मचारीहरू,
  - हवाई जहाजका यात्रुहरू
- हवाई जहाजका चालक (पाइलट)हरूको अनुमतिपत्र (लाइसेन्स) रद्द हुने (Loss of License)
- विमानस्थल संचालकको कानुनी दायित्व,
- हवाई जहाजको इन्जिनको ब्रेक डाउन (Aero Engine Breakdown),
- भूउपग्रहहरू (Satellites),
- हवाई जहाज वा इन्जिन निर्माताहरूको उत्पादनप्रतिको दायित्व (Product Liabilities of manufacturers),
- दुर्घटनाको कारणबाट हवाई जहाज नचल्ने अवस्थामा रहदा हुने नाफाको नोक्सान आदि ।

### हवाई बीमाका विशेषताहरू:

- अन्तर्राष्ट्रिय प्रकृति (International Nature),
  हवाई जहाजको यात्रामा थुप्रै देशहरू पर्न जाने हुदा हवाई बीमा पनि अन्तर्राष्ट्रिय प्रकृतिको हुन्छ जसअनुसार जुनसुकै देशमा पनि हवाई बीमाको बीमालेख एउटै प्रकारको हुन्छ ।
- निर्धारित मूल्य बीमालेख (Agreed Value Policy)
  हवाई बीमामा जहाजको बीमाङ्क रकम बीमित र बीमकबीचमा छलफल गरेर राख्न सकिन्छ ।
- अनिवार्य कानुनी व्यवस्था:
  हवाई बीमा अन्तर्राष्ट्रिय प्रकृतिको भएको र यसमा जोखिमको स्तर पनि उच्च भएकाले हवाई बीमाको अनिवार्य व्यवस्था भएको पाइन्छ ।
- बीमा र पुनर्बीमाको लागि सीमित बजार
  हवाई बीमामा जोखिम उच्च हुने र यसको दाबी पर्दा ठूलो रकम भुक्तानी गर्नु पर्ने हुदां यसको लागि संसारभरि नै बीमा वा पुनर्बीमाको लागि सीमित बजार रहेको पाइन्छ आदि । ■


निर्जीवन बीमासम्बन्धी जनचेतना अभियानमा

शिखर इन्स्योरेन्स कम्पनी लि.








शरणार्थी क्याम्पमा निरीह भुटानीहरू

# थप जटिलतातर्फ ?

**संयुक्त राष्ट्रसंघीय** शरणार्थीसम्बन्धी उच्चायोगकी सहायक उच्चायुक्त जुडी चेङ होपकिन्सको अघिल्लो साताको नेपाल भ्रमणपछि नेपालमा १६ वर्षदेखि बल्झँदै आएको भुटानी शरणार्थी समस्या अर्को जटिलतातर्फ धकेलिने संकेत देखिएका छन्। होपकिन्सले तीनदिने भ्रमणपछि आयोजित पत्रकार सम्मेलनमा शरणार्थी समस्या समाधानका लागि भुटान फर्काउने, नेपालमै विलय गर्ने वा तेस्रो देशमा स्थानान्तरण गर्ने तीनवटा विकल्प प्रस्तुत गर्दै पत्रकारहरूमाझ तीनवटै विकल्प खुला रहेको बताइन्।

परराष्ट्रमन्त्री केपी शर्मा ओलीसँगको भेट तथा शरणार्थी शिविरको समेत भ्रमण सकेपछि होपकिन्सले दिएको अभिव्यक्तिपछि शरणार्थी समस्या सुल्झनेभन्दा बल्झने स्थिति देखापरेको छ। जन्मभूमि फर्किन पाउनु शरणार्थीहरूको वर्षौंदेखिको माग र शरणार्थी नेताहरूको अडानविपरीत उनले महत्त्वका साथ तेस्रो देशमा स्थानान्तरण गर्ने विकल्प पेस गरिन्। सोह्रजना भुटानीलाई तेस्रो देशमा स्थानान्तरण गर्ने बारेमा प्रक्रिया चलिरहेको र त्यसमा नेपालको परराष्ट्र मन्त्रालयले समेत सहमति दिएको जानकारी दिँदै होपकिन्सले समस्या उब्जेको १६ वर्षमा भएको पहिलो कदमबाट आफू आशावादी बनेको बताइन्। उनले भनिन्, 'म आशावादी छु।'

शरणार्थीहरू त आफ्नै देश फर्कन चाहन्छन् नि भन्ने प्रश्नमा होपकिन्सले उल्टै प्रतिप्रश्न गरिन्, तपाईंले सर्वेक्षण गर्नुभएको छ, को के गर्न चाहन्छन् ?', उनले थपिन्, 'सबैजना देश फर्कन चाहन्छन् भनेर सामान्यीकरण गर्न गाह्रो छ।'

तर कति वर्षमा भुटानीहरू तेस्रो देशमा स्थानान्तरण भइसक्छन् त ? होपकिन्ससँग जवाफ छैन। तर, होपकिन्सले आफू शरणार्थी मामलालाई अन्तर्राष्ट्रियकरण गर्न पछि नपरेको दाबी गरिन्। उनले भनिन्, 'अहिलेसम्म यो स्थानीय समस्या मात्र भएर रहेको थियो, हामी यसको अन्तर्राष्ट्रियकरण गर्नुपर्छ भनेर वकालत गर्छौं।'

होपकिन्स चार वर्षयता शरणार्थीसम्बन्धी उच्चायोगबाट नेपाल भ्रमण गर्ने वरिष्ठ व्यक्ति हुन्। तर, उनको भ्रमणपछि भुटानी शरणार्थी समस्याको भरपर्दो समाधान हुने सम्भावना देखिएको छैन। नेपालमा रहँदा उनले पुल्चोकस्थित संयुक्त राष्ट्रसंघको कार्यालयअगाडि कैयौं सातादेखि अनशन बसिरहेका शरणार्थीलाई भेटिन्। तर, शरणार्थी नेताहरूलाई भेट्न चाहिनन्। शरणार्थी नेता टेकनाथ रिजाल भन्छन्, 'हामीले भेट्न चाहेका थियौं, तर उनले समय दिइनन्।'

भारतको सुरक्षा छाताभित्र रहेको भुटान सरकारलाई अन्तर्राष्ट्रिय दबाब दिएर समस्या समाधान गर्नुपर्छ भन्ने मान्यता बलियो हुँदै गएका बेला उच्चायोग नै विभिन्न विकल्पको पक्षमा अल्झिएपछि त्यसको प्रत्यक्ष लाभ भुटानलाई हुनेछ। भुटानी राजा आम सफाया गरेको मानवीय अपराधबाट चोखिनेछन्। भारतमाथि किन दबाब नदिएको भन्ने प्रश्नमा होपकिन्सले विभिन्न तहबाट कुराकानी भइरहेको जवाफ दिँदै शरणार्थी समस्या समाधानमा भारतले सहयोग गर्ने पनि बताइन्। भुटानी शरणार्थी समस्या वर्षौंसम्म थाती रहनुमा नेपाल र भुटानको द्विपक्षीय मामला भनेर भारत पन्छिएको सन्दर्भमा सोधिएको प्रश्नमा होपकिन्सले भनिन्, 'समस्या समधानको प्रक्रियामा कसैलाई आरोप लगाउनु राम्रो हुँदैन। म कसैप्रति आरोप लगाउन चाहन्नँ।' शरणार्थी मामला सार्कस्तरीय सम्मेलनका बेला पनि पटक पटक छलफल हुने गरेको बताउँदै त्यसबाट द्विपक्षीय मामलामा रुपमा मात्र नरहेको उनको धारणा थियो।

भारत शरणार्थी समस्यालाई नेपाल र भुटानको द्विपक्षीय मामला भन्दै सुरुदेखि पन्छँदै आएको छ। छिमेकीहरूसँग राम्रो सम्बन्ध राख्नुपर्छ भन्ने मान्यताका भारतीय प्रधानमन्त्री आइके गुजराल समेत भुटानी मामलामा पानीमुनिको ओभानो हुने नीति लिएका थिए। छिमेकीहरूका मामलामा गुजराल डक्ट्रिन भनेर कहलिए पनि भुटानलाई नचिढाउने उसको नीति रह्यो। जानकारहरूका अनुसार गुजराल प्रधानमन्त्री भएका बेला सन् १९९६ तिर भारतका एकजना वरिष्ठ समाजवादी नेता भुटानी शरणार्थी समस्याले गर्दा अन्तर्राष्ट्रिय समुदायमा भारतको बदनाम भएको भन्दै भूमिका खेल्न आग्रह गर्न गएका थिए। तर, गुजरालले भारतले भनेको मान्ने एउटै मात्र देशलाई चिढाउन नहुने जवाफ दिएर उनलाई फर्काइदिएको जानकारहरू बताउँछन्।

तर अहिले स्थिति बदलिएको छ, सार्कस्तरीय साउथ एसियन ह्युमन राइट्स (एसएएचआर) भन्ने संस्थाले महत्त्वका साथ भुटानी मुद्दा उठाउने भएको छ। संस्थाको नेपाल च्याप्टरको अध्यक्ष नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डे छन् भने भारतीय च्याप्टरका अध्यक्ष पूर्व प्रधानमन्त्री आइके गुजराल छन्। एसएएचआरले भुटानी मामला अघि बढाएको अवस्थामा भारत कम्तीमा भुटानी मामलाका बारेमा मौनता साधेर बस्न नसकेर बरु 'सुन्नुपर्ने' स्थितिमा पुग्ने आँकलन भइरहेको छ।

भुटानी शरणार्थीहरू भारत हुँदै नेपाल आएको भए पनि स्वदेश फर्कने अभियानमा भारतीय सुरक्षाकर्मीबाट रोक्ने काम हुँदै आएको छ। त्यसैले भारत तेस्रो देशमा स्थानान्तरण गर्ने नीतिको पक्षमा हुन सक्छ। तर, भुटानमै फर्कने बाहेकका विकल्पमा अधिकांश शरणार्थी तयार हुने देखिँदैन। शरणार्थी नेता आफूहरू स्वदेश फर्कने बाहेकको कुनै पनि विकल्पबारे सोच्न नसक्ने बताउँछन्। रिजाल भन्छन्, 'तेस्रो देशमा स्थानान्तरण गर्ने नीति हाम्रो होइन, २-४ हजारलाई यताउता गरेर समस्याबाट बाहिरिने नीति मात्र हो, हामीलाई मान्य हुँदैन।' उनले भुटानका नामबाट अरू कुनै मानिस विदेश जान सक्ने सम्भावना व्यक्त गरे।

शरणार्थी उच्चायोगले आगामी कात्तिकदेखि शिविरहरूमा जनगणना गर्ने बताएको छ। अहिलेसम्म शरणार्थीहरूको यकिन तथ्यांक नभएको र आयोगले जनगणना नगरेको आधार देखाएर गर्न थालिएको जनगणना कुन प्रयोजनका लागि गर्न लागिएको हो, शंका उत्पन्न हुन थालेको छन्। आयोग आफूले अघि सारेका तीनवटै विकल्पबारे शरणार्थीको धारणा लिन लागेको त होइन भन्ने प्रश्न पनि उत्पन्न भएको छ।

उच्चायोगले भारतलाई दबाब दिएर समस्या समाधानको सबैभन्दा सजिलो विकल्प रोज्नको साटो अन्य विकल्पबारे रुमलिनुको औचित्य छैन। भारतले पनि भुटानी शरणार्थी समस्यालाई द्विपक्षीय मामला भनेर पन्छिन खोज्नु क्षेत्रीय शक्तिका लागि सुहाउने कुरा होइन। नेपालमा माओवादी जस्तै शरणार्थी जीवनबाट दिक्दार भएका भुटानी युवाले सशस्त्र संघर्षको बाटो रोजेमा त्यो भारतका लागि पनि प्रत्युत्पादक हुनेछ।

**■ विश्वमणि पोखरेल/काठमाडौं**

# छेकेन उमेरले

**पाँच वर्षअघि** बैंकमा चेक साट्न जाँदा सही गर्न नआएर रित्तो हात घर आउनु पर्दाको तितो अनुभवले ६३ वर्षीया कल्पना श्रेष्ठलाई अक्षर चिन्ने इच्छा जागेको थियो। घर धान्ने मान्छे र पढ्ने ठाउँको अभाव भएकाले तत्कालै उनको अक्षर चिन्ने धोको अधुरै रह्यो।

नजिकै नमुना महिला विद्यालय खुलेपछि भने गत वैशाखदेखि उनी कक्षा १ मा भर्ना भएकी छन्। उनी भन्छिन्, 'समय मिलेसम्म पछिसम्म पढ्ने विचार छ।' नमुना विद्यालयमा कल्पनाजस्तै १७० महिला औपचारिक अध्ययनको लागि दिनहुँ हाजिर हुन्छन्। त्यहाँ पढ्नेमा बीचैमा पढाइ छोडेका युवतीदेखि हजुरआमाको उमेरसम्मका विद्यार्थी छन्।



औपचारिक शिक्षा लिँदै महिलाहरू

समय

राजधानीमा खुलेका झन्डै आधा दर्जन महिला स्कुलहरूमा पढ्न धाउने महिलाको संख्या बढ्दो छ। उनीहरू उमेरमा पढ्न नपाउनुको धोकोमात्र पूरा गरिरहेका छैनन्, फलामे ढोका मानिने एसएलसीमा समेत सामेल भएर उच्च शिक्षाको आकांक्षा पूरा गर्नेतर्फ लागेका छन्।

बाहिरका प्रौढ महिलाले उच्च शिक्षाको अवसर नपाए पनि राजधानीमा व्यक्तिगत र संस्थागत रुपमा खुलेका महिला विद्यालयले भने उमेर ढल्केका महिलाहरूमा रहेको पढ्ने धोको पूरा गरिदिएका छन्। उमेर ढल्किसकेपछि बाह्रखरी सिक्न सुरु गरेका केही महिलाले त एसएलसी समेत पास गरेका छन्।

सरकारी स्पष्ट नीति नहुँदा नहुँदै पनि व्यक्तिगत पहलमा पहिलो महिला स्कुल खोलेर पहिलोचोटि महिलालाई एसएलसीमा सामेल गराएको प्रेरणा महिला स्कुल सातदोबाटोकी संस्थापक प्रिन्सिपल जनक चालिसे भन्छिन्, 'महिलाहरूलाई शिक्षा दिने उचित शैक्षिक संस्थाको व्यवस्था नहुँदा केही जान्ने चाहना हुँदाहुँदै पनि सबै जाँगर थन्क्याएर बसेका महिला बढी उत्साहित भएर महिला स्कुलमा पढ्न आउन थालेका छन्।'

सुरुमा ६ जनाविद्यार्थीबाट सुरु गरिएको प्रेरणा महिला स्कुलमा अहिले २५ देखि ६० वर्षका ५ सय महिला विद्यार्थी अध्ययनरत छन्।

विद्यालय खोल्ने होडबाजी लगातार चुलिँदै गए पनि उमेर कटिसकेका महिलाका लागि भनेर कतै पनि व्यवस्था नभएका बखत खुलेका यस्ता खाले स्कुलका लागि सरकारले कुनै सहयोग गरेको छैन। नमुना महिला विद्यालय सोह्रखुट्टेका शिक्षक धनप्रसाद ढकाल भन्छन्, 'सरकारले समेत शिक्षा प्राप्तिको अवसरमा रहेका महिलाका लागि उचित शिक्षालय व्यवस्था गर्न जरुरी छ, निजी स्कुलले केही गर्न सके पनि धेरै गर्न सक्दैन।'

■ ज्योति देवकोटा/काठमाडौं

## प्रेरणाको प्रेरणा

पढ्ने वातावरण मिल्यो र जाँगर भयो भने फलामे ढोका मानिएको एसएलसी पनि केही होइन रहेछ भन्ने कुरा ४८ वर्षीया विष्णु थापाले प्रमाणित गरिन्। उनी प्रेरणा महिला स्कुलबाट यसपल्ट एसएलसीमा सफल भइन्।

प्रतिस्पर्धामा खुलेका स्कुलहरूकै हाराहारीमा एसएलसीको रिजल्ट आउँदा अहिले प्रेरणा महिला स्कुलको शिर मात्र ठाडो भएको छैन। बच्चाबच्चीलाई स्कुल पठाएर दुई घन्टाको फुर्सदको समयको सदुपयोग गरी तिनै नानीले पढ्ने स्कुलले ल्याएको स्कुलको नतिजाजस्तै आफ्नो स्कुलको एसएलसीको नतिजा आउँदा त्यहाँ पढ्ने महिला विद्यार्थीहरूको शिरसमेत उचो भएको छ।

मुलुकका अन्य क्षेत्रमा प्रौढ शिक्षाबाहेक अन्य व्यवस्था नभएका बेला प्रेरणा महिला स्कुलले महिलाका लागि एसएलसीसम्मको शिक्षाको अवधारणा लागू गराएर पहिलोपटक २०५९ मा महिलाहरूलाई एसएलसीमा सामेल गराएको थियो।

२०५९ मा पहिलोपटक एसएलसीमा महिलालाई सामेल गराउँदा उति खेर राम्रो सफलता नपाए पनि वर्षैपिच्छेको अथक प्रयासले यसपालि भने प्रेरणा विद्यालय महिलाहरूलाई एसएलसीमा ७० प्रतिशत उत्तीर्ण गराउन सफल भयो।

'हामीले यो सफलताबाट घरमै बसेका महिलालाई समेत नजिकैका महिला स्कुलहरूमा गएर शिक्षा हासिल गर्ने प्रेरणा पाउने छन् भन्ने सोचेका छौं', प्रेरणा महिला स्कुलकी संस्थापक प्रिन्सिपल जनक चालिसे बताउँछिन्।

अहिलेसम्म मुलुकमा उमेर गुज्रिसकेकाहरूका लागि शिक्षा हासिल गर्ने कुनै खास शैक्षिक संस्था छैन। 'हामीले महिलाका लागि भनेर स्कुलको अवधारणा ल्याउँदा धेरैले अनर्थ लगाएका थिए, अहिले यही स्कुलबाट उमेर ढल्किसकेका महिलाहरूले एसएलसी पास गरेर उच्च शिक्षाको ढोका ढकढक्याउन थाल्दा भने सबैले धाप दिन थालेका छन्', चालिसे सगर्व बताउँछिन्।

अहिले यो स्कुलले उमेर ढल्किसकेका र विभिन्न कारणले स्कुल जान नपाएर पछुताएर बसेका झन्डै पाँच सय महिला विद्यार्थी अध्ययनरत छन्। घरको सबै काम सकाएर स्कुल वातावरणको व्यवस्था स्कुलले मिलाइदिएको छ। ■

# अझै भेदभाव !



■ मनीष गौतम/काठमाडौं

**एचआइभी संक्रमित** सुर्खेतकी एक महिला विरामी भएर स्थानीय अस्पतालमा पुग्दा उपचारको साटो उनलाई त्यहाँबाट गलहत्याएर सडकमा पुऱ्याइयो। दुई दिनपछि ती महिलाको मृत्यु भयो। अस्पतालले उनलाई उपचार नगर्नुको एक मात्र कारण थियो- उनी एचआइभी संक्रमित थिइन्। डेढ महिनाअघिको मात्र घटना हो यो।

त्यस्तै, शरीरमा भएको एउटा सानो घाउ चिर्न असारको अन्तिम साता काठमाडौंको टेकु अस्पताल आइपुगेका रौतहटका एक युवा १५ दिनसम्म भौतारिनु पऱ्यो। एचआइभी संक्रमित उनलाई अस्पतालमा शल्यक्रिया गर्ने व्यवस्था नभएको बताइएको थियो। उक्त अस्पतालबाट 'रिफरल' गर्ने व्यवस्था चुस्त नहुँदा एचआइभी संक्रमित ती युवा कैयौं दिन राजधानीमा अलमल पर्नु पऱ्यो।

> शरीरमा भएको एउटा सानो घाउ चिर्न असारको अन्तिम साता काठमाडौंको टेकु अस्पताल आइपुगेका रौतहटका एक युवा १५ दिनसम्म भौतारिनु पऱ्यो। एचआइभी संक्रमित उनलाई अस्पतालमा शल्यक्रिया गर्ने व्यवस्था नभएको बताइयो।

एचआइभी भएकै कारण संक्रमित व्यक्ति अझै पनि सहज रुपमा उपचार पाउने अवसरबाट वञ्चित हुनु परेको छ। उपचारका लागि तोकिएको टेकु अस्पतालमा एचआइभी संक्रमित विरामीको भार बढ्दै गएकाले यसै अस्पतालको परिसरमा एचआइभी युनिट स्थापनाका लागि एचआइभी संक्रमितहरूले माग राखेका छन्। 'विरामी साथीहरूको उपचारका लागि व्यवस्था मिलाउन टेकु अस्पताल पुग्दा म पनि विरामी भएर उपचारका लागि आउने ठाउँ यही हो भनेर सम्झिन्छु', राष्ट्रिय एचआइभी/एड्स महासंघ, नेपालका अध्यक्ष राजीव काफ्ले भन्छन्, 'एचआइभी संक्रमित व्यक्तिहरूमा अन्य संक्रामक रोगले सजिलै आक्रमण गर्ने हुँदा यो संख्या बढ्दो भएकाले उनीहरूको उपचार व्यवस्थित गर्न अब सरकारले पहल गर्नु पर्छ।'

जीवन आयु लम्ब्याउने एआरभी औषधीको उपलब्धता तथा अन्य सेवा र जानकारी बढ्दै गएकाले स्वास्थ्य सेवा लिनेहरूको संख्या बढ्दै गएकोमा एकमत छन् एचआइभी उपचारमा संलग्न चिकित्सक तथा स्वयं संक्रमितहरू। राजधानी बाहिरका जिल्लाहरूमा उपचार सेवा प्रभावकारी नहुनु र स्वास्थ्यकर्मीबाट हुने सामाजिक लाञ्छना तथा भेदभावका कारण राजधानीस्थित टेकु अस्पतालमा एचआइभी संक्रमितहरूको भीड बढ्दै गएको छ।

'राजधानीकै अन्य सरकारी अस्पतालले अझै पनि सजिलै एचआइभी संक्रमित व्यक्तिको उपचार गर्न अप्ठेरो मान्छन्', काफ्ले भन्छन्, 'यस खाले समस्या निजी अस्पतालमा भए पनि अधिकांश व्यक्ति गरिब भएकाले नर्सिङहोममा गएर उपचार गर्ने आँट गर्दैनन्।' काफ्लेका अनुसार एचआइभी संक्रमित व्यक्तिको उपचारका लागि सरकारी अस्पताललाई नै सशक्त गर्नु पर्छ।

सरुवा तथा महामारी रोगहरूको उपचारका लागि कहलिएको टेकुस्थित शुक्रराज ट्रोपिकल अस्पतालमा एचआइभी संक्रमित व्यक्तिहरूको भीड एक वर्षदेखि अनपेक्षित रुपमा बढ्न थालेको छ। ८० शय्याको यस अस्पतालमा कुनै बेला ३५ जनासम्म एचआइभी संक्रमित व्यक्ति उपचारका लागि भर्ना भएको अस्पतालमा कार्यरत चिकित्सक डा. सुशील शाक्य बताउँछन्। '१० वर्ष अघिसम्म पनि ३ महिनामा एउटा एचआइभी व्यक्तिको उपचार गर्नु पर्थ्यो', डा. शाक्य भन्छन्, 'अहिले दिनहुँ १५-२० जनाको हाराहारीमा एचआइभी संक्रमित व्यक्ति उपचारका लागि आउने गरेका छन्।'

यस अस्पतालले करिब २ सय ५० जना एचआइभी संक्रमित व्यक्तिलाई आयु लम्ब्याउने एआरभी औषधी उपलब्ध गराउँदै आएको छ। एआरभी लिने अधिकांश संक्रमितहरू राजधानीबाहिरका छन्। त्यसैगरी संक्रमित व्यक्तिमा 'मौका परक' रोग जस्तै क्षयरोग, हेपाटाइटिस र अन्य संक्रमणमा परेकाहरूको पनि उपचार गर्दै आएको छ।

एचआइभी संक्रमित व्यक्तिको भार बढ्दै गएकाले थेग्न नसक्ने स्थिति देखा परेपछि उनीहरूका लागि छुट्टै युनिट स्थापनाका लागि एचआइभी उपचारमा संलग्न चिकित्सकहरू पनि सहमत देखिएका छन्। 'विरामी भएर आउने एचआइभी संक्रमित व्यक्तिहरूको उपचारका लागि छुट्टै युनिटको आवश्यकता भइसकेको छ', डा. शाक्य भन्छन्, 'त्यसो नभए संक्रमितहरूको उपचार राम्ररी भएन भन्ने सधैं सुनिरहनु पर्छ।'

सरकारको सहयोगमा त्रिवि शिक्षण अस्पताल महाराजगन्जले एचआइभी संक्रमित व्यक्तिका लागि एआरभी उपलब्ध गराएको थियो। एक वर्षमा झन्डै ५० जना एचआइभी संक्रमित व्यक्तिलाई छुट्याइएको उक्त कोटा पाँच महिना नपुग्दै सकिएको छ। 'एआरभी लिनेहरूको चाप आश्चर्यजनक रूपमा बढ्दो छ', अस्पतालको एचआइभी/एड्स युनिट अध्यक्ष डा. शशि शर्मा भन्छन्, 'काठमाडौं उपत्यका बाहिरबाट आउने विरामीहरूको संख्या बढ्दो छ।'

सरकारले यस आर्थिक वर्षमा एचआइभी/एड्सका क्षेत्रमा १० करोड रुपैयाँ छुट्याएको छ। सोअन्तर्गत एआरभी औषधीको वितरणको संख्या बढाउने र संक्रमित आमाबाट जन्मिने शिशुलाई एचआइभी संक्रमणबाट जोगाउनका लागि प्रयोग गरिने उल्लेख छ। ■




एजेन्सी

# द्विविधामा सरकार

**माओवादी सशस्त्र विद्रोह चर्किंदै गएका बेला सेनाले आफ्ना लागि थप विमानको आवश्यकता रहेको विषय बारम्बार उठाउँदै आए पनि राजाको शासनका बेला उसको आग्रह सजिलै सुनेको थियो, सरकारले। र, चीन सरकारसँग त्यहाँको सरकारी विमान उत्पादक कम्पनी 'क्याटिक'मा निर्मित 'एम ए-१६' नामक दुई वटा विमान २७ दशमलव ५ मिलियन डलर अर्थात् करिब २ अर्ब रुपैयाँमा खरिद गर्ने सम्झौता समेत गरेको थियो।**

■ **मधुसूदन पौडेल/काठमाडौं**

**राजा ज्ञानेन्द्रको** प्रत्यक्ष शासनका बेला तत्कालीन शाही नेपाली सेनाका लागि चीन सरकारसँग गरिएको विमान खरिद सम्झौता संकटमा परेको छ। तर, नेपाल र चीन सरकारबीच सम्झौताअनुसारका प्रक्रिया अगाडि बढिसकेको अवस्थामा सरकारले अब यो मामिला 'कूटनीतिक' ढंगले सल्ट्याउन नसके नेपालले ४० करोड रुपैयाँ गुमाउनु पर्नेछ। राजाको निरंकुशताको विपक्षमा समग्र अन्तर्राष्ट्रिय समुदाय उभिएका बेला एक शक्तिशाली छिमेकी चीनको समर्थन आफूप्रति रहेको देखाउन शाही सरकारले चीनसँग ५ अर्ब रुपैयाँभन्दा बढीको हतियार र करिब २ अर्ब रुपैयाँमा दुई वटा विमान खरिद सम्झौता गरेका थिए। माओवादी सशस्त्र विद्रोह दबाउन सेनाको आग्रहमा ती विमान खरिद सम्झौता गरिएको हो।

जनआन्दोलनपछि स्थापित सरकार पनि ती विमान नेपाल भित्र्याउन इच्छुक त देखिएको छ। तर, उसले चीन सरकारसँग गरिएको खरिद सम्झौताअनुसार नभई अनुदानस्वरुप ती विमान नेपाललाई सहयोग गर्न चीन सरकारसमक्ष आग्रह गरेको छ। नेपाल अहिले आर्थिक संकटमा रहेका कारण विमान खरिदका लागि समस्यामा परेको जनाउँदै अर्थमन्त्रालयले चीन सरकारलाई ती विमान चिनियाँ सहयोगका रुपमा नेपालले पाउने अपेक्षा सहित पत्राचार गरेको थियो। गत दुई महिनामा गरिएका सरकारी प्रयास सफल हुन भने सकेका छैनन्। अर्थसचिव डा. भोजराज घिमिरे भन्छन्, 'हाम्रो आग्रहप्रति चीन सकारात्मक देखिएको छैन।' चीन सरकारले एकपटक खरिद सम्झौता भइसकेको विषय सम्झौताअनुसार नै कार्यान्वयनमा आउनुपर्ने जवाफ फर्काएको छ, जसका कारण अहिले नेपाल सरकार ती विमान बाँकी रकम भुक्तानी गरी ल्याउने वा भुक्तानी भइसकेको ४० करोड रुपैयाँ पनि गुमाउने भन्ने अन्योलमा परेको छ।

**कस्तो छ सम्झौता ?**

शाही सरकारद्वारा चीन सरकारसँग त्यहाँको सरकारी विमान उत्पादक कम्पनी 'क्याटिक'मा निर्मित दुई वटा 'एम ए-१६' नामक विमान २७ दशमलव ५ मिलियन डलर अर्थात् करिब २ अर्ब रुपैयाँमा खरिद गर्ने सम्झौता गरिएको थियो। सम्झौताअनुसार २० प्रतिशत रकम तत्काल भुक्तानी गर्नुपर्ने र बाँकी ८० प्रतिशत रकम प्रतिवर्ष १६ प्रतिशतका दरले पाँच वर्षमा भुक्तानी गरिने उल्लेख गरिएको छ। रक्षा मन्त्रालयका अधिकारीहरूका अनुसार उक्त प्रक्रियाअनुसार गत पुस महिनामा सरकारले २० प्रतिशत अर्थात् ४० करोड रुपैयाँ चीन सरकारलाई भुक्तानी गरिसकेको छ।

सम्झौताबमोजिम सन् २००६ को अगस्तमा एउटा र २००७ को मईमा दोस्रो विमान नेपाल पठाउन चीन तयार छ। तर, पहिलो विमान नेपाल भित्र्याउने दिन आइसकेको भए पनि सरकार भने विमान ल्याउने वा नल्याउने भन्ने विषयमा अन्योलमा देखिएको छ। अर्थमन्त्री डा. रामशरण महतले सरकारलाई थप व्ययभार हुने गरी कुनै पनि खरिद कार्य नगरिने निर्णय सार्वजनिक गरिसकेका छन्। अझ सेना वा सुरक्षासँग जोडिएका खरिद मामिला रोक्ने वाचा पुनःस्थापित प्रतिनिधिसभा समक्ष गरिरहेको सन्दर्भमा विमान ल्याउने विषय थप जटिल बनिरहेको छ। अर्थमन्त्रालयमा एक उच्च अधिकारी भन्छन्, 'हामीले विमान नल्याउने सैद्धान्तिक निर्णय गरिसकेका छौं। तर, भुक्तानी भइसकेको रकमका कारण अप्ठेरो भइरहेको छ।'

साठी सिट क्षमताका ती विमान विशिष्ट व्यक्तिहरूको उडानका लागि पनि प्रयोग गर्ने योजनाअनुसार निर्माण गर्न भनिएको छ, जसका कारण विमानको मूल्य थप महँगो हुन पुगेको बताउँछन्, अर्थमन्त्रालयका अधिकारीहरू। तर, रक्षा अधिकारीहरूको दाबीमा भने ती विमानको बजार मूल्य सम्झौता गरिएको मूल्यको तुलनामा २० करोड रुपैयाँ बढिसकेको छ। तर, अहिले नेपाल सरकारको मुख्य सरोकार भने सस्तो वा महँगोभन्दा पनि बाँकी रकम भुक्तानी गरी विमान ल्याउने अथवा भुक्तानी भइसकेको ४० करोड रुपैयाँ पनि गुमाउने भन्ने हो।

विमान नेपाल ल्याउनुअघि चालक र

ऋहरूलाई तालिम दिनुपर्ने भएकाले चीनले उनीहरूलाई त्यहाँ पठाइदिन नेपाल सरकारलाई भनिसकेको छ । तर, विमान ल्याउने-नल्याउने भन्ने विषयमा नै अन्योलमा रहेकाले नेपाल सरकारले कसैलाई पनि तालिममा पठाइएको छैन । रक्षा अधिकारी भन्छन्, 'चीनले तालिममा पठाइदिन भन्दै ताकेता गरिरहेको छ । तर, हामीले कुनै टुंगो लगाउन सकेका छैनौं ।'

## बाँकी छन् विकल्प

विमान ल्याउन सम्झौता गर्ने शाही सरकार र वर्तमान सरकारका मुख्य प्राथमिकतामा आमूल परिवर्तन आइसकेको छ । विगतको सरकार माओवादी सशस्त्र विद्रोह शस्त्रबलले दबाउन सेनाका लागि ती विमान प्रयोगमा ल्याउन चाहन्थ्यो भने अहिलेको सरकारले सैन्यकरणका कुनै पनि मामिलालाई निरुत्साहित गरिरहेको छ ।माओवादी र सरकारबीच शान्ति वार्ता चलिरहेका बेला सेनाकै प्रयोगका लागि ती विमान ल्याइएमा यसले वार्ताको वातावरण पनि धमिल्याउन सक्छ । तर, चीनले भुक्तानी भइसकेको रकम फिर्ता नगर्ने स्पष्ट संकेत दिइसकेकोले राष्ट्रको उक्त रकम कसरी गुम्न नदिने भन्ने विषय भने अहिले साझा राष्ट्रिय सरोकारको विषय हो ।

अर्थ मन्त्रालयका अधिकारीहरूका अनुसार सरकार ४० करोड रुपैंया गुम्न नदिन विमान उपयोगका विकल्पहरूको खोजीमा पनि रहेको छ । ६० सिट क्षमताका ती विमानहरूमार्फत क्षेत्रीयस्तरका उडानहरू संचालन गर्न सकिने बताउँछन्, जानकारहरू । नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले विमान अभावका कारण आफ्ना पखेटा खुम्चाउँदै लैजानु परेको छ । र, विमानको संख्या थप्नु नै तत्कालका लागि निगमलाई माथि उठाउने एक मात्र विकल्प प्रस्तुत भइरहेका छन्, विभिन्न सुधार प्रतिवेदनहरूमार्फत । त्यसका लागि विमान भाडामा ल्याउने प्रक्रियाहरूमा निगम लागिरहेको छ । तर, निगमको आर्थिक अवस्था दह्रो नहुँदा यो परिस्थितिमा सरकारले सम्झौता भइसकेका विमान नेपाल ल्याएर निगमलाई भाडामा लगाउन सक्ने एउटा राम्रो सम्भावना देखिएको छ । फेरि चीनलाई रकम पाँच वर्षको किस्तामा उपलब्ध गराउन पाउने सुविधा रहेका कारण सरकारले भाडाबाट आउने रकमबाट चिनियाँ ऋण भुक्तानी गर्दै जान सक्ने सम्भावना छ । अर्थमन्त्रालयका अधिकारीहरू पनि रकम गुमाउनुको सट्टा व्यवसायिक विमान संचालनका विकल्पहरूमार्फत बाँकी रकम भुक्तानीको व्यवस्था मिलाउनु नै उचित हुने धारणा राख्छन् । यी विमानले क्षेत्रीय तहका उडान भर्न र बोइङबाट लामो दूरीका अन्तर्राष्ट्रिय उडान संचालन गर्न सकिने तर्क अगाडि सारिएको छ ।

तर, यसका लागि पनि विमान निर्माणमा तत्काल केही सुधार गर्न चीनलाई आग्रह गर्नु जरुरी हुन्छ । किनभने ती विमानहरू विशिष्ट उडान र सेनाको परिचालनलाई ध्यानमा राखेर निर्माण गर्न भनिएको छ । दुईमध्ये एउटा विमानको बाह्य आवरणमा पोतिने रंग नेपाली सेनाले प्रयोग गर्ने अन्य विमानमा जस्तै हरियो गर्न र अर्को विमानमा भने 'सिभिल कलर'मा नै बनाउन भनिएको बताइएको छ ।

तर रक्षातर्फका अधिकारीहरू ती विमानहरू सेनाकै मातहतमा राखेर पनि 'बहुपक्षीय' उपयोगमा ल्याउन सकिने तर्क अगाडि सार्छन् । ती अधिकारीका अनुसार हवाई व्यवस्थापनको जिम्मेवारी सम्हाल्ने सेनाको ११ नम्बर बाहिनीले मुलुकको आवश्यकताअनुसार ती विमान संचालनमा ल्याउन सक्छ । सैनिक कारबाहीका उडानहरूका अतिरिक्त उसले उद्धार, खाद्यान्न ढुवानी र आवश्यक पर्दा यात्रुहरूको ओसारपसारका कार्य पनि गर्दै आएको छ । अर्थमन्त्रालय स्रोतका अनुसार अहिले पनि ती विमान सेनाका लागि ल्याइनुपर्ने दबाब दिने गरिएको छ । माथिल्लो तहका एक अधिकारी भन्छन्, 'सेनाले ती विमान ल्याउनुपर्छ भन्दै आएको छ ।' यो मामिलामा सरकार तत्काल प्रस्ट हुनु पर्ने जरुरी देखिएको छ । किनभने जति ढिलो हुन्छ, यो मामिला व्यवस्थापनमा पनि त्यत्तिकै समस्या थपिँदै जानेछ । ■






# यामाहा वर्ल्ड

**यामाहा इन्डियाका** सबै उत्पादन र सेवा एउटै छानामुनि उपलब्ध गराउने लक्ष्यका साथ मोरङ अटो वर्क्सले ललितपुरको कुमारीपाटीमा नयाँ सो रुम 'यामाहा वर्ल्ड' स्थापना गरेको छ। यामाहा मोटर इन्डिया लिमिटेडका प्रमुख कार्यकारी तोमोताका इसिकावाले यसै साता उक्त सो रुम उद्घाटन गरेका थिए। सबै सेवा एउटै छानामुनि उपलब्ध गराउने यो पहिलो सो रुम भएको अटो वर्क्सको दाबी छ।

सो रुममा यामाहाका सबै मोटरसाइकल, पार्टपुर्जा र बिक्री प्रवर्धन सामग्री राखिनेछन्। सो रुमको एक अंगकै रूपमा उच्च प्रविधियुक्त मर्मत केन्द्र ऋषिक अटोमोवाइल्स पनि संचालनमा ल्याइएको छ। सन् २००५ मा यामाहाले विश्व बजारमा २८ प्रतिशत हिस्सा ओगटेको र २००६ मा यसलाई ४० प्रतिशत पुऱ्याउने दाबी कम्पनीले गरेको छ। ■

## यतीको तेस्रो जेटस्ट्रिम

**आन्तरिक उडानमा** अग्रणी हवाई कम्पनी यती एयरलाइन्सले अत्याधुनिक तेस्रो 'जेटस्ट्रिम-४१' विमान नेपाल भित्र्याएको छ। ६ वटा 'जेटस्ट्रिम'मार्फत नेपाली हवाई यात्रुलाई विश्वमा विकसित आधुनिक हवाई सेवाको सुविधा उपलब्ध गराउने लक्ष्य राखेको यती एयरलाइन्सले चौथो विमान साउनको तेस्रो साता आइपुग्ने जानकारी दिएको छ।

इलेक्ट्रोनिक फ्लाइट इन्स्टुमेन्ट सिस्टम (इएफआइस) रहेका उक्त विमान २५ हजार फिटभन्दा माथिबाट उड्छन्। नेपालमा संचालित अन्य विमानमा यस्तो सुविधा छैन। सुरक्षित यात्राका लागि अधिकांश हवाई यात्रुको रोजाइ जेटस्ट्रिम विमान रहने गरेका छन्। अहिलेका लागि भद्रपुर, विराटनगर, पोखरा, भैरहवा, नेपालगन्ज र हिमाली उडानका यात्रुले जेटस्ट्रिमको सेवा पाउनेछन्।

विमान थपिने क्रमसँगै यतीले यात्रुको थप सुविधाका लागि जावलाखेलमा नयाँ बिक्री कक्ष पनि खोलेको छ। हवाई यात्रुका लागि सकेसम्म धेरै गुणस्तरीय सेवा पुऱ्याउनका लागि काउन्टर संचालनमा ल्याइएको उक्त एयरलाइन्सका बजार निर्देशक शरद प्रधानले बताएका छन्।

## प्राकृतिक साबुन



**नेचुरल हर्वल** प्रोडक्टले चिउरी र विभिन्न आयुर्वेदिक उपचारमा प्रयोग हुने मह, तेल र जडिबुटी प्रयोग गरेर घरेलु रुपमा तयार गरिएको साबुनहरू 'हब्स' ट्रेड नाममा उत्पादन सुरु गरेको छ। कम्पनीकी प्रबन्ध निर्देशक राजी श्रेष्ठका अनुसार यी उत्पादनमा कुनै पनि जीवजन्तुको बोसो मिसाइएको छैन। चिउरीलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गरेर उक्त कम्पनीले चिउरी-मह र चिउरी-तितेपाती गरी दुई प्रकारका साबुन निकालेको छ।

कम्पनीका अनुसार चिउरी-मह साबुनमा चिउरीले छालालाई नरम र चम्किलो बनाउँछ, चिउरी तितेपाती साबुनले पसिनाको दुर्गन्ध कम गर्नुका साथै जीउ र अनुहारको कोमलता बढाउँछ। मसला, गुलाब, सल्ला, जस्मिनको बास्नासहित तयार पारिएका यी दुवै साबुन प्रति गोटा ४० रुपैयाँमा किन्न पाइन्छ।

# रेमिट्यान्ससँगै राजस्व पनि

**वैदेशिक रोजगारीबाट** रेमिट्यान्सका अतिरिक्त सरकारले उल्लेख्य राजस्व पनि प्राप्त गरेको एक प्रतिवेदनले देखाएको छ।

वैदेशिक रोजगार विकास मंच नामक संस्थाद्वारा यसै साता राजधानीमा आयोजित कार्यक्रममा नेपाल व्यवस्थापन संघका रमेश कोइरालाद्वारा प्रस्तुत प्रतिवेदनमा यस क्षेत्रबाट सरकारले प्राप्त गरेको राजस्वको विस्तृत विवरण दिइएको छ। आर्थिक वर्ष २०६२/०६३ मा सरकारले वैदेशिक रोजगारीको क्षेत्रबाट २ अर्ब ४६ करोड रुपैयाँ राजस्व प्राप्त गरेको थियो। गत वर्ष यस्तो राजस्व १ अर्ब ४९ करोड रुपैयाँ रहेको थियो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगमा निवर्तमान उपाध्यक्ष डा. शंकर शर्माले नेपालमा गरिबी घटाउन रेमिट्यान्सको योगदान महत्त्वपूर्ण रहेको बताएका छन्। सन् २००१/२००२ को नेपाल जीवनस्तर सर्वेक्षणले नेपालको गरिबी ११ प्रतिशतले घटेको तथ्य प्रकाशमा ल्याएकोमा ५ प्रतिशत गरिबी घटाउने योगदान रेमिट्यान्सले पुऱ्याएको शर्माले बताएका छन्।

श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री रमेश लेखकले सरकार वैदेशिक रोजगार व्यवसायको विकासका लागि सहयोगी बन्ने बताएका छन्। नयाँ वैदेशिक रोजगार ऐन ल्याउन लागिएको र त्यसमा सुझाव दिन उनले व्यवसायीलाई आग्रह गरेका छन्। ■

## मिडिया मार्केटिङ गठन


**मिडिया मार्केटिङको** संस्थागत विकास गर्ने लक्ष्यका साथ एसोसियसन अफ मिडिया मार्केटिङ, नेपालको गठन भएको छ।

तीर्थ कार्कीको अध्यक्षतामा गठित संस्थाको उपाध्यक्ष दीपक संग्रौला, महासचिव राजेश महर्जन, सचिव ध्रुव कोइराला, कोषाध्यक्ष मनिलता मानन्धर र सदस्यहरूमा लक्ष्मी पोखरेल, लक्ष्मी पौडेल, मनीष आमात्य, सुधीर राजभण्डारी, सञ्जीव श्रेष्ठ र रवीन्द्र खड्का रहेका छन्। साथै ढाकाराम सापकोटाको संयोजकत्वमा पाँच सदस्यीय विधान मस्यौदा तयारी समिति पनि गठन गरिएको छ। ■

## टिभिएसका तीन मोडल

**टिभिएस** लिमिटेडले तीनवटा मोडलका मोटरसाइकल नेपाली बजारमा ल्याएको छ। 'अपाचे', 'जिएलएक्स १२५' र 'स्टार सिटी' नामका यी मोटरसाइकलले नेपाली युवालाई आकर्षित गर्नेमा कम्पनी विश्वस्त छ। नेपालमा महावीर अटोमोवाइल्सले यी मोटरसाइकलको बिक्री वितरण गर्नेछ। यसै साता राजधानीमा आयोजित पत्रकार सम्मेलनमा टिभिएसका सहायक महाप्रबन्धक सिबी गोपीनाथले नेपाली कुल मोटरसाइकल बजारको २० प्रतिशत हिस्सा आफ्ना उत्पादनले ओगट्ने दाबी गरेका छन्। ■

# भागबण्डाको खेल




■ नविन अर्याल/काठमाडौं

**खेलकुदलाई सर्वदलीय आकार दिने विषयमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) ठगिएको छ । राखेपको ६ सदस्य पदका लागि गरिने राजनीतिक नियुक्तिमा एमाले र नेपाली कांग्रेसका मान्छे मात्र नियुक्त भएका छन् ।**

**लोकतन्त्र स्थापनापछि** गठित देशको सर्वोच्च खेल निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले काम गर्नुअघि नै सदस्य र पदाधिकारीहरूको नियुक्तिलाई लिएर विवाद सुरु भएको छ । जनआन्दोलन- २ ले प्रतिनिधिसभा पुनःस्थापना गराएपछि राखेपको नयाँ संरचना निर्माण गर्ने कुरामा सात राजनीतिक दलबीच सर्वदलीय आकार दिने निर्णय भए पनि राजनीतिक चलखेलका कारण त्यो पूरा हुन सकेन ।

खेलकुदमा आफ्नो सहभागिता नभएको भनेर नेपाली कांग्रेस (प्रजातान्त्रिक)ले असन्तुष्टि जनाएको छ भने एमाले पनि पूर्ण सन्तुष्ट हुनसकेको छैन । कोषाध्यक्षमा आउने निश्चित भनिएका एमाले समर्थित नेपाल कराँते महासंघका सचिव तथा वरिष्ठ प्रशिक्षक पुरेन्द्र लाखेले उक्त पद नपाएपछि असन्तोष व्यक्त गरेका छन् । करिब एक महिनाअघि मन्त्रिपरिषद्को निर्णयानुसार परिषद्को सदस्यमा नियुक्त लाखेले हालसम्म आफ्नो नियुक्ति बुझेका छैनन् । उनी यसै साता परिषद्को सदस्य पदबाट राजीनामा दिने मनस्थितिमा पुगेका छन् ।

खेलकुदलाई सर्वदलीय आकार दिने विषयमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) ठगिएको छ । राखेपको ६ सदस्य पदका लागि गरिने राजनीतिक नियुक्तिमा एमाले र नेपाली कांग्रेसका मान्छे मात्र नियुक्त भएका छन् । शिक्षा तथा खेलकुद मन्त्रालय सम्हालेको एमालेले राखेपको सबैभन्दा 'शक्तिशाली' मानिने सदस्य-सचिव र उपाध्यक्ष पद पाएको छ । कोषाध्यक्षको जिम्मेवारी कांग्रेसले पाएको छ । प्रारम्भिक सहमतिअनुसार परिषद्को 'शक्तिशाली' मानिने सदस्य-सचिव पद एमालेले आफ्नै मातहत राख्ने, कांग्रेसको भागमा उपाध्यक्ष र नेपाली कांग्रेस (प्रजातान्त्रिक)ले कोषाध्यक्ष पद सम्हाल्ने भनिएको थियो । तर, क्याबिनेटबाट परिषद्को ६ जना सदस्यको राजनीतिक नियुक्ति हुँदा प्रजातान्त्रिकले कोषाध्यक्षमात्र होइन, सदस्य पद पनि पाउन सकेन ।

एमालेले राखेप बोर्डमा आफ्ना चार व्यक्ति सदस्य-सचिव जीवनराम श्रेष्ठ, उपाध्यक्ष सीताराम मास्के, सदस्यद्वय पुरेन्द्र लाखे र वीरेन्द्र यादवलाई तीन साताअघि नियुक्त गरेको थियो । बाँकी दुई स्थानका लागि कांग्रेस र प्रजातान्त्रिक कांग्रेसको कोटा छुट्याइए पनि दुवैमा नेपाली कांग्रेसका अजर मानन्धर र निरन खड्का नियुक्त भएका छन् ।

'हामीले आफ्नो असहमति जनाइसकेका छौं । एमालेले चारजना सदस्य नियुक्त गरिसकेको सन्दर्भमा नेपाली कांग्रेस र प्रजातान्त्रिक कांग्रेसका लागि १/१ वटा कोटा छुट्याइएको थियो', कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय प्रशिक्षण विभाग सचिव तथा श्रम तथा यातायात राज्यमन्त्री रमेश लेखक *समय*सँग भन्छन् । उनले अब क्षेत्रबाट सदस्य ल्याउँदा मिलाउने सहमति भएको बताए । शाही सरकारको पालामा क्षेत्रीय अवधारणा खारेज गरेर अञ्चलबाट नियुक्त गर्ने नियम खेलकुदमा अझै विद्यमान रहेको अवस्थामा तत्कालै क्षेत्रबाट नियुक्त गर्ने सम्भावना नभएको राष्ट्रिय खेलकुद परिषद्का कर्मचारीहरू बताउँछन् । 'अहिले क्षेत्रबाट ल्याउने सम्भावना छैन । पहिले शाही सरकारको पालामा बनेको नियममा संशोधन हुनु पर्‍यो', राखेपका प्रशासन प्रमुख कमल प्रधान भन्छन् ।

राष्ट्रिय खेलकुद परिषद् ऐनमा परिषद्को अध्यक्षमा

**पुरेन्द्रविक्रम लाखे** सालीन स्वभावका भए पनि कडा अनुशासनका कारण खेलकुदमा हिटलरको नामले चिनिन्छन् । करिब तीन दशकदेखि कराँतेमा अनवरत लागेका लाखेलाई गत महिनामात्र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आफ्नो पार्टीको तर्फबाट खेलकुदको लोकतान्त्रीकरणका लागि नेपाली खेलकुदको सर्वोच्च खेल संस्था राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा पठाउने निर्णय गर्‍यो । खेलकुदप्रति उनको समर्पण र त्यागका कारण पार्टीको अतिरिक्त विभागले राखेपको शक्तिशाली सदस्य-सचिव पदमा उनको नाम प्रस्ताव गरेको थियो । तर, राजनीतिक अंक गणितमा पछि पर्न पुगेपछि पार्टीको आन्तरिक सहमतिमा जीवनराम श्रेष्ठलाई सदस्य-सचिव पद सुम्पँदै उनी कोषाध्यक्षमा बस्न राजी भए । मन्त्रिपरिषद्को निर्णयानुसार करिब एक महिनाअघि राखेपको सदस्यमा नियुक्त लाखेलाई कोषाध्यक्ष पद दिने कुरामा उनकै पार्टीबाट पहल नभएपछि उनले नियुक्ति बुझ्न पनि मानेनन् । अन्योलको स्थिति यथावत् रहेका बेला नेपाली कांग्रेसको कोटाबाट राखेपको बोर्ड सदस्यमा नियुक्त अजर मानन्धरलाई गत साता एमालेका तर्फबाट शिक्षा तथा खेलकुदमन्त्री बनेका डा. मंगलसिद्धि मानन्धरले कोषाध्यक्ष पदमा नियुक्त गरे । लामो रहस्यपछि आफूलाई कोषाध्यक्ष नबनाउने पार्टीको निर्णयका कारण अहिले लाखे अचम्ममा परेका मात्र छैनन्, उनी राखेपको बोर्डमा आफ्नो औचित्य समाप्त भएको निष्कर्षमा पुगेका छन् ।

शिक्षा तथा खेलकुदमन्त्री रहने व्यवस्था गरिएको छ। त्यस्तै ६ जना मन्त्रिपरिषद्को निर्णय, पाँच विकास क्षेत्रबाट एक/एक जना, खेल संघहरूबाट ३ जना, शिक्षा तथा खेलकुद मन्त्रालय र विश्वविद्यालयको कोटाबाट २/२ जना नियुक्त हुने प्रावधान रहेको छ।

हाल संघको कोटाबाट २ जना नियुक्त भइसकेका छन्। सदस्य-सचिव जीवनरामको नजिकका मानिएका नेपाल क्योकुसिन कराँतेका नेपाल प्रमुख लक्ष्मण श्रेष्ठलाई भलिबल संघबाट परिषद्को सदस्य पदमा नियुक्त गरिएको छ। उनलाई सदस्य पदमा नियुक्त गर्न भलिबल संघमा सदस्य पद सिर्जना गरेर उक्त पदमा ल्याइएको थियो। 'सदस्यमा नियुक्त हुनु ३ दिनअघि भलिबल संघमा आएको हुँ', लक्ष्मण भन्छन्। चितवन जिल्ला खेलकुद विकास समितिको अध्यक्षमा बसेर काम गरिसकेका फुटबल खेलाडी राजु श्रेष्ठलाई कुस्ती संघबाट सदस्यमा मनोनीत गरिएको छ। दक्षिण एसियाली खेलकुद (साग)को नजिकिँदो तिथिका कारण तत्काल कुनै पनि संघ विघटन नगर्ने सदस्य-सचिव जीवनरामको नीति उल्ट्याउँदै कुस्ती संघ विघटन गरेर उनलाई सदस्य नियुक्त गरिएको हो। यसअघि कुस्ती संघमा शाही मन्त्री सलिम मिया अन्सारीका छोरा युनिस अन्सारी अध्यक्ष थिए। 'संघमा गुट उपगुट भएकाले हामीले यो संघ विघटन गर्नु पऱ्यो। फेरि खेलाडीको भविष्यमाथि पनि खेलवाड हुन सक्ने देखेर नै यसो गरेका हौं', आफ्नो नीतिविपरीत कुस्ती संघ तत्काल विघटन गर्नु परेको बताउँदै सदस्य-सचिव जीवनरामले सागको तयारीको अवसरमा भएको पत्रकार सम्मेलनमा भनेका छन्। संघबाट सदस्यका लागि बाँकी रहेको एक पद भने महिलालाई छुट्याइएको छ। विश्वविद्यालयको कोटाबाट नेपाल भलिबल संघका अध्यक्ष गंगाबहादुर थापालाई पुनः सदस्यमा मनोनीत गरिएको छ।

प्रजातान्त्रिक कांग्रेसका सभापति शेरबहादुर देउवाले सुरुमै सहमति भएअनुसार आफ्नो पार्टीको तर्फबाट प्रदीप जोशी (टेकराज)को नाम सिफारिस गरेर शिक्षा तथा खेलकुद मन्त्रालय र एमाले पार्टी कार्यालयमा बुझाएका थिए। तर, मन्त्री मानन्धरले आफ्नो पार्टीको तर्फबाट चारजना व्यक्तिलाई परिषद्को सदस्य पदमा नियुक्त गर्नुअघि क्याबिनेट मिटिङमा प्रजातान्त्रिकबाट नाम सिफारिस भएर नआएको बताउँदै उनको नाम तुहाएका थिए।

'असारको पहिलो साता नै मेरो नाम एमाले पार्टी कार्यालय र मन्त्रालयमा गएको छ', खेलकुदको लामो अनुभव बटुलेको र पञ्चायतकालमा शरदचन्द्र शाहबाट सबभन्दा बढी सताइएका प्रदीप भन्छन्।

कांग्रेसले आफ्नो कोटाबाट ल्याएका निरन खड्का शाही सरकारको बेला परिषद्मा दर्ता भएको नेपाल च्वेकान्डो संघका संस्थापक सदस्य हुन्। यो संघको संस्थापक अध्यक्षमा राजा ज्ञानेन्द्रकी भान्जी मनुजा शाही छिन्। निरनको नियुक्तिलाई लिएर कांग्रेसमा पनि विवाद उठेको छ। राजा ज्ञानेन्द्रको असोज १८ को कदमपछि खेलकुद जनपक्षीय नहुने घोषणा गर्दै राजीनामा दिएका राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य सुधीर अर्ज्याललाई बाहिर राख्दै अजर मानन्धर र निरनलाई राखेप बोर्डमा ल्याउने निर्णय त्रुटिपूर्ण भएको बताउँदै मोरङ कांग्रेसका सभापति अमृत अर्यालले असन्तुष्टी व्यक्त गरेका छन्। 'खेलकुदमा सुधीरको त्याग र समर्पण लामो छ। ऊ राजाको प्रतिगमनका बेला खेलकुद अगाडि नबढ्ने निर्णयसहित यसको विरोध गर्दै राजीनामा गर्ने पहिलो व्यक्ति हो। तर, उसको मूल्यांकन भएन', असन्तुष्ट अमृतले *समय*सँग भने। विगत ४० वर्षदेखि खेलकुदमा लागिरहेका नरेश श्रेष्ठलाई पनि बाहिर राख्ने निर्णयले कांग्रेसमा असन्तुष्टि देखिएको छ। लामो समय नेपाल क्रिकेट संघमा काम गरेका नरेश अर्का निसाना हुन् शाही शासनका।

पार्टीको आन्तरिक सहमतिमा सदस्य-सचिव दाबी छोडेर कोषाध्यक्ष बन्न राजी भएका लाखे उक्त पद नेपाली कांग्रेसका अजर मानन्धरलाई दिएपछि 'पदलोलुप नबन्ने भन्दै' राजीनामा दिने निर्णयमा पुगिसकेका छन्। 'मेरो राजीनामाको जानकारी पार्टीलाई दिनेछु र त्यसपछि निर्णय लिनेछु', तीन दशकदेखि कराँतेमा लागेका लाखे भन्छन्। ■

# पार्टीलाई जानकारी दिन्छु : लाखे

'म पदलोलुप भएर बोर्डमा बस्न सक्दिनँ। सुरुमा पार्टीको अतिरिक्त विभागले सदस्य-सचिवमा मेरो नाम प्रस्ताव गरेको हो। तर, आन्तरिक सहमतिपछि मैले कोषाध्यक्षमा बस्न स्विकारेको हुँ', यसै साता राखेप बोर्डबाट राजीनामा दिने मनस्थिति बनाइसकेका लाखेले *समय*सँग भने। २०३६ सालमा कराँते प्रतिबन्धित हुँदादेखि नै यो खेलमा लागेका लाखे २०३९ सालमा नेपालमा कराँतेले खेलको मान्यता पाउँदादेखि नै अनवरत रंगशाला धाइरहेका छन्, पहिले एउटा खेलाडीको रूपमा र पछि प्रशिक्षकको रूपमा। 'कराँते मेरो नसा नसामा छ।' कराँतेका छैटौं डान पुरेन्द्र भन्छन्।

खेलाडीको रूपमा सफल मानिने पुरेन्द्र कडा र अनुशासित प्रशिक्षक मानिन्छन्। उनले सन् १९९१ मा काठमाडौंमा भएको एसियन कराँते च्याम्पियनसिपमा पचास केजीमा स्वर्ण जितेका थिए। हाल उनी परिषद्को सदस्य पदमा नियुक्त रहे पनि खेलाडी र प्रशिक्षकको आग्रहले तीन सातापछि श्रीलंकामा आयोजना हुन लागेको दसौं दक्षिण एसियाली खेलकुद (साग)को लागि नेपाली कराँते खेलाडीलाई प्रशिक्षण दिइरहेका छन्। उनी नेपालको स्पोर्ट्स एकेडेमीमा विगतदेखि नै कराँते विज्ञको रूपमा काम गर्दै आइरहेका छन्।

खेलकुदमा गर्नु पर्ने व्यापक शुद्धीकरण र लोकतान्त्रीकरणको चुनौतीबीच अहिले राखेपको नेतृत्व तहमा नियुक्त व्यक्तिहरूसँग खासै आशावादी हुन नसकेका लाखे आफूले राखेपको सदस्यपदमा राजीनामा दिनुअघि पार्टीलाई आधिकारिक जानकारी दिने बताउँछन्। 'मान्छेको योग्यता, दक्षता, क्षमता र विषयविज्ञको आधारमा नेतृत्व दिनु पर्थ्यो', बोर्ड बाहिर बसेर पनि राम्रो कामका लागि दबाब दिन सकिने औंल्याउँदै उनी भन्छन्, 'विगत लामो समयदेखि खेलाडीहरूको हक हितको लागि आवाज उठाउँदै आयौं, यसलाई अझ सशक्त ढंगले लान्छौं।'

२०४१ सालमा पार्टीको सदस्यता लिएपछि अविचलितरूपमा संस्थापन पक्षमा रहँदै आएका लाखे अहिले ललितपुर पार्टी जिल्ला कमिटीको सदस्यमात्र होइन, प्रजातान्त्रिक राष्ट्रिय युवा संघको केन्द्रीय सदस्य, खेलकुद विभागको अध्यक्ष र पिपुल्स भोलेन्टियर्सको राष्ट्रिय समितिमा सदस्य पदमा कार्यरत छन्।

'गोरु र खेलाडीको जीवन एउटै हो', नेपाली खेलकुदको तीस वर्षको अनुभवको निर्क्योल निकाल्दै उनी भन्छन्, 'गोरु जोत्न छाडेपछि जंगलमा छोड्ने हाम्रो परम्परा छ। खेलकुदमा पनि ठ्याक्कै त्यस्तै छ। एउटा खेलाडीले खेलुन्जेल स्याबासी, ताली र नाम सबै कमाउँछ। तर, छोडेपछि उसको जीवन निरस हुन्छ।'

खेलकुदको आमूल परिवर्तन गर्ने जिम्मा लिएर आएका व्यक्तिले सुरुमा यही कुरा सच्याउनेतर्फ ध्यान नदिए उनीहरू फेरि असफल हुने बताउँदै उनी भन्छन्, 'हामीलाई अहिले आदेशमुखी होइन, परिणाममुखी नीति चाहिएको छ।'

स्कुले खेलकुदलाई संस्थागत गर्ने र खेलकुदमा आबद्ध संघहरूलाई कानुनी दायरामा ल्याउनेजस्ता खेल विकासका थुप्रै योजनाबारे लामो बहस गर्न रुचाउने लाखे राखेपको शुद्धीकरणका लागि सबै संघहरूको २०५५ सालदेखिको खाता छानबिन गरिनु पर्ने र आर्थिक अनियमिततामा डुबेका संघहरूलाई विनापूर्वाग्रह कानुनी कारबाही गर्नु पर्ने बताउँछन्।



# सशस्त्र द्वन्द्वपीडितको सहयोगमा




तस्बिर सौजन्य : एनएसजेएफ

द्वन्द्वको बेला माओवादीबाट मारिएका पत्रकार डेकेन्द्र थापाका दुई छोरी पुरस्कार दिँदै

**जर्मनीमा तीन साताअघि** सम्पन्न अठारौं विश्वकपको माहोल सेलाउन नपाउँदै गत साता काठमाडौंको दशरथ रंगशालामा एउटा उत्तेजक फुटबल म्याच भयो, च्याम्पियनलाई चुनौती। यो वर्ष देशको प्रतिष्ठित सहिद स्मारक लिग उपाधि जितेको मनाङ मर्स्याङ्दी क्लब र अघिल्लो वर्षको लिग विजेता नविल थ्रीस्टार क्लबबीच भएको उक्त खेल सशस्त्र द्वन्द्वका बेला माओवादीबाट मारिएका पत्रकार डेकेन्द्र थापाको दुई छोरीहरू नूतन र निशाको पढाइका लागि आर्थिक संकलन गर्ने उद्देश्यले गरिएको थियो। नेपाल पत्रकार महासंघको तत्त्वावधान र नेपाल खेलकुद पत्रकार मञ्चको आयोजनामा भएको प्रतियोगितामा थ्रीस्टार लिग च्याम्पियन मनाङलाई चुनौती दिन असफल रहे पनि अर्थ संकलनको हिसाबले कार्यक्रम सफल रह्यो। भदौको पहिलो साता श्रीलंकामा आयोजना हुने दसौं दक्षिण एसियाली खेलकुद (साग)को तयारीमा रहेका थुप्रै फुटबल खेलाडीहरू समावेश रहेको प्रतियोगिता हेर्न रंगशालामा दर्शकको विशाल उपस्थिति थियो।


यही सिजनदेखि संकटाबाट मनाङ मर्स्याङ्दी आएका स्ट्राइकर राजकुमार घिसिङको उत्कृष्ट दुई गोलका कारण थ्रीस्टार २-० ले हार्‍यो। घिसिङले ८९ औं मिनेटमा २५ गज दूरीबाट सेकेन्ड बार च्यापेर हानेको 'पावर सुट' गोलमा परिणत भएको थियो। उनले अतिरिक्त समयको पहिलो मिनेटमा फेरि एक गोल थपे। खेलको उत्कृष्ट खेलाडी मनाङबाट राजकुमार घिसिङलाई घोषणा गरियो भने थ्रीस्टारका तर्फबाट अञ्जन केसी उत्कृष्ट खेलाडी बने। अखिल नेपाल फुटबल संघ (एन्फा)को प्राविधिक सहयोग रहेको च्यारिटी फुटबलमा करिब १० लाख उठेको पत्रकार मञ्चले जनाएको छ। यसबाट उठेको २५ प्रतिशत रकम स्वर्गीय थापाका छोरीहरूको शिक्षाको लागि कोषलाई प्रदान गरिने भएको छ। यसैगरी २५/२५ प्रतिशत रकम च्यारिटी म्याचका लागि सहयोग गर्ने दुवै फुटबल क्लबलाई प्रदान गरिनेछ। ■



स्वर्गीय थापाकी कान्छी छोरी निशा खेलाडीहरूसँग परिचय गर्दै



# तथ्यमाथि मनपरि




**इतिहासका प्राध्यापक** डा. राजेश गौतम राजनीतिक इतिहास र राजनीतिक पात्रहरूको फेहरिस्त पुस्तकमा लगातार उतारिरहेका छन्। उनको पछिल्लो किताब 'नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्‌को भूमिका भाग २' लाई यसै शृंखलाको अर्को कडी मान्न सकिन्छ।

पुस्तक शीर्षकअनुरुप प्रजापरिषद्‌को भूमिका र उसले गरेका काममा केन्द्रित छ। पार्टीका नेता टंकप्रसाद आचार्यको राजनीतिक जीवनबारे बुझ्न चाहनेहरूका लागि राम्रै सन्दर्भ सामग्री बन्न सक्छ किताब। २००७ साल देखि २०१७ सालसम्मको अवस्था पुस्तकमा समेट्ने प्रयास गरेका छन्, गौतमले।

अन्तरिम सरकारको मन्त्री बन्न नसकेका आचार्यले जातीय जनतान्त्रिक मोर्चा बनाएर राणा-कांग्रेस संयुक्त सरकारको विरोध गरेको सन्दर्भ उल्लेख गर्दै गौतम जातीय जनतान्त्रिक संयुक्त मोर्चा अन्तरिम सरकार पतन गराउन सफल हुनलाई नेपालमा भारतविरोधी अभियानको सुरुवातको पहिलो खुड्किलो मान्छन्।

राजा त्रिभुवनको निधनपछि संविधानसभाको चुनावको मुद्दाले कोल्टे फेरेको उल्लेख गर्दै गौतमले महेन्द्र युवराज छँदैदेखि संविधानसभाको चुनावको विरोधमा रहेको दाबी गरेका छन्। तर, कुनै स्रोत उल्लेख गरेका छैनन्। उनी भन्छन्, 'संविधानसभाद्वारा निर्मित संविधानमा राजाको स्थान र शक्ति अत्यन्त साँघुरो र कम हुन्छ भन्ने बारेमा उनी अनभिज्ञ थिएनन्। जसले गर्दा उनले आफ्ना भाषणहरूमा 'चुनाव केका लागि' भन्ने कुरा कतै पनि उल्लेख गरेनन् र संविधानसभाको प्रश्नलाई उपेक्षा गरे। जसले गर्दा राजा महेन्द्रका कार्यहरूउपर राजनीतिक दलहरूले शंका गर्न थाले र उनका कार्यको विरोध गर्न थाले।'

महेन्द्रले आफ्नो भित्री मनसाय पूरा गर्न आचार्यलाई प्रधानमन्त्री बनाएको गौतमको पुस्तबाट बुझ्न सकिन्छ। गौतमले लेखेका छन्, 'राजा महेन्द्रको आमनिर्वाचन केका लागि भन्ने कुरा स्पष्ट नभएको उक्त घोषणालाई नै मनन गरेर होला टंकप्रसाद आचार्यले समेत आम निर्वाचनसम्बन्धी कुनै कार्य गरेनन्। बल्की प्रधान न्यायालय ऐन २००८, खारेज गरी 'सर्वोच्च अदालत ऐन २०१३ राजाबाट जारी गर्न लगाई श्री ५ महाराजाधिराजमा देशको शासन व्यवस्था चलाउन आवश्यक शक्ति कायम गराई अगाडिको भन्दा शक्तिशाली बनाउन मद्दत पुऱ्याए।'

मूल अंश र परिशिष्ट गरेर करिब ६५० पृष्ठको छ पुस्तक। आकारमा ठूलो र वजनमा भारी महसुस भए पनि पुस्तक गहकिलो बन्न सकेको छैन। प्रजापरिषद्‌कै विषयमा विद्यावारिधि गरेका प्राध्यापक गौतमले तथ्य र तथ्यांक मनपरि ढंगले प्रस्तुत गरेका छन्।

नेपालको राजनीतिमा प्रजापरिषद्‌को भूमिका शीर्षकमा लेखकको यो दोस्रो कृति हो। तर, यसमा प्रजापरिषद्‌का नेता आचार्य कहिले प्रधानमन्त्री भएका हुन् भन्ने मिति पनि फरक फरक उल्लेख भएको बिडम्बना छ। उदाहरण पृष्ठ २६९ मा 'वि.सं. २०१२ माघ १३ गतेका दिन राजा महेन्द्रले नेपाल प्रजापरिषद्‌का टंकप्रसाद आचार्यको नेतृत्वमा मन्त्रिमण्डल गठन गरेको घोषणा गरे' भनिएको छ भने पृष्ठ ४२८ '...राजा त्रिभुवनले नेपाल प्रजापरिषद्‌का नेता टंकप्रसाद आचार्यलाई वि.सं. २०१० मा राष्ट्रिय प्रजापार्टीको सरकारलाई पुनर्गठन गरी गृहमन्त्री बनाए भने वि.स. २०१३ मा राजा महेन्द्रले नेपाल प्रजापरिषद्‌को नाममा सरकार गठन गरी उनलाई प्रधानमन्त्री बनाए' भनिएको छ।

त्यस्तै राजा महेन्द्रले महासभा गठन गर्दा ठूलो विरोध भएको उल्लेख गर्दै त्यस बेलाको प्रतिपक्षी गोरखा दल राजाको मनोनयनबाट सन्तुष्ट थिएन भन्ने उल्लेख गरेका छन् भने अर्को ठाउँमा आएर गोरखा दलका मानिस मनोनयन गरेर सरकारविरोधीहरू भेला गरेको बताएका छन्। तथ्यमा यस्तो परस्पर विरोधी विश्लेषण कसरी हुन सक्छ ?

गौतमले गरेको राजनीतिक विश्लेषण सबैका लागि ग्राह्य हुनपर्छ भन्ने छैन। तर, पुस्तक लेख्नेले गलत र द्विविधाग्रस्त तथ्य, तथ्यांक पेस गर्नु जघन्य अपराधसरह हो। कतिपय तथ्यको स्रोत खुलाइएको छैन, जस्तो विपीले राजा महेन्द्रलाई 'यदि सरकार यो सरकारसँग सन्तुष्ट हुनुहुन्न भने अर्को सरकार गठन गर्न म राजीनामा दिन्छु' भनेर भनिरहेका थिए भनेका छन्, तर त्यसको स्रोत छैन। सूत्रको हवाला दिन समेत लेखक पछि परेका छैनन्। नेपाली पत्रकारितामा सूत्रको हवाला दिँदै समाचार लेख्ने प्रवृत्तिलाई इतिहासका प्राज्ञले कसरी सूत्र पुस्तकमा प्रयोग गर्न सके ? प्रश्न गम्भीर छ।

■ **विश्वमणि पोखरेल**

# दुःखका पहाडमा




**घुमेको ठाउँको** जनजीवनलाई नियात्रामा टपक्कै उतार्ने खुबी छ, निबन्धकार युवराज नयाँघरेको। नयाँघरेका निबन्धमा कुनै पनि ठाउँको एकोहोरो वर्णनमात्र होइन, त्यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक पक्षलाई बेजोडरुपमा चित्रण गरिएको हुन्छ। 'अनाम पहाडमा फनफनी' नियात्राशिल्पी नयाँघरेको पछिल्लो सशक्त नियात्रा संग्रह हो। यस संग्रहभित्रका निबन्ध पढ्दा लाग्छ - नयाँघरेले आफ्नो पुस्ताका नियात्राकारबीच छुट्टै उचाइ हासिल गरिसकेका छन्।

नयाँघरेले नियात्रामा विभिन्न पात्र उभ्याएका छन्। ती पात्रसँग उनी वार्तालाप गर्छन्, त्यसमा पटक्कै कृत्रिमताको छनक छैन। प्रस्तुत सँगालोका नियात्राको भाषा कवितात्मक र कोमल छ। त्यसैले होला, पढ्दा हृदयस्पर्शी लाग्छन्। 'इन्द्रसरोवरको रुमानी साँझ'मा नयाँघरे कवितात्मक अभिव्यक्ति यसरी पस्किन्छन्- 'पर..परका पालुङ खोला, चित्लाङ खोलामा कलकल संगीत छ अटुट। उता मास्तिरका ठिंगे थुम्काहरूमा भुइँकुइरो बेखबरै छ। तल सरोवरको तटमा समयको रुमानी ताज झकिझकाउ नै हुँदो हो। समयका पत्रपत्रमा हामी चार ज्यानको रोमाञ्चित छाती कविता भएर फक्रिरहेका छन्, फुलिरहेका छन् र मगमगाइरहेका छन्।'

किताबभित्रका 'अनाम पहाडमा फनफनी', 'खर्साङको खिच्रिङमिच्रिङ', 'मिर्मीको माया', 'स्याफ्रुलाई सलाम'लगायत नियात्रा जीवन्त छन्, निबन्ध पढ्दा पाठकलाई आफैं ती ठाउँमा पुगेको महसुस हुन्छ। कोठामा बसेर 'फेन्टासी'मा आधारित सिर्जना गर्न आतुर रहने संस्कृति विकास भएको अवस्थामा नयाँघरे वास्तविक जीवन खोज्न गाउँगाउँसम्म पुग्छन्, अनि मानवीय पीडा, वेदना, खुसी, हाँसोलाई नियात्राका रुपमा उन्छन्। त्यहाँ जीवनका भोगाइ उतार्छन्।

सारमा भन्नुपर्दा प्रस्तुत किताबले पाठकको मन तान्न सफल छ, मौलिक शैली र सशक्त प्रस्तुतिका कारण। समालोचक डा. गोविन्दराज भट्टराई नयाँघरेको नियात्राबारे लेख्छन्, 'प्रस्तुत संग्रहभित्र केवल गाउँका भू-आकृतिहरू मात्र छैनन्, त्यहाँका वनस्पतिजस्तै, नदीनाला र पशुपक्षीजस्तै, प्रकृतिका फूल र पातजस्तै, असिनाले चुटिएर, बतासले हल्लिएर दुःखका पहाडहरूमा पहिरो भएर बग्दै बसिरहेका चरित्रहरू छन्, पात्रहरू छन्।' ■



# एउटा श्रुतिको विनिर्माण

■ रत्न कोजू

उनीहरूको बिहे भएको भखरै त हो, तीन महिना पनि कटेको छैन । त्यसैले दुवैले एक-अर्कालाई अघाउन्जी हेरेर कुरा पनि गर्न पाएका छैनन् । फेरि टोलछिमेकको समाज उही त हो । प्याच्च कुरा काटिदेला भन्ने डर, 'कसैको नभएको कात्तिकेहरूको जोडी छि: !' सायद त्यसैले होला, रात उनीहरूको यदाकदा अलिकति अबेर कट्थ्यो अथवा कुरा अलिकति लम्बिन्थ्यो ।

त्यस्तै एकरात उनीहरूको बीचमा कुरा अलिकति लम्बिइरहेको थियो ।

-'हजुर बाघ बन्न सक्नु हुन्छ रे हो ?', लम्बिरहेको दोहोरो वार्तालापमा स्वास्नीले लोग्नेसामु जिज्ञासा अघि सारी । स्वास्नीको कुरालाई आलटाल गरेर टाल्न हुँदैन, भएको कुरा लुकाएमा वा पन्छाउन खोजेमा उत्सुकता उर्लेर झन् बस्नखान दिँदैनन् । त्यसैले लोग्नेले सत्यतथ्य लुकाएन, बतायो ।

-'हो ।'

-'त्यसो भए एकचोटि बाघ भएर देखाइदिनुस् न !', आज दिउँसो मात्र सुनेको आफ्नो लोग्नेबारेको अविश्वसनीय कुरा लोग्नेले नै हो भन्दा उसको उत्सुकता झन् ह्वात्तै बढ्यो । आफ्नो स्वास्नीको उत्सुकता बढ्न सक्छ भने थाहा थियो उसलाई पनि । त्यसैले सहज हुँदै ऐनमौकाको प्रतीक्षा गर्न स्वास्नीलाई भन्यो । तर, स्वास्नीचाहिँको कर्कर जिद्दीमै पुग्यो र आफ्नो लोग्ने बाघ भएको हेर्न अपहत्ते नै गरी । बच्चाहरूको एकोहोरोपना र आइमाईको जिद्दी उस्तैउस्तै हुन्छ । उनीहरूको लिँडेढिपीले कस्तैलाई पनि कायल पार्छ र पुऱ्याउनै पर्ने हुन्छ । नभए कुनैनकुनै बिगो-विरोध त व्यहोर्नै पर्ने हुन्छ । अब स्वास्नीको कुरा काट्न सकिँदैन, मन राखिदिनै पर्छ । उसले यस्तै ठम्यायो ।

-'हुन्छ ! म बाघ बन्छु । तर, लगत्तै मलाई अक्षता छर्किनु ! तिमी डराएर भाग्यौ भने मेरो बिजोग हुन्छ, बुझ्यौ !' स्वास्नीलाई मुट्ठीमा अक्षता लिन लगाएर ऊ योगको आसनमा बसी आँखा चिम्लेर अस्फुट स्वरमा केही शब्द उच्चारण गर्न लाग्यो । नभन्दै एकछिनमा ऊ अजंगको बाघमा रुपान्तरण भएर स्वास्नीचाहिँको आँखाभरि उभियो । भयले स्वास्नीका विस्फारित आँखाहरू अपलक उघ्रिरहे, चिम्लन बिर्सेझैं ।

अघिसम्म लोग्नेस्वास्नीका बीचमा मिठामिठा कुराकानी भइरहँदा कोठाको वातावरण कस्तो प्रेममय थियो ! अब अकस्मात् कोठा कालको कोठरी जस्तो भयो - भयंकर डरमा लत्पतिएको । कोठाभित्रको एकपलको बिलम्बको बसाइ पनि ज्यानको लागि प्रलयकारी पल जस्तो हुन गइरहेको अनुभूत गरी उसले । जोगाउनै पर्ने आफ्नो ज्यानको होसबाहेक उसले सबै कुराको हवास हराई । आफ्नो मुट्ठीको अक्षता बाघलाई छर्किनु त के, मुट्ठीमा भएको अक्षता कहीं कतै पोखिएको सुद्धि समेत हराई उसले । आफ्नो ज्यान जोगाउने भावनाले हुरीले उडाएझैं उसलाई बाहिर टोलमा पुऱ्यायो । उसको एकैछिनमा वरिपरि टोलछिमेकहरूको भेला जम्मा भयो । ऊ चिच्याउँदै निस्किएकी देखेर उनीहरू निकै आश्चर्यचकित भए ।

-'के भएको हो तिमीलाई ? कालको मुखबाट फुत्किएकी झैं कालीनीली भएकी छौ ... !' टोलेहरूको प्रश्नले पक्राउमा परेकी चोरनीझैं फस्किई ऊ । उसको बक फुटेन अथवा फुटाइन उसले ।

ऊ पूर्ण होसमा फर्किई । होसमा फर्कंदाफर्कंदै किंकर्तव्यविमूढ भई । आगे के गर्ने ? कसो गर्ने ? के हुने ? टोलकाहरूका सोधाइको जवाफ कसरी दिने ? प्रश्नका तीरहरूले घोचेर ऊ फेरि मूर्च्छित भई ।

बाघ हुनु अघिसम्म आफ्नो प्राण सरह प्रिय घर अब उसलाई कारागार लाग्न थाल्यो । यो

घर कारागार मात्र होइन, धरापै लाग्न थाल्यो - कुनै पनि बेला बाहिरका टोलेहरूको आगमन आक्रमणमा परिणत हुनसक्ने। यो धरापमा बसिरहनु जोखिममुक्त छैन। आवाजहरू यतैतिर सरिरहेका जस्ता छन् फेरि। यहाँबाट कतै हट्नुपर्छ अथवा नजिकको जंगलमा लुक्न जानुपर्छ। नभए यो ज्यान अब जोखिममुक्त छैन। अघि उसकी स्वास्नीले त्यहाँ बसिरहनु कालकोठरीमा मृत्युवरण गर्नु सरह ठानेकी थिई भने अहिले उसलाई पनि त्यहाँ बसिरहनु निकट आइरहेको कालसित पौंठेजोरी खोज्नु ठूलो मूर्खता जस्तो मात्र लाग्यो। मौका छोपेर ऊ घरको पछाडिपट्टिको अँध्यारोमा लुसुक्क विलीन हुन पुग्यो।

निकै बेरपछि ऊ बल्लतल्ल होसमा आई। उसको वरिपरि छिमेकीहरूको भीड अलिकता पातलो भइसकेको थियो। एउटा सानो उत्सुकताको पराकाष्ठा यति कठोर हुँदो रहेछ ! ऊ हिक्का छोडेर रोई। आँसुका बलिन्द्र धारा बगाई। जहान-टोलेहरूले सम्झाउन निकै प्रयास गरे। ऊ आफैंले पनि सम्झिन, सम्हालिन निकै प्रयास गरी। तर, निकै गाह्रो भयो। रुवाइ बन्द भएन, हुने कुनै लक्षण पनि देखिएन। खुला आकाशमुनि टोलमा राति हुँदो एक्लै छोडेर जान पनि भएन जस्तो लाग्यो सबैलाई। त्यसैले बाँकी जहान-छिमेकीहरूले घर भित्रिन भने। कसैले कुम समाएर दोहोऱ्याए। कोठामा कतै उसको लोग्नेको गन्धसम्म टाँसिरहेको थिएन। बरु घरभरि हिंसा हाँसिरहेझैं लाग्यो - रातो। जताततै रगतको आहाल जम्न लागिरहेको अनुभव गरी उसले। भित्ता, भुइँ र सिलिङदेखि हत्या-हिंसाका कोलाज सुनिन थालिरहेको अनुभव गरी र घरआँगन लगभग एउटा सानोतिनो मसानघाट भइसकेझैं लाग्यो उसलाई।

टोलछिमेकहरू जम्मै ढाडस दिएर फर्किसकेका थिए। उसलाई अर्को क्षण बिताउन प्रलयकारी लाग्न थाल्यो। मौका छोपेर उसको लोग्नेको आगमन हुन सक्छ। उसको लोग्ने अर्थात् एउटा भयंकरको हिंस्रक नरभक्षी बाघ अर्थात् एउटा हत्या-हिंसा-आतंकको पर्याय। ऊसितको जम्काभेट भनेको निश्चय नै आत्मदाहवरण गर्नु हुन्थ्यो। अन्ततः उसले त्यहाँबाट बरु विस्थापित हुने निर्णय गरी।

कोही पनि आइमाईको लागि दुःखको बेलाको आश्रयस्थल उसको माइत नै हुन्थ्यो। जहानपरिवारले कति रोके, आफ्नै लोग्नेको घरमा बस्न र प्रतीक्षा गर्न। तर, ऊ कसैगरी पनि बस्न सकिन, त्यसैले मानिन पनि। ढोका, भऱ्याङ, झ्याल, भित्ता सबै उसलाई खान दौडेर आइरहेजस्तो लाग्थ्यो। यदाकदा मन अलिकता कसैगरी हलुका हुन लाग्दा लोग्नेसित बिताएका दुई-अढाई महिनाका रमाइला सम्झना कोपर्न आउँथे फेरि। कसै गर्दा पनि नहुने। एकैछिन यसो निद्रामा हराउन पुग्दा पनि उसको लोग्नेरुपी बाघ खेद्न जस्तो आइपुग्थ्यो। त्यो बेला ऊ आफूलाई मासुको चोक्टा-चोक्टामा टुक्रिएको झैं अनुभव गर्थी। ऊ चिच्याउँदै त्यहाँबाट भाग्न खोज्थी। जहानपरिवार उसको वरिपरि के भयो तिमीलाई भनेर घेर्न आउँथे। ऊ यसै भयो भनेर भन्न सक्दिनथी। बुहारीको विक्षिप्तता र छोराको अकस्मात्को लापत्ता उनीहरूका लागि गम्भीर पहेली हुँदै थियो। आखिर के भइरहेको हो।

अन्ततः एकदिन ऊ माइत पुगी। ऊ पुग्नुभन्दा पहिले नै उसका सबै खबर त्यहाँ पुगिसकेको रहेछ। ऊ पुगेपछि त्यहाँ एउटा शोकको जात्रा प्रदर्शन भएजस्तो भयो - सबैका मुखमा दुःखको बादल मडारिरहेझैं, सबैका आँखामा बलिन्द्र आँसुका धारा बगिरहेका थिए। लगभग तीन महिनाअघि मात्र कत्रो ठूलो उत्सवका बीचमा उसलाई त्यो आँगनबाट बिदा गरिएको हिजै जस्तै छ। जम्मैजसोले उसको सुखद भविष्यको कामना गरेर बिदा गरेका हुन्। त्यो बेला उसका नजिकका नस-नाता र साथी-संगातीहरूको आँखामा हर्षको आँसु रसाएको थियो। तर, विडम्बना ! उत्सवको भोजमा बिछ्याएको सालका लपेसहरू सुक्न नपाउँदै कस्तो ठूलो बज्रपात उसको संसारमा।

आँसु र पीडाको आहालबाट भागेकी ऊ फेरि त्यस्तै पोखरीमा डुबी र आफ्नाहरूलाई पनि डुबाई।

स्वास्नीको स्नेहमा लुटपुटिँदैको नवदुलहालाई उसका आगामी दिनहरू यति क्रूर होलान् भन्ने के पत्तो ? उसको वरिपरि स्वर्ग नभए पनि संसार थियो। अनि भर्खर बिहे गरेर ल्याएकी स्वास्नीसितको संयुक्त एउटा नवसंसारको मिठो कामना र कल्पना पनि थियो। यस्तो बेला अकस्मात् के भयो, भयो ! ऊ ओडारमा बसेर भर्खरै बिताएका आफ्ना स्वर्णिम दिनको पाना पल्टाई भक्कानिरहेको थियो। ऊ जन्मँदै अँगुलीमाल थिएन न जन्मँदै बाघ। ऊ त अजन्मा अंगुलीमाल वा अजन्मा बाघ थियो। अहिले प्रारूपमा ऊ बाघै भए पनि चाँदीको ठूलै घेरा भएको बादल थियो। उसको मनको पोखरीमा त्यो चाँदीको घेरा तरंगित हुँदै फैलिएर घरको आँगन र स्वास्नीको मायालु मन र न्यानो काखसम्म फैलिरहेको थियो।

समयनै सबैखाले घाउको औषधी भन्छन् सबै। तर, उनीहरूको हकमा यो सार्वकालिक सत्य असत्य सिद्ध भयो। घाउबाट रगत बग्न बन्द भएन। घाउमा पाप्राहरू लागेनन्, चहऱ्याउन छोडेन। झन् दसबाह्र वर्षमा घाउमा चक्काहरू अझ थपिँदै र बढ्दै गए। तैपनि जंगलको ओडारमा बसिरहेको लोग्ने र माइतमा बसिरहेकी स्वास्नी दुवैले मिठा-मिठा सपना देख्न भने छोडेका छैनन्। बल्लतल्ल लाग्ने निद्रालाई सिरानी हाल्दै उनीहरूले सपना पनि देख्न बिराएका छैनन्। अगाडि तन्द्रा वा विपनाका दिनहरू कहालीलाग्दा भए पनि सपनाका दिन भने सुनहरा देखिइरहेका छन्। लोग्ने स्वास्नीको मुट्ठीमा लिइरहेको अक्षता थाप्न छुटेको घर बारम्बार फर्किरहेको छ भने स्वास्नी पनि अक्षता लोग्नेको पुनर्जीवनबाट धेरै वर्ष पुरानो आफूहरूको संकल्प साकार बनाउने सपना बुनिरहेकी छ।

श्रुति सकियो।

हाम्रो देशमा यस्ता धेरै पुराना श्रुतिहरू प्रचलित छन्। यदाकदा समय-सन्दर्भमा तिनीहरू जीवित भएर मुखरित हुन्छन्। योचाहिँ म जन्मेको माटोको धेरै पुरानो श्रुति हो। यहाँ मैले त्यसलाई विनिर्माण मात्र गरेको हुँ, विनिर्माण हुन खोजिरहेको श्रुतिलाई शब्द मात्र दिन खोजेको हुँ। ... अगाडि हेर्नुस् त ! साँच्चिकै हाम्रो अगाडि प्रस्तुत श्रुतिको विनिर्माण हुन गइरहेको छ ...। ■

# मिलन जल र अनलको

**■ डा. मथुरा केसी**

होसियार !
शंकास्पद कदमहरूसित
एक हातमा जल
अर्को हातमा मशाल
गजबको संगम
अनौठो गठबन्धन
समानान्तर यात्रामा
जल अनि अनल।
कहिले आगो अघि
पानी पछि पछि
कहिले पानी अघि
आगो पछि पछि
आगो निभाउने पानी
अनि पानी सुकाउने आगो।

ऊ त आगो हो
पानी उसको साथी ?
ऊ त पानी हो
नखन्याऊ पानी आगोमाथि।

विश्व आज हेरिरहेछ
पानीका अणु अणुको सप्तरंगी इन्द्रेणी
आगोको मुस्ला मुस्लाको ज्वालामुखी
पानीको थोपा थोपाको समुद्री ज्वारभाटा र
सुनामी
आगोको मुस्ला मुस्लाको वीभत्स विस्फोट
अनि जल र अनलको सहयात्रा
अप्राकृतिक संगति
अनि
अप्रत्यासित नियति।

अब हेर्नु छ -
जल र अनलको सम्भाव्य सम्भोग
अनि यसको उत्कर्ष
अकल्पनीय परिणति।

# त्रिपाठीको तिकडम !



**मानिस जति** बौद्धिक भए पनि नैतिकता र इमानलाई तीलाञ्जली दिएपछि केही अर्थ रहँदैन। तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति डा. वासुदेव त्रिपाठी लोकतन्त्रपछि पनि तिकडम गरेर आफ्नो पद सुरक्षित गर्ने दाउमा लागेका छन्। अहिले उनी आफूलाई लोकतन्त्रविरोधी नभएको पुष्टि गराउने दौडमा छन्।

नेपाल प्रज्ञाप्रतिष्ठानको उपकुलपतिमा आफूलाई पुनःस्थापित गरियोस् भनी त्रिपाठी एमालेको बल्खु दरवारदेखि कांग्रेसको टेकुदरवारसम्म लबिङ गरिरहेका छन्। त्रिपाठीले तनहुँका कांग्रेस नेता गोविन्दराज जोशी, रामचन्द्र पौडेलदेखि विश्वविद्यालयका मित्र मन्त्री मंगलसिद्धि मानन्धरसम्मलाई प्रधानमन्त्रीसमक्ष आफ्नो पक्षमा कुरा राखिदिन हारगुहार गरिरहेका छन्।

राजाले माघ १९ को कदम चाल्नुभन्दा केही महिनाअघि उपकुलपति बनेका स्तुति साहित्यका अग्रणी उपकुलपति त्रिपाठीले शाही कदमको खुलेर समर्थन गरेका थिए। राजाको कदम, प्रायोजित नगरनिर्वाचनको समर्थन र जनआन्दोलन-२ को विपक्षमा सरकारी सञ्चारमाध्यमबाट विचार व्यक्त गरेर निरंकुशताकै पक्षपोषण गरेका थिए उनले। नेपाल प्रज्ञाप्रतिष्ठान कलाकार कर्मचारी संघका अनुसार आन्दोलनताका त्रिपाठी लोकतन्त्र पक्षधर कर्मचारीविरुद्ध समेत लागेका थिए। त्रिपाठीमाथि जनआन्दोलन -२ का बेला कर्मचारी दबाउन कमलादीस्थित प्रज्ञाप्रतिष्ठानको परिसरभित्रै चैत २४ गतेदेखि सेनाको बख्तर बन्द गाडी छिर्न दिएर प्राज्ञिक थलोमा सैन्यकरण गराउन सहयोग पुऱ्याएको आरोप छ।

लोकतन्त्र स्थापनापछि प्रज्ञाप्रतिष्ठानको पुनर्संरचना गर्न सजिलो होस् भनेर सदस्य सचिव गीता केशरीलगायत नौजना प्राज्ञले असार ४ गतेबाट लागू हुने गरी राजीनामा दिए पनि त्रिपाठी र अर्का दरवारिया कोटाबाट प्राज्ञ बनेका रत्नाकर देवकोटाले भने राजीनामा दिएका छैनन्। रत्नाकारले त जेठ महिनाको तलबसमेत बुझेका छन्। त्रिपाठीले आफ्नो नियुक्ति प्रज्ञाप्रतिष्ठानको ऐनद्वारा भएको र यो राजनीतिक नभएको भन्दै पाँचवर्षे कार्यकाल पूरा गर्न पाउनुपर्ने जिकीर गरिरहेका छन्। तर, राजाको शासनकालमा उपकुलपति त्रिपाठी प्रतिगमनको मतियार भएको विगतका क्रियाकलापबाट पुष्टि हुने नेपाल प्रज्ञाप्रतिष्ठान कलाकार कर्मचारी संघका अध्यक्ष विक्रम मैनाली बताउँछन्। त्रिपाठीलाई कुनै पनि हालतमा उपकुलपति बनिरहन नदिने संघले जनाएको छ। अध्यक्ष मैनाली भन्छन्, 'प्रतिगामी चरित्र बोकेका व्यक्तिले अब फेरि नेतृत्व लिनु हुँदैन भनेर हामीले सहज निकासका लागि उपकुलपति त्रिपाठीलाई बारम्बार राजीनामा दिन अनुरोध गरेका हौं। तर, उनी तिकडम गरेर पद जोगाउने दाउमा छन्।' ■



# मृत्युसँग जुध्दै

प्रेमको बगैंचामा फुल्न पनि पाइएन
स्वतन्त्रतामा उन्मुक्त जीवन बाँच्न पनि सकिएन
परिस्थितिको कमारो भएर
बाध्यताको साङ्लोले बाँधिएर
बेवारिसे जिन्दगीलाई
मृत्युपर्यन्त घिसार्दै
बाँच्नुपरेको छ जीवनमा

**कवि एवं पत्रकार** अमृतलाल श्रेष्ठले डेढ दशकअघि कविताका यी हरफ कोर्दा सायद सोचेका थिएनन् होला, यति छिट्टै जीवनमा पनि कविताका पंक्तिकै कठिन विपत्ति भोग्नुपर्ला भनेर। तर, नियतिको खेल नै भनूँ, दुवै मृगौलाले काम गर्न छोडेपछि उनको जीवन कहाँ उन्मुक्त छ र अचेल, दिन प्रतिदिन पीडाको सगरमाथा चुलिइरहेको छ। उनको जागिरको कमाइको भरमा चलेको परिवार कसरी धान्ने समस्या त छँदै छ, अर्कोतिर उपचारको चाँजोपाँजोको व्यवस्था चुनौतीपूर्ण बनेको उनका लागि। बिमारले गलेपछि पहिलेको हृष्टपुष्ट अमृतलाल श्रेष्ठ भनेर चिन्न गाह्रो पर्छ। आँखा गाडिएका छन्, छाला टाँसिएको छ, हिँड्न सहारा चाहिन्छ। चिकित्सक डा. ऋषिकुमार काफ्लेले दुईवटै मृगौलाले काम नगर्ने भएकाले भारत गएर प्रत्यारोपणको सल्लाह दिएका छन्। प्रत्यारोपणका लागि घटीमा पनि भारु १० लाख लाग्ने र उपचारपछि मासिक १५ हजारको औषधी खानुपर्ने चिकित्सकको राय छ।



स्वास्थ्यले साथ दिउन्जेल अमृतले के गरेनन्, साहित्य, पत्रकारिता, समाजसेवा अभिन्न साथी बने अमृतका। तीसको उत्तरार्धमा भवानी घिमिरेले नेतृत्व गरेको भोक कविता आन्दोलनको सक्रिय सर्जकमध्येका एक श्रेष्ठका तीनवटा कविता संग्रह छापिएका छन्। सरल शब्द, बिम्ब र प्रतीकलाई कवितामा प्रयोग गर्न रुचाउने श्रेष्ठ मोफसलका सशक्त हस्ताक्षर हुन्। उनको उपचारको निम्ति सहयोग जुटाउन विष्णुविभु घिमिरेको अध्यक्षतामा समिति बनेको छ। इमानदार, प्रतिभाशाली र लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध सर्जकको जीवन बचाउन सबैको सहयोग आवश्यक भएको समितिले जनाएको छ।

समितिले सरकारलाई श्रेष्ठको उपचारको लागि सहयोग पुऱ्याउन आग्रह गरे पनि अहिलेसम्म केही सहयोग प्राप्त भएको छैन। झापाका भने स्थानीय स्रष्टाहरूको पहलमा करिब २ लाख रुपैयाँ संकलन भएको बताइन्छ। २०३२ सालदेखि साहित्यमा लागेका श्रेष्ठले सामाजिक विषय वस्तुलाई सिर्जनामा उतारेका छन्, उनका रचनामा मानवीय पीडा, हाँसो, आँसुको समिश्रण छ। उनी भन्छन्, 'मैले आजसम्म जीवनकै बारेमा लेखेँ, जगत्कै बारेमा लेखेँ, जनताकै भावना बोलेँ, पुनर्जीवन पाएमा फेरि समाजकै लागि लेख्नेछु।' ■




समय

# पलैँटीमा मणिकमल

**पलैँटी शृंखलाको** सातौं भागमा सहभागी हुन दार्जीलिङे संगीतकार मणिकमल छेत्री अहिले काठमाडौंमा छन् । उनले नेपालयको आर शालामा साउन १२ र १३ गते आफ्नो प्रस्तुति देखाउनेछन् ।

हाल दार्जीलिङस्थित सूचना र संस्कृति विभागको आधुनिक संगीत शाखामा कार्यरत मणिकमलले त्रिभुवन राजपथ बन्नुअघि भीमफेदी-चन्द्रागिरी पैदल मार्गबाटै काठमाडौं खाल्डोको भ्रमण गरेका थिए । पछि रेडियो नेपालमा गीत गाउन आउँदा कहिले नारायणगोपालले समय मिलाइदिन्थे, त कहिले अम्बर गुरुङले नै आफ्नो 'रेकर्ड डेट' मणिलाई दिन्थे ।

सुरुमा बाँसुरीवादक हुँदै पछि गायक र त्यसपछि कम्पोजरको चिनारी बोकेका मणिकमल नेपालमा लोकप्रिय बनेका विभिन्न गीत गाएर स्कुल जीवनमै संगीततिर तानिएका हुन् । स्कुले बेलैमा अरुणा लामासँग कोलकातामा गएर ६ वटा युगल गीतको डिस्क रेकर्ड गराउन पाएका थिए उनले । शरण प्रधानको गीत-संगीत रहेका गीतमध्येको एउटा 'यो जोवनलाई घरको माया छ कि छैन...!' निकै चर्चित भएको थियो ।

सुरुमा अरुणाका गीतमा बाँसुरी बजाउँदै उनैसँग गीत गाउँदै पछि अरुणाकै लागि झन्डै चार दर्जन गीतमा संगीत भरेका छन्, मणिकमलले । हरिभक्त कटुवालको शब्दमा सिर्जना भएको मणिकमलको संगीतमा रहेको गीत 'हाँगा हाँगा वनभरि चैत फुलेछ, थाहा नपाई मनभित्र बैंस फुलेछ' मा रहेको सांगीतिक जादु अहिले पनि उस्तै छ । यो गीत अरुणा लामाकै आवाजमा गुञ्जेको थियो ।

गोपाल योञ्जनको विवाहका बेला नारायणगोपाल, नगेन्द्र थापाहरू काठमाडौंबाट दार्जीलिङ पुगेका थिए । त्यो माहोलमा कर्म योञ्जनको संगीतमा मणिकमलले गाएका थिए, 'मदिराले होइन, म त बैंसले मात्तिएँ ।' यो गीत नारायणगोपालको अनुरोधमा उनले पटक पटक गाउनुपरेको थियो । लामो समयदेखि गीत-संगीतमा लागे पनि पलैँटीमा मणिकमलले आफ्नो जीवनकै पहिलो एकल गायन प्रस्तुत गर्नेछन् । ■

दुर्गा भवानी बचत तथा ऋण सहकारी संस्था लि. द्वारा सञ्चालित

## दुर्गा भवानी पोलिक्लिनिक

दुर्गा भवानी चोक, धुम्बाराही पिपलबोट, काठमाडौं, फोनः ४४४५३००, ४४२९५४४, ४४३७७६८, ४४४३०१३

दुर्गा भवानी बचत तथा ऋण सहकारी संस्था लि. द्वारा सञ्चालित यस दुर्गा भवानी पोलिक्लिनिकमा दुर्गा भवानी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्यहरूलाई औषधिमा ५% अन्य सेवामा १५% र सदस्यका परिवारलाई औषधीमा २.५% अन्य सेवामा १०% छुटको व्यवस्था गरिएको छ ।

बिरामी जाँच शुल्क रू. १५०।- मात्र विशेषज्ञ सेवाको लागि छुट्टै शुल्क लाग्ने छ ।

**बालबालिकाको स्वास्थ्य परिक्षणको सुनौलो अवसर**

बाल रोग सेवा अन्तर्गत नेपालको पहिलो बाल मुटुरोग विशेषज्ञ तथा बाल रोग विशेषज्ञ डा. नारायण बहादुर बस्नेतद्वारा जनरल तथा बालबालिकाको स्वास्थ्य परिक्षण गरिन्छ ।
समय : विहान ७:३० बजेदेखि दिउँसो ११:३० सम्म

दुर्गा भवानी पोलिक्लिनिक विहान ७:०० बजेदेखि बेलुकी ८:०० बजेसम्म खुला रहनेछ ।
उपरोक्त समयमा आकस्मिक सेवा लगायत सबै सेवाहरू उपलब्ध छन् ।

bUf{ej fgL kf]nLSnlgsdf pknAw ;]fx¿M

१. फार्मेसी सेवा
२. आकस्मिक सेवा (इमरजेन्सी सेवा)
३. बाल रोग सेवा
४. दन्त सेवा
५. प्याथोलोजी ल्याव सेवा
६. इ.सि.जी. सेवा
७. हाड जोर्नी
८. जनरल तथा विशेषज्ञ सेवा
९. एक्सरे सेवा
१०. भिडियो एक्सरे सेवा (अल्ट्रासाउन्ड)
११. मुटु रोग सेवा
१२. प्रसुति तथा स्त्रीरोग सेवा
१३. परिवार नियोजन तथा मातृशिशु सेवा
१४. नशा तथा मानसिक रोग सेवा
१५. चर्म (छाला) रोग सेवा
१६. साधारण र मध्यम अपरेशन तथा अन्य सेवा चाँडै शुभारम्भ हुने ।



# स्टार गायक

**'तपाईंले कपाल किन काट्नु भएको ?'**

एक प्रशंसकको जिज्ञासा ।

**'पाल्नलायक कपाल नै कहाँ छ र ?'**

खिइँदै गएको कपाल सुम्सुम्याउँदै नवीन के भट्टराईको जवाफ ।

यस्तो जवाफ नवीन के भट्टराईबाट निकै कम सुन्न पाइन्छ । 'समय धेरै परिवर्तन भइसकेको छ', गायन जीवनमा लोकप्रियता सुमसुम्याउन थालेको एक दशक र नौवटा एल्बम पुऱ्याएका उनले थपे, 'अब पहिलेजस्तो घरैमा बसेर एल्बमको प्रचार-प्रसार नहुने भइसक्यो । रेडियोले बजाएर मात्र एल्बम 'हिट' हुने जमाना बदलिसक्यो ।'

त्यसैले उनी हिजोआज आफैं पत्रपत्रिका, टेलिभिजन र एफएम रेडियोमा पुगिरहेका हुन्छन् । यसअघि उनलाई खोज्दै पत्रपत्रिका, टिभी र रेडियोहरू आइपुग्थे । लजालु नवीनलाई यौन, प्रेम र विवाह सबैभन्दा लाज लाग्ने प्रश्न हुन् । तैपनि, नयाँ एल्बम 'जी मेजर'को प्रचारका लागि केही दिनअघि एउटा टिभी च्यानलमा रातोपिरो भएर पनि उनले यस्ता प्रश्नको जवाफ दिए ।

पपगायनको जग बसाल्ने ओमविक्रम विष्टको कदम पछ्याउँदै सुनील उप्रेती, हरिश माथेमा, भीम तुलाधर, ऋस रोडहरू गायन परिदृश्यमा देखिए । यो एउटा इतिहासको कुरा हो । तर, पपगायनलाई फराकिलो बनाएर जनस्तरमा लोकप्रिय बनाउने काम नवीनले गरेका हुन् । गायन शैली र लयले नवीनलाई पृथक् रुपमा मात्र उभ्याएन, सहरी युवाहरूको विदेशी गीति तिर्खा मेट्ने स्वदेशी माध्यम उनी नै बने ।

पपगीत के हो ? 'चाइना पप' पुस्तककी लेखिका चाङ झी लेख्छिन्, 'पपगीत गीत मात्र होइन, यो एउटा संस्कृति हो । त्यो संस्कृति जुन व्यापक रुपमा प्रयोग हुन्छ र प्रभावशाली पनि ।' हुन पनि लेखिका झीले भनेझैं नेपाली संगीत उद्योगमा नवीनको प्रवेशपछि पपगायनमा त्यसअघि कहिल्यै नदेखिएको एउटा गायक 'स्टार'मा परिणत हुने पद्धति सुरु भयो । एउटा गायकले एल्बमका लागि मात्र लाखौं रुपैयाँ 'माग' गर्न सक्ने हैसियत उनीबाटै सुरु भएको हो । 'सम्झना' एल्बमका लागि पाँच लाख रुपैयाँ लिदा संगीतकर्ममा लाग्नेहरूले जिब्रो टोकेका थिए । उनले लगाउने गरेको छड्के टोपी युवाहरूको रुचिपूर्ण फेसन बन्यो । उनका गीतहरू विरहीहरूका लागि औषधी र गायनमा रुचि लिनेहरूका लागि 'कखरा' बने । उनी पपगायनमा प्रवेश गर्दा पपगायनप्रति जनसाधारणमा उति राम्रो प्रभाव थिएन । तर, उनको प्रवेशपछि त्यो सोचमा ठूलो परिवर्तन मात्रै आएन, पपगीतका श्रोता बालबालिका र वृद्धवृद्धासमेत हुन थाले । उनकै गीत सुनेर अहिलेका कतिपय गायकहरू गायक बने । छोटो समयमा यति धेरै प्रभाव पार्ने गायक विरलै छन् र नवीनले त्यो प्रभाव नेपाली जनजीवनमा पारेका छन् ।

तर विस्तारै उनी पर्दापछि पर्दै छन् । उनलाई उछिन्दै नयाँ गायकहरू देखापरे र खासगरी सहरी वर्गलाई प्रभाव पार्ने हिपहप संगीतको नयाँ विधा जन्मियो । 'रिमिक्स' गर्ने परिपाटी जन्मियो ।

**लजालु नवीनलाई यौन, प्रेम र विवाह सबैभन्दा लाज लाग्ने प्रश्न हुन् ।**



'सबैलाई थाहै छ, कोही पनि धेरै समयसम्म सफलताको शिखरमा बसिरहन सक्दैन', नवीन भन्छन्, 'म मात्रै कसरी अपवाद हुन सक्छु र ?' उनका अघिल्ला एल्बमले उनलाई नाम मात्रै दिएनन्, दाम पनि दिए । तर, पछिल्ला समयमा उनका एल्बमहरूले सोचेजति व्यवसायिक सफलता कमाउन सकेनन्, किन ? 'हिजो पनि म आफ्ना लागि संगीत सिर्जना गर्थें र आज पनि आफ्ना लागि गर्छु । फरक कति मात्र थियो भने मेरा निजी भावनालाई श्रोताले आत्मसात गरेका बेला त्यो सफलतालाई मैले मौद्रिक अनुवाद गर्न पछि परिनँ', आफ्नो मूल्यांकन गर्दै नवीन भन्छन्, 'म यस्तो संगीत रचना गर्न रुचाउँछु, जसले मेरो मनलाई शान्ति देओस् । भोलि यसले व्यवसायिक सफलता कमाएन भने पनि मलाई केही छैन ।' सफलताको शिखरमा रहेका नवीन भोलिका दिनमा के गर्छन् त ? 'मेरो पहिलो प्राथमिकता संगीत नै हो । नयाँ पुस्ताका भाइबहिनीलाई यस क्षेत्रप्रति तान्ने र उनीहरूलाई सहयोग गर्ने नै मेरो ध्याउन्न हुनेछ', उनी संगीतप्रतिको प्रतिबद्धता यसरी व्यक्त गर्छन् ।

अनि बिहे कहिले त ? देशका लायक कुमारमध्ये एक नवीनलाई यो प्रश्न हरेक दिन उनको घरको टेबुलमा आइरहेका केटीहरूको फोटोले पनि सोधिरहेको छ । 'पहिले एल्बम 'जी मेजर'लाई राम्रोसँग प्रसार गरौं, त्यसपछि सोचौंला', परिचित लजालु मुस्कानका साथ नवीनले उत्तर दिए, 'बिहेलायक भएँ भन्ने चाहिँ थाहा छ, तर खोजेजस्तो केटी पनि त पाउनु पऱ्यो ।'

■ **अच्युत कोइराला/काठमाडौं**


# ध्याउन्न सुधारको

**वैज्ञानिक अनुसन्धानका** क्षेत्रमा काम गर्ने नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (रोनास्ट)को नेतृत्व यसपटक प्राध्यापन, प्रशासन र अनुसन्धान तीनवटै विषयको अनुभव सँगालेका व्यक्तिको हातमा गएको छ। उपकुलपतिमा नियुक्त गणितका प्राध्यापक डा. होमनाथ भट्टराईमाथि परम्परागत ढाँचामा चलिरहेको प्रज्ञा प्रतिष्ठानलाई नयाँ अवधारणासहित अघि बढाउने जिम्मेवारी आएको छ।

विज्ञान र प्रविधिको संवर्द्धनमा विगतदेखि नै रोनाष्टले प्रभावकारी काम गर्न नसकेको भन्ने आम गुनासो स्वभाविक रहेको भट्टराईको धारणा छ। उनी भन्छन्, 'सरकारले विज्ञान र प्रविधिको क्षेत्रमा गरेको लगानी अत्यन्तै थोरै छ। रोनाष्टलाई छुट्याएको रकम तलब र प्रशासनिक खर्चकै लागि मात्र ठिक्क हुन्छ।' यस्तो अवस्थामा नयाँ अनुसन्धानमूलक काम गर्न अप्ठ्यारो परेको भट्टराईको विचार छ।

२०५१ देखि २०६२ सालसम्म विश्वविद्यालय अनुदान आयोगको सदस्य सचिव भएर प्रशासनिक अनुभव बटुलेकाका भट्टराईले अमेरिकी र भारतीय म्याथम्याटिक्स सोसाइटीसँग आबद्ध भएर काम गरिसकेका छन्। इन्टरनेसनल म्याथम्याटिक्स कंग्रेसमा नेपालका तर्फबाट भाग लिई अनुसन्धानमूलक कार्यपत्रसमेत पेस गरेका थिए उनले। त्रिभुवन विश्वविद्यालयबाट २०२७ सालमा गणितमा एमएस्सी गरेका भट्टराईले फुलब्राइट छात्रवृत्तिअन्तर्गत २०३३ सालमा अमेरिकाबाट गणितमै विद्यावारिधि गरेका हुन्। त्रिभुवन विश्वविद्यालयमा अढाइ दशकजति गणित प्राध्यापनको अनुभव पनि छ, उनीसँग।

रोनाष्टलाई विभिन्न क्षेत्रका वैज्ञानिकका लागि अनुसन्धान गर्ने साझा संस्थाका रूपमा कसरी अघि बढाउने भन्ने ध्याउन्नमा केन्द्रित छन्, अहिले भट्टराई। उनी भन्छन्, 'राष्ट्रिय प्रयोगशाला, कन्फरेन्स हल, साइन्स लर्निङ सेन्टरलगायत भौतिक संरचना विकासका निम्ति पहल गर्नेछु।' नेपाली वैज्ञानिक र विश्वका विभिन्न मुलुकका वैज्ञानिकबीच सुमधुर सम्बन्ध स्थापित गर्नु पनि आवश्यक रहेको बताउँछन् उनी। सीमित स्रोत र साधनमा धेरै काम गर्नुपर्ने चुनौतीपूर्ण जिम्मेवारी पाएका छन् भट्टराईले शुभकामना! ■


तेजबहादुर बस्नेत


समय

# मेधावी निशा

**आजभन्दा पच्चीस** वर्षअघि एसएलसी परीक्षामा सबैभन्दा बढी अंक प्राप्त गरेर लुना भट्टले नेपाली महिलाको इतिहासमा कीर्तिमान कायम गरेकी थिइन्। लुनाले स्थापित गरेको कीर्तिमान ल्याबरोटेरी माविकी निशा धौभडेलले २०३९ सालमा पनि कायम राखिन्, एसएलसी बोर्डमा सर्वोत्कृष्ट भएर। निशाले मास्टर्स डिग्रीसम्मकै पढाइमा आफूलाई मेधावी सावित गर्दै लगिन्।

आइएस्सी पास गरेपछि भारतको रुड्की विश्वविद्यालयबाट इलेक्ट्रिकल इन्जिनियरिङमा बिई र अमेरिकाबाट एमई गरेपछि निशाले केही वर्ष पुल्चोक क्याम्पसमा प्राध्यापन पनि गरिन्। जे काम गरिन्छ, भित्रैबाट आत्मसात गरेर गर्ने बानीका कारण प्राध्यापनको छोटो समयमा पनि आफूलाई स्थापित गर्न सफल भएकी थिइन्, उनी।

अहिले उनलाई क्यानडाको फ्लुर मल्टिनेसनल इलेक्ट्रिकल कम्पनीको कार्यकारी निर्देशक बन्ने अवसर मिलेको छ। उक्त कम्पनी क्यानाडाका ठूला कम्पनीमध्ये एक हो। विदेशी मुलुकमा गएर बहुराष्ट्रिय कम्पनीको उच्च पदमा पुग्नुलाई सुखद रूपमा लिन्छन्, उनका पिता प्राध्यापक हर्षनारायण धौभडेल र भन्छन्, 'सानैदेखि प्रतिभाशाली निशाले आफ्नो क्षेत्रमा राम्रो काम गरेकी छन्, यसले अभिभावकलाई खुसी लाग्नु स्वभाविक हो।'

निशा कहिले नेपाल फर्कने भन्ने निश्चित नभएको पिता प्रा. धौभडेल बताउँछन्। 'उतै बसेर पनि निशाले आफ्नो 'करिअर' राम्ररी विकास गरेकी छन्', प्रा. धौभडेल भन्छन्, 'कुन व्यक्ति कहाँ बस्छ, कहाँ काम गर्छ भन्दा पनि मुलुकको लागि त्यो ठाउँबाट पनि कति योगदान पुऱ्यायो भन्ने महत्त्वपूर्ण हुन्छ।' आशा गरौं, निशाले मुलुक भुल्ने छैनन्। ■





युवराज घिमिरे

## शून्य समय

# निरीह प्रतिनिधिभास र चिरा परेको नागरिक समाज

**पुनःस्थापित प्रतिनिधिसभा विघटन** विवादबारे सहमति बन्न नसकेको अवस्थामा सत्ता र माओवादी पक्षबीच नयाँ मतान्तरहरू देखापरेका छन्। ती मतान्तरहरू गम्भीर प्रकृतिका देखिए पनि अस्वभाविक हैनन्। र, दुई पक्षमा वार्ताद्वारा समस्या समाधान गर्ने प्रतिबद्धता रहिरहेमा यी मतान्तरहरू सुल्झिन सक्छन्। तर, दुवै पक्षलाई भड्काउन केही आन्तरिक शक्तिहरू आ-आफ्नो निहित स्वार्थबाट लागिपरेका छन्। तत्काल हेर्दा, सरकार वा माओवादी पक्षले तिनीहरूलाई आफ्ना हितैषी या समर्थक मान्न सक्छन्। दीर्घकालीन र समग्र मुलुकको हित तथा शान्ति स्थापनाको वस्तुनिष्ठ आधारमा हेर्ने हो भने त्यो निष्कर्ष सही हुनेछैन।

सर्वप्रथम संसद् विघटनको मुद्दालाई लिऊँ। सम्भवतः संसद्को अस्तित्व र निरन्तरता खासगरी जनआन्दोलनको बलमा भई रहनु वार्ता प्रक्रियाको प्रतिकूल नहोला। तर, 'सार्वभौम' घोषित प्रतिनिधिसभा निहित स्वार्थ र अपारदर्शी चलखेलको थलो बन्न पुगेमा त्यसले वार्ता प्रक्रियालाई मात्र हैन, मुलुकका विभिन्न संरचना ध्वस्त पार्नेछ। सदनको संकल्पका रूपमा सभामुखले सरकारलाई 'रोम स्टयाच्युट'मा हस्ताक्षर गर्ने निर्देशन दिनु एउटा त्यस्तो चलखेलको सूचक हो। दलहरूभित्र र आपसमा तथा सरकारमा पनि छलफल नै नभएको विषय सदनमा प्रवेश गराउने र त्यसकै आधारमा सरकारलाई निर्देशन दिने आवश्यकता सभामुखले त्यति हतारमा किन गरे? उनलाई कुन संस्था या समूहले प्रभावित गर्‍यो? यो जान्ने हक मुलुकलाई छ।

के लाचारीको थलो बनेको प्रतिनिधिसभा जीवित र सक्रिय रहनु जरुरी छ? संसद्ले पहिले नै आफूलाई सर्वशक्तिमान घोषित गरी निरंकुश राजाको सही विकल्पका रूपमा प्रस्तुत गरिसकेको छ। त्यसमाथि अपारदर्शी र शंकास्पद शैलीमा कार्यकारिणीलाई अन्तर्राष्ट्रिय कानुनमा हस्ताक्षर गर्न विवश तुल्याइन्छ भने त्यो निरंकुशतन्त्रको औजार बन्न सक्छ।

हो, राजनीतिक रिक्तता आउन नदिन र माओवादीहरूको प्रतिनिधित्व त्यसमा सुनिश्चित गर्ने सूत्रमा सहमति नबनेसम्म यो संसद्को मृत्युले अनेक षड्यन्त्रलाई जन्म दिन सक्छ। राजा जुर्मुराउन सक्छन्। माओवादीहरूले त्यसको फाइदा लिन सक्छन्। तर, त्यो सम्भावनालाई कमजोर पार्न संसद् र सांसदहरूले व्यक्तिगत निहित र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गर्न सक्नुपर्छ। दुर्भाग्य, यो संसद् चुकेको छ त्यसमा। विघटन नहुँदासम्म आवश्यकता पर्दा ब्यूँताउने गरी यसलाई 'निष्क्रियता' (सस्पेन्डेड एनिमेसन)मा राख्नु सबभन्दा उचित हुनेछ। सभामुख या सरकारले मनपरी गरेमा उनीहरूलाई संसद्ले मात्र तह लगाउन सक्छ। त्यसैले वैकल्पिक व्यवस्थाविनाको विघटनले तानाशाही चरित्रलाई खेल्ने ठाउँ दिनेछ।

त्यस्तै खतरा उत्पन्न भएको छ माओवादी पक्ष, खासगरी नेतृत्व तहबाट। संविधानसभाको निर्वाचनका लागि सहमति बनिसकेपछि वर्तमान संसद्को औचित्य नभएको धारणा प्रचण्ड तथा समग्र पार्टीले राख्दै आए पनि त्यही संसद्बाट गणतन्त्र (अन्तरिम संविधानको अनुमोदनद्वारा) घोषित हुनुपर्ने अडान पनि उनीहरूले लिन थालेका छन्। 'संविधानसभा' राजतन्त्रको पक्षमा उभिए मलाई त्यो मान्य हुनेछ' भन्ने सार्वजनिक वयानका साथ खुला राजनीतिको अभ्यासमा जुटेका प्रचण्ड किन पुनःस्थापित प्रतिनिधिसभाको निरीहताको फाइदा लिन चाहन्छन्? जनताको अधिकारलाई किन राजाको शैलीमा खोस्न चाहन्छन् प्रचण्ड? बन्दुक लिएकै अवस्थामा आएको यो अडानमा आग्रह र प्रजातान्त्रिक चरित्रभन्दा 'आतंक'कै राजनीतिको निरन्तरता देखिन्छ। राजसंस्थाको भविष्य बृहत् छलफल र संविधानसभा वा जनमत संग्रहबाट किनारा लगाइनुपर्ने विषय हो। साथै त्योसँग अर्को मौलिक नीतिगत विषय पनि टुंगो लगाइनुपर्छ। चाहे राजा रहून् या प्रचण्ड राष्ट्रपति बनून्, कानुनतः राष्ट्रप्रमुखका रूपमा कसैले भ्रष्टाचार र फौजदारी अभियोगबाट उन्मुक्ति पाउनु हुँदैन। माओवादी नेतृत्वले अहिले के पनि बुझ्नुपर्छ भने सात दल वा राज्य पक्षले उनीहरूसमक्ष जति झुके पनि एउटा बिन्दुपछि त्यो निरर्थक सावित हुनेछ। अहिलेको सन्दर्भमा गिरिजाप्रसाद कोइराला या कृष्णप्रसाद सिटौलाले उनीहरूलाई सम्पूर्ण सत्ता नै सुम्पिने वाचा गरे पनि त्यसको केही अर्थ रहनेछैन। त्यसको निर्णय माओवादीले बन्दुक बिसाएपछि भय र त्रासरहित वातावरणमा र निष्पक्ष निर्वाचनद्वारा जनताले मात्र गर्नेछन्। त्यो स्वीकार गर्न बन्दुक र राज्यशक्तिको दम्भमा रहेका राजा विवश भए वैशाख ११ गते। विवेक र राजनीतिक सुझबुझ बन्दुकले नडगेको भए सम्भवतः माओवादीले यसलाई बुझिसकेका छन्।

कोफी अन्नानलाई दुवै पक्षका सेना र हतियार 'व्यवस्थापन'का लागि प्रधानमन्त्री कोइरालाको भन्दा फरक पत्र लेख्नु प्रचण्डको अधिकार हो र त्यो उनको दलको राजनीतिक निर्णय पनि। त्यसमा राष्ट्रसंघको भूमिका दुवै पक्ष र अन्य सरोकारवालासँगको व्यापक छलफलपछि तय हुने कुरा हो। तर, जनताको अधिकारलाई आफ्नो सुविधा र निहित स्वार्थसहितका कथित समर्थकहरूको लहैलहैमा कटौती गर्न माओवादी नेतृत्व उद्यत हुनु हुँदैन। नागरिक समाजको एउटा समूह र खासगरी माओवादीसँग सैद्धान्तिक निकटता देखाउँदै आएको तर संसद्को सुखभोग गर्दै आएका केही वाम घटक पनि माओवादी नेतृत्वलाई मुलुकको समग्र हितभन्दा आफ्नो हिसाबले प्रभावित गर्ने कोसिसमा छन्।

प्रजातन्त्रको स्थापनाका लागि जनसमूहमा छिरेको नागरिक समाजमा अब चिरा परेको छ। नागरिक समाजकै नाममा दलीय या एक पक्षको जुम्ल्याहा भाइका रूपमा राजनीतिलाई निरन्तरता दिने हक कसैले उपभोग गर्न पाउँदैन। नागरिक समाजको त्यो समूह यदि माओवादीहरूको 'दबाब समूह'का रूपमा सडकमा आएको हो भने त्यो नागरिक समाजको अवधारणाको पतन मानिनुपर्छ। संविधानसभाको निर्वाचनमा अवश्य पनि आशंका छन्। तर, त्यो अवस्थासम्म पुग्न माओवादी र सरकारबीच कस्तो तारतम्य मिलाउने, त्यसको जिम्मेवारी लिनुको साटो आन्दोलनमा गएर सरकार र माओवादीलाई टाढा पुऱ्याउने मार्ग प्रशस्त त गरिरहेको छैन, यो समूहले?

यो सबै पक्षबाट रचनात्मक भूमिका खेलिनुपर्ने बेला त हो नै, संयम र विवेकबाट पनि संसद्, दलहरू, सरकार तथा माओवादी र नागरिक समाज संचालित हुनुपर्छ। 'आन्दोलन' एउटा बिन्दुपछि प्रत्युत्पादक मात्र हैन अराजकताको जननी पनि बन्न सक्छ। ■

'संविधानसभा' राजतन्त्रको पक्षमा उभिए मलाई त्यो मान्य हुनेछ' भन्ने सार्वजनिक वयानका साथ खुला राजनीतिको अभ्यासमा जुटेका प्रचण्ड किन पुनःस्थापित प्रतिनिधिसभाको निरीहताको फाइदा लिन चाहन्छन्? जनताको अधिकारलाई किन राजाको शैलीमा खोस्न चाहन्छन् प्रचण्ड? बन्दुक लिएकै अवस्थामा आएको यो अडानमा आग्रह र प्रजातान्त्रिक चरित्रभन्दा 'आतंक'कै राजनीतिको निरन्तरता देखिन्छ। राजसंस्थाको भविष्य बृहत् छलफल र संविधानसभा वा जनमत संग्रहबाट किनारा लगाइनुपर्ने विषय हो।